"सम्पन्न नार्पा भूमि, प्रशन्न नार्पा जाति"

# नार्पा भूमि गाउँपालिका मनाङको

## मध्यमकालीन खर्च संरचना

## Medium Term Expenditure Framework

आर्थिक वर्ष २०८१/८२ - २०८३/८४

# नार्पा भूमि गाउँपालिका

## मनाङ, गण्डकी प्रदेश

चैत्र, २०८०

| आर्थिक सहयोग | प्राविधिक सहयोग |
|---|---|
| नार्पा भूमि गाउँपालिका | हेड लाइट प्रा.लि. |
| च्याँखु, मनाङ, गण्डकी प्रदेश | काठमाडौं |

**अध्ययन समूह :**

| | |
|---|---|
| पुस्तक चन्द | टिम लिडर |
| डा. सर्ब राज खड्का | अर्थशास्त्री |
| ई. कपिल आचार्य | सिभिल इन्जिनियर |
| डा.शालिक राम धिताल | स्वास्थ्य प्रवर्द्धन विज्ञ |
| विकास ज्ञवाली | समाजशास्त्री |
| गणेश कुमार के.सी. | भाषा विज्ञ |
| सञ्जय श्रेष्ठ | तथ्याङ्क विश्लेषक |

नार्पा भूमि गाउँपालिका

# विषय सूची


**परिच्छेद - एक** १

**परिचय** १

१.१ पृष्ठभूमि ...... १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ...... १
१.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य ...... ३
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाको नीतिगत आधार ...... ३
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ...... ४

**परिच्छेद २** ६

**मध्यमकालीन खर्च संरचना** ६

२.१ पृष्ठभूमि ...... ६
२.२ सोच, उद्देश्य तथा रणनीति ...... ६
२.३. समग्र रणनीति तथा कार्यनीतिहरू ...... ७
२.४ मध्यमकालीन आर्थिक खाका ...... २०
२.५ मध्यमकालीन नतिजा खाका ...... २१
२.६ मध्यमकालीन बजेट खाका ...... २२
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड ...... २३

**परिच्छेद ३** २९

**आर्थिक क्षेत्र** २९

**३.१ कृषि ...... २९**
३.१.१ पृष्ठभूमि ...... २९
३.१.२ समस्या तथा चुनौती ...... २९
३.१.३ सोच ...... ३०
३.१.४ लक्ष्य ...... ३०
३.१.५ उद्देश्य ...... ३०
३.१.६ रणनीति ...... ३०
३.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३०
३.१.८ अपेक्षित उपलब्धी ...... ३१

**३.२ पशुपंछी ...... ३२**
३.२.१ पृष्ठभूमि ...... ३२
३.२.२ समस्या र चुनौती ...... ३२
३.२.३ सोच ...... ३२
३.२.४ लक्ष्य ...... ३२
३.२.५ उद्देश्य ...... ३२
३.२.६ रणनीति ...... ३३
३.२.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३३
३.२.८ अपेक्षित उपलब्धि ...... ३४

**३.३ सिँचाइ ...... ३४**
३.३.१ पृष्ठभूमि ...... ३४
३.३.२ समस्या तथा चुनौती ...... ३४
३.३.३ सोच ...... ३५
३.३.४ लक्ष्य ...... ३५
३.३.५ उद्देश्य ...... ३५
३.३.६ रणनीति ...... ३५
३.३.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... ३५
३.३.८ अपेक्षित उपलब्धी ...... ३५

**३.४ उद्योग तथा वाणिज्य ........ ३६**
३.४.१ पृष्ठिभूमि ........ ३६
३.४.२ समस्या र चुनौती ........ ३६
३.४.३ सोच ........ ३६
३.४.४ लक्ष्य ........ ३६
३.४.५ उद्देश्य ........ ३६
३.४.६ रणनीति ........ ३६
३.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३७
३.४.८ अपेक्षित उपलब्धि ........ ३८
**३.५ सार्वजनिक, निजी र सहकारी साझेदारी ........ ३८**
३.५.१ पृष्ठभूमि ........ ३८
३.५.२ समस्या र चुनौती ........ ३८
३.५.३ सोच ........ ३८
३.५.४ लक्ष्य ........ ३८
३.५.५ उद्देश्य ........ ३९
३.५.६ रणनीति तथा कार्यनीति ........ ३९
३.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३९
३.५.८ अपेक्षित उपलब्धि ........ ३९
**३.६ संस्कृति तथा पर्यटन ........ ४०**
३.६.१ पृष्ठभूमि ........ ४०
३.६.२ समस्या र चुनौती ........ ४०
३.६.३ सोच ........ ४०
३.६.४ लक्ष्य ........ ४०
३.६.५ उद्देश्य ........ ४०
३.६.६ रणनीति ........ ४१
३.६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४१
३.६.८ अपेक्षित उपलब्धी ........ ४२
**३.७ श्रम तथा रोजगारी ........ ४२**
३.७.१ पृष्ठभूमि ........ ४२
३.७.२ समस्या र चुनौती ........ ४२
३.७.३ सोच ........ ४३
३.७.४ लक्ष्य ........ ४३
३.७.५ उद्देश्य ........ ४३
३.७.६ रणनीति ........ ४३
३.७.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४३
**३.८ पूर्वानुमान तथा जोखिम पक्ष ........ ४४**
**परिच्छेद ४ ४६**
**सामाजिक क्षेत्र ४६**
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि ........ ४६**
४.१.१ पृष्ठभूमि ........ ४६
४.१.२ समस्या र चुनौती ........ ४६
४.१.३ सोच ........ ४७
४.१.४ लक्ष्य ........ ४७
४.१.५ उद्देश्य ........ ४७
४.१.६ रणनीति ........ ४७
४.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४७
४.१.८ अपेक्षित उपलब्धि ........ ४८

गाउँपालिका

**४.२ स्वास्थ्य तथा पोषण ........ ४९**
४.२.१ पृष्ठभूमि ........ ४९
४.२.२ समस्या र चुनौती ........ ५०
४.२.३ सोच ........ ५०
४.२.४ लक्ष्य ........ ५०
४.२.५ उद्देश्य ........ ५०
४.२.६ रणनीति ........ ५०
४.२.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५०
४.२.८ अपेक्षित उपलब्धि ........ ५१
**४.३ खानेपानी तथा सरसफाइ ........ ५२**
४.३.१ पृष्ठभूमि ........ ५२
४.३.२ समस्या र चुनौती ........ ५२
४.३.३ सोच ........ ५२
४.३.४ लक्ष्य ........ ५२
४.३.५ उद्देश्य ........ ५२
४.३.६ रणनीति ........ ५२
४.३.८ अपेक्षित उपलब्धि ........ ५३
**४.४ युवा तथा खेलकुद ........ ५३**
४.४.१ पृष्ठभूमि ........ ५३
४.४.२ समस्या र चुनौती ........ ५४
४.४.३ सोच ........ ५४
४.४.४ लक्ष्य ........ ५४
४.४.५ उद्देश्य ........ ५४
४.४.६ रणनीति ........ ५४
४.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५६
४.४.७ अपेक्षित उपलब्धि ........ ५५
**४.५ कला तथा संस्कृति ........ ५५**
४.५.१ पृष्ठभूमि ........ ५५
४.५.२ समस्या र चुनौती ........ ५६
४.५.३ सोच ........ ५६
४.५.४ लक्ष्य ........ ५६
४.५.५ उद्देश्य ........ ५६
४.५.६ रणनीति ........ ५६
४.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५६
४.५.८ अपेक्षित उपलब्धि ........ ५७
**४.६ लक्षित समूह विकास ........ ५७**
४.६.१ पृष्ठभूमि ........ ५७
४.६.२ समस्या र चुनौती ........ ५७
४.६.३ सोच ........ ५७
४.६.४ लक्ष्य ........ ५७
४.६.५ उद्देश्य ........ ५८
४.६.६ रणनीति ........ ५८
५.६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५८
४.६.८ अपेक्षित उपलब्धि ........ ५९
**४.७ पूर्वानुमान तथा जोखिम पक्ष ........ ५९**
**परिच्छेद ५ ६१**
**पूर्वाधार क्षेत्र ६१**

**५.१ सडक, ढल तथा पुल पुलेसा ............ ६१**
५.१.१ पृष्ठभूमि ............ ६१
५.१.२ समस्या र चुनौती ............ ६२
५.१.३ सोच ............ ६२
५.१.४ लक्ष्य ............ ६२
५.१.५ उद्देश्य ............ ६२
५.१.६ रणनीति ............ ६२
५.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ ६२
५.१.८ अपेक्षित उपलब्धि ............ ६३
**५.२ ऊर्जा र संचार ............ ६४**
५.२.१ पृष्ठभूमि ............ ६४
५.२.२ समस्या र चुनौती ............ ६४
५.२.३ सोच ............ ६४
५.२.४ लक्ष्य ............ ६४
५.२.५ उद्देश्य ............ ६४
५.२.६ रणनीति तथा कार्यनीति ............ ६४
५.२.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ............ ६५
५.२.८ अपेक्षित उपलब्धि ............ ६६
**५.३ भवन निर्माण, आवास तथा बस्ती विकास ............ ६६**
५.३.१ पृष्ठभूमि ............ ६६
५.३.२ समस्या र चुनौती ............ ६६
५.३.३ सोच ............ ६६
५.३.४ लक्ष्य ............ ६७
५.३.५ उद्देश्य ............ ६७
५.३.६ रणनीति तथा कार्यनीति ............ ६७
५.३.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ............ ६७
५.३.८ अपेक्षित उपलब्धि ............ ६७
**५.४ पूर्वानुमान तथा जोखिम पक्ष ............ ६८**
**परिच्छेद ६ ६९**
**वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र ६९**
**६.१ वन तथा वातावरण ............ ६९**
६.१.१ पृष्ठभूमि ............ ६९
६.१.२ समस्या र चुनौती ............ ६९
६.१.३ सोच ............ ७०
६.१.४ लक्ष्य ............ ७०
६.१.५ उद्देश्य ............ ७०
६.१.६ रणनीति तथा कार्यनीति ............ ७०
६.१.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ............ ७१
६.१.८ अपेक्षित उपलब्धि ............ ७१
**६.२ विपद् व्यवस्थाप ............ ७२**
६.२.१ पृष्ठभूमि ............ ७२
६.२.२ समस्या र चुनौती ............ ७२
६.२.३ सोच ............ ७२
६.२.४ लक्ष्य ............ ७२
६.२.५ उद्देश्य ............ ७२
६.२.६ रणनीति तथा कार्यनीति ............ ७३
६.२.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ............ ७३

गाउँपालिका

६.२.८ अपेक्षित उपलब्धि ........ ७४
**६.३ वातावरण संरक्षण र जलवायु परिवर्तन ........ ७४**
६.३.१ पृष्ठभूमि ........ ७४
६.३.२ प्रमुख समस्या तथा चुनौती ........ ७४
६.३.३ सोच ........ ७४
६.३.४ लक्ष्य ........ ७५
६.३.५ उद्देश्य ........ ७५
६.३.६ कार्यनीति तथा रणनीति ........ ७५
६.३.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ........ ७५
६.३.८ अपेक्षित उपलब्धि ........ ७६
**६.४ पूर्वानुमान तथा जोखिम पक्ष ........ ७७**
**परिच्छेद ७ ........ ७८**
**संस्थागत विकास तथा सुशासन ........ ७८**
**७.१ संस्थागत क्षमता विकास योजना ........ ७८**
७.१.१ पृष्ठभूमि ........ ७८
७.१.२ समस्या र चुनौती ........ ७८
७.१.३ सोच ........ ७९
७.१.४ लक्ष्य ........ ७९
७.१.५ उद्देश्य ........ ७९
७.१.६ कार्यनीति तथा रणनीति ........ ७९
७.१.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ........ ७९
७.१.८ अपेक्षित उपलब्धि ........ ८०
**७.२ मानव संसाधन विकास ........ ८०**
७.२.१ पृष्ठभूमि ........ ८०
७.२.२ समस्या र चुनौती ........ ८०
७.२.३ सोच ........ ८०
७.२.४ लक्ष्य ........ ८०
७.२.५ उद्देश्य ........ ८०
७.२.६ रणनीति ........ ८०
७.२.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ........ ८१
७.२.८ अपेक्षित उपलब्धि ........ ८१
**७.३ सुशासन ........ ८२**
७.३.१ पृष्ठभूमि ........ ८२
७.३.२ समस्या र चुनौती ........ ८२
७.३.३ सोच ........ ८२
७.३.४ लक्ष्य ........ ८२
७.३.५ उद्देश्य ........ ८२
७.३.६ रणनीति ........ ८२
७.३.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण ........ ८३
७.३.८ अपेक्षित उपलब्धि ........ ८३
**७.४ पूर्वानुमान तथा जोखिम पक्ष ........ ८३**
**परिच्छेद ८ ........ ८४**
**योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ........ ८४**
८.१ आर्थिक विकास ........ ८४
८.२ सामाजिक क्षेत्र ........ ८४
८.३ स्वास्थ्य ........ ८५
८.४ भौतिक पूर्वाधार ........ ८६

नगर भूमि गाउँपालिका

८.५ वन वातावरण तथा विपद् व्यवस्थापन ........................................................................ ८६
८.६ संस्थागत विकास तथा सुशासन ........................................................................ ८७
अनुसूची १ : कार्यक्रमगत त्रिवर्षीय खर्चको स्रोत प्रक्षेपण ........................................................ ८८
अनुसूची २ : त्रिवर्षीय बजेट सीमाको ढाँचा .................... **९ङ्कचचद्वच! ख्द्वद्वण□कचण थद्व□ घङ्गदृनथङ्गघ.**

नार्पा भूमि गाउँपालिका

# परिच्छेद - एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भएसँगै देशका राजनीतिक, प्रशासनिक र आर्थिक संरचना संघीयतामा प्रवेश गरेका छन् । संघीय सरकारका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पुरा गर्नका लागि तीनवटै तहका सरकारका बीचमा सहकार्य, सहअस्तित्व र समन्वय हुन आवश्यक छ । संघीय सरकारको पन्ध्रौ योजना र दिगो विकासका लक्ष्य तथा गण्डकी प्रदेश सरकारको प्रादेशिक आवधिक योजना र यी योजनाले लिएका लक्ष्य तथा नार्पा भूमि गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरू हासिल गर्न वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहको समृद्धि भनेको समग्र प्रदेश हुँदै मुलुककै समृद्धि भएकाले समग्र रूपमा देशको समृद्धिका लागि स्थानीय सरकार योजना निर्माण र कार्यान्वयनका क्षेत्रमा महत्वपूर्ण पक्ष मानिन्छ । आवधिक योजनाले दीर्घकालीन सोचलाई लक्ष्यमा पुऱ्याउन मार्ग निर्देश गरेको हुन्छ । आवधिक योजनाले निर्दिष्ट गरे अनुसार योजनाबद्ध रूपमा वार्षिक विकासका कार्यक्रमहरू तय गर्नुपर्दछ । वार्षिक कार्यक्रमहरूको तर्जुमा र सफल कार्यान्वयन पश्चात निर्दिष्ट लक्ष्य हासिल र उपलब्धी मापन गर्नु आवश्यक हुन्छ । आवधिक योजनाले तय गरेका विकास र समृद्धिका कार्यक्रमहरू समयमा नै सम्पन्न गर्नको लागि आर्थिक स्रोत, वित्त परिचालन र वित्तीय अनुशासनको आवश्यकता पर्दछ । यसरी आवधिक योजना र वार्षिक कार्यक्रमबीच तालमेल मिलाउने, प्रतिफल मापन गर्ने र आर्थिक अनुशासन कायम गर्ने सार्वजनिक खर्च व्यवस्थापनको उपयुक्त औजार नै मध्यमकालीन खर्च संरचना हो ।

कुशल वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरूको उच्चतम उपयोग, प्रभावकारी वितरण र खर्च गर्ने सामर्थ्य वृद्धि गर्नुका साथै वित्तीय जोखिमको पूर्वानुमान र न्यूनीकरणमा सघाउ पुऱ्याउदछ । बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउदै, दायित्वको पूर्वानुमान र आवश्यक स्रोतहरूको सुनिश्चितता एवं खोजीमा तत्परता प्रदान गर्दछ । सामान्यतः कुशल वित्त व्यवथापनको प्रयोगबाट गत वर्ष र चालू वर्षलाई आधार वर्ष मानी, आम्दानी र खर्चलाई अनुमानयोग्य बनाउदै चक्रीय रूपमा आगामी आर्थिक वर्षको वार्षिक बजेट र बाँकी दुई वर्षको बजेटको प्रक्षेपण नै मध्यमकालीन खर्च संरचना हो ।

नेपालमा आ.व. २०५९/६० अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुपूर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रूपमा लिनुपर्ने व्यवस्था अनिवार्य गरेको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना Medium Term Expenditure Framework (MTEF) सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वपूर्ण औजार हो । यसले सरकारको वार्षिक बजेटलाई आवधिक योजनासँग र बजेटलाई कार्य सम्पादनसँग जोड्ने गर्दछ यसर्थ मध्यमकालीन खर्च संरचना बजेट र आवधिक योजना बीचको सम्बन्ध सेतु पनि हो । उपलब्ध सीमित साधन स्रोतलाई राज्य सञ्चालन र विकासका विभिन्न क्षेत्रमा बाँडफाँट गर्ने तीन वर्षको चक्रीय खर्च संरचना हो । यो आम्दानी र खर्चको अग्रीम योजना हो । यस विधि अन्तर्गत खर्च, आम्दानी र खर्च तथा आम्दानीको तीन वर्ष प्रक्षेपण गरिन्छ । यो सरकारी खर्च व्यवस्थापन गर्न प्रयोग गरिने एउटा नयाँ अवधारणा पनि हो । सरकारले गर्ने सबै खर्चलाई एउटै थलोमा राखेर प्राथमिकताका आधारमा बाँडफाँड गरी खर्चको उपलब्धि बढाउनु यसको प्रमुख उद्देश्य हो । त्यसैगरी

सरकारी खर्चमा पारदर्शिता बढाउनु, खर्च गर्ने निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु तथा सरकारी खर्चमा वित्तीय अनुशासन कायम गराउनु यसका उद्देश्यहरू हुन् । सरकारी बजेटको वैज्ञानिक व्यवस्थापन, खर्च प्रणालीको पार्दिशता र न्यूतम लागतमा अधिकतम उपलब्धि प्राप्त गर्ने उद्देश्यका साथ मध्यमकालीन खर्च संरचनाको अवधारणा आएको हो ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रूपमा तयार गरिने योजना दस्तावेज हो । यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यस पछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो पक्रिया वार्षिक रूपमा गरिरहनु पर्दछ । मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

मध्यमकालीन खर्च संरचना आवधिक योजनाले तय गरेका सोच र लक्ष्य प्राप्तिका लागि तर्जुमा भएको योजना कार्यक्रम हो । वार्षिक वित्त नीति मार्फत सम्बोधन गर्ने क्रममा ल्याइएको बजेटलाई जोड्ने सेतुका काम गर्दछ । यो नीतिगत परिवर्तन एवम् खर्चको पुनर्वितरणलाई निर्देशित गर्न उपयोगी मानिन्छ । योजनाको मध्यमकालीन गन्तव्यको दिशानिर्देश गर्न राष्ट्रिय, क्षेत्रगत एवम् मन्त्रालयगत विभागीय तहमा स्रोतको सुनिश्चितता गर्ने माध्यम हो । यसले सरकारसँग उपलब्ध सीमित स्रोत साधनको अनुमान गरी त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रका माध्यमबाट बजेट बाँडफाँडको रूपरेखा तयार गर्दछ । साथै बजेट निर्माण तथा विनियोजन गर्ने परम्परागत प्रणालीका कमजोरीलाई न्यूनीकरण गरी सीमित स्रोतलाई नीतिगत प्राथमिकताको आधारमा अधिकतम उपलब्धि हासिल हुने गरी बाँडफाँट गर्न प्रोत्साहित गर्दछ । नेपालमा मध्यकालीन खर्च संरचनाको प्रयोग आ.व. २०५९/६० देखि हुन थालेको हो ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण साधन हो । यसले राज्यको सीमित स्रोत-साधनको वस्तुपरक अनुमान गरी आवश्यक योजनाको प्राथमिकताको क्षेत्र निर्धारण गर्दछ, साथै पाँच वर्षे योजनाका उपलब्धि प्राप्तिका लागि मध्यम अवधिको योजना तयार गरी लागतको निर्धारण गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरू समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework ( MTFF) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोतको समेत अनुमान गरी विषय क्षेत्रगत प्राथमिकताका आधारमा सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework (MTB) तयार गरिन्छ । यस दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यस पछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको अनुमान गर्नुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपालको संविधान २०७२ जारी भएसँगै सहअस्तित्व, सहकार्य र समन्वयनका आधारमा सञ्चालन हुने गरी संघीय संरचनामा तीन तहका सरकार क्रियाशील रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ जारी पश्चात कार्यकारी र विधायकी अधिकारसहित स्थानीय सरकारको रूपमा रहेको नार्पा भूमि गाउँपालिकाले प्रथम आवधिक योजना ( २०८१/०८२ - २०८५/८६) तयार गरेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा मापदण्ड तथा कार्यविधि बनाइ अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने प्रावधान अनुसार

आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यविधि निर्माण गरी सोही अनुसार मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यसले दीर्घकालीन सोचलाई वास्तविकतामा रूपान्तरण गरी आगामी ३ वर्षमा गाउँपालिका भित्र के कस्ता विकास आयोजनाहरु सम्पन्न गर्ने भनी लक्ष्य निर्धारण र प्राप्तिका लागि श्रोत परिचालनको योजना तर्जुमा गरिएको छ। गाउँपालिकाको नतिजामुखी तथा समग्र विकासमा यो योजना महत्वपूर्ण मार्गदर्शक हुने विश्वास लिइएको छ।

नेपालको संविधानको सफल कार्यान्यनका लागि नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को सोचलाई साकार पार्न सबै तहका सरकारहरूको योजना चक्र बनाइ प्रभावकारी रूपमा लागू गर्न जरूरी छ। तसर्थ संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रको प्राकृतिक तथा आर्थिक स्रोत संकलन तथा परिचालनका लागि जिम्मेवार बनाएको छ। यिनै जिम्मेवारीलाई पुरा गर्न स्थानीय तहले आ-आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवधिक योजना बनाएर त्यसका आधरमा मध्यमकालीन खर्च संरचना बनाइ कार्यान्वयन गर्न आवश्यक रहेको छ। जनताको जीवनस्तरमा सुधार ल्याउन गाउँपालिका भित्रका विकासका संभावनाहरूको आधार तयार गरी नेपाल सरकारले जोड दिएको दिगो विकास लक्ष्यको स्थानीयकरणलाई समेत आधार मानी विकासमा लगानीको अभिवृद्धि गर्नका लागि आगामी ५ वर्ष भित्र सामाजिक न्याय सहितको शिक्षित, स्वस्थ तथा समृद्ध र विभेदरहित समाजको निर्माण गर्न तथा उच्च आर्थिक वृद्धि गर्दै गाउँबासीको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ। यसका आधारमा नेपालको संविधान, संघ तथा प्रदेश सरकारका दीर्घकालीन सोचलाई आत्मसात गर्दै जनताको आवश्यकता, गाउँपालिकाको क्षमता तथा स्थानीय यथार्थताका आधारमा गाउँपालिका भित्रका जनताका आधारभूत र बदलिँदो परिवेशका आवश्यकताहरू पुरा गर्नुपर्ने आवश्यकता छ।

## १.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

नार्पा भूमि गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीतिगत व्यवस्था, आवधिक योजनाका सोच, लक्ष्य तथा उद्देश्य, पालिकाको वार्षिक बजेट तथा नीति कार्यक्रमबीच एकाकार ल्याई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु रहेको छ। मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :-

(१) नार्पा भूमि गाउँपालिकाको आवधिक योजना र वार्षिक विकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु,

(२) आयोजनाहरूको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई स्रोतको सुनिश्चितता गर्नु,

(३) नार्पा भूमि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

४) बजेट अनुमानलाई वास्तविक र यथार्थपरक बनाई सार्वजनिक खर्चलाई अझ प्रभावकारी र कुशलताका साथ लक्षित प्रतिफल सुनिश्चित गर्नु र

५) नार्पा भूमि गाउँपालिकाको आवधिक योजना अनुरूप मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र मध्यमकालीन खर्च संरचना अनुरूप वार्षिक विकास कार्यक्रम तर्जुमा गरी आवधिक योजनाका लक्ष्य र उद्देश्य हासिल गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाको नीतिगत आधार

सार्वजनिक स्रोतको प्रयोग तथा परिचालन गर्दा संवैधानिक मान्यता त्यस अनुरूपका ऐन, नीति, नियम, कानुन, योजना, कार्यक्रम, मार्गचित्र, राजनीतिक प्रतिवद्धता, गुरुयोजना आदिलाई आधार मानी मध्यमकालीन खर्च संरचना निर्माण गरिन्छ। यसका लागि नार्पा भूमि गाउँपालिकाले तपसिलमा उल्लेख भए बमोजिमका नीतिगत व्यवस्थालाई आधारका रूपमा लिएको छ।

- नेपालको संविधान २०७२

- स्थानीय सरकार संचालन ऐन, २०७४
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७५/७६-२०८०/८१)
- गण्डकी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१)
- नेपाल सरकार र गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८०/८१)
- गाउँपालिकाको आवधिक योजना (२०८१/८२-२०८५/८६)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- गाउँपालिकाको स्थिति पत्र (प्रोफाईल) आदि ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

स्थानीय तहको मध्यमकालीन खर्च संरचना प्रतिवेदन तयार गर्ने क्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र दफा १७, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधार मानी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ :

**प्रक्रिया १: तयारी चरण**

मध्यमकालीन खर्च संरचना तयारीका लागि गठित प्राविधिक टोलीलाई मध्यमकालीन खर्च संरचनाको अवधारणा, यसको आवश्यकता र महत्व, तयारी पक्रिया र उपयोग गरिने औजारहरुको बारेमा अभिमुखीकरण कार्यक्रम संचालन गरी जिम्मेवारी तोकेर परिचालन गरियो ।

**प्रक्रिया २: सन्दर्भ सामग्री संकलन तथा अध्ययन**

मध्यमकालीन खर्च संरचनाको तयारीका लागि गठित प्राविधिक टोलीले यो प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, आवधिक योजनाहरु, विषय क्षेत्रगत नीति तथा योजनाहरुरु, कानुनी दिग्दर्शन लगायतका दस्तावेजहरुको संकलन गरी अध्ययन गरेर मध्यमकालीन खर्च संरचना प्रतिवेदन तयार गरिएको थियो ।

**प्रक्रिया ३: योजना तर्जुमा कार्यक्रम**

मध्यमकालीन खर्च संरचनाको तयारीका लागि गठित प्राविधिक टोलीले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा तथा शाखाका प्रमुखहरुसँग प्रारम्भिक बैठक बसी योजना तर्जुमाको विधि यसमा प्रयोग गरिने औजार र कार्ययोजनाका बारेमा छलफल गरियो । बैठकबाट प्राप्त सल्लाह, सुझाव र पृष्ठपोषणलाई आधार सामग्रीका रूपमा लिइयो ।

**प्रक्रिया ४: अभिमुखीकरण कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको तयारीका लागि गठित प्राविधिक टोली र गाउँपालिकाको विषयगत शाखाका कर्मचारीहरुका बीचमा मध्यमकालीन खर्च तर्जुमाका सम्बन्धमा समान बुझाइ र साझा धारणा बनाउन एक दिने अभिमुखीकरण कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । यस कार्यक्रममा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको समेत जिम्मेवारी र भूमिका स्पष्ट पारिएको थियो ।

नार्पा भूमि गाउँपालिका

**प्रक्रिया ५: विषयगत समितिसँग छलफल**

प्रथम आवधिक योजना, पालिका सरकारको नीति तथा कार्यक्रम र वार्षिक योजनाले तय गरेका लक्ष्यहरु प्राप्त गर्नका लागि मध्यमकालीन खर्च संरचनामा समेट्नुपर्ने योजना तथा कार्यक्रम र वस्तुनिष्ठ बजेट निर्धारणका लागि विषयगत समिति तथा विभिन्न शाखाका प्रमुखसँग छलफल गरिएको थियो । छलफलका क्रममा चालु आयोजना, दीर्घकालीन योजना र कार्यक्रम तिनका उद्देश्य तथा अनुमानित बजेटका बारेमा छलफल गरिएको थियो ।

**प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण**

अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड (संघ र प्रदेश) सरकारबाट प्राप्त हुने र अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको स्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक स्रोतबाट उपलब्ध हुने रकमलाई समेत आधार मानी तीन आर्थिक वर्षको स्रोत अनुमान तथा प्रक्षेपण गरिएको थियो । विगत आर्थिक वर्षका खर्चका क्षेत्र, पालिकाका गौरवका आयोजना, संस्थागत व्यवस्थापन आदिलाई आधारमानी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको थियो । स्रोत तथा खर्च प्रक्षेपणका आधारमा गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र/उपक्षेत्रगत खर्चको आवश्यकताको आधारमा कुल खर्च आवश्यकताको अनुमान तथा प्रक्षेपण गरी आगामी तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रको बजेट सीमा निर्धारण गरिएको थियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत समिति, महा शाखा तथा शाखामा क्षेत्रगत रूपमा खर्च गर्ने गरी मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइएको थियो ।

**प्रक्रिया ७: विषय क्षेत्रगत योजना तर्जुमा**

आवधिक योजनाले तय गरेका सोच, लक्ष्य, उद्देश्य र कार्यक्रम पुरा गर्नका लागि विषयगत समिति तथा शाखासँग छलफल र बैठक गरिएको थियो । विषयगत महाशाखा/शाखा/एकाइका प्रमुख तथा कर्मचारी र विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक विषयगत क्षेत्र र उप-क्षेत्रका लागि आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षका लागि स्रोतको सुनिश्चितता गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक समानता तथा जलवायु परिवर्तनको प्रभाव आदिका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको निर्धारण गरिएको थियो ।

**प्रक्रिया ८: मस्यौदा दस्तावेजको तयारी**

मध्यमकालीन खर्च संरचना तयारीका लागि तोकिएको कार्यशर्त, प्रचलित ऐन, कानुन र दिग्दर्शनका आधारमा उपलब्ध बजेटको सीमाभित्र रहि विषयगत महाशाखा/शाखा/एकाइ सँगको छलफलबाट प्राप्त सल्लाह, सुझावलाई आधार मानी विषयगत क्षेत्र तथा उप-क्षेत्रलाई समेटी मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो ।

**प्रक्रिया ९: मस्यौदा दस्तावेजको प्रस्तुतीकरण**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को ढाँचामा तयार गरिएको मध्यमकालीन खर्च संरचना प्रतिवेदनको मस्यौदालाई गाउँकार्यपालिका समक्ष प्रस्तुत गरिएको थियो ।

**प्रक्रिया १०: स्वकृति**

मध्यमकालीन खर्च संरचना तर्जुमा तयारीका सम्पूर्ण चरण र कानुनी प्रावधान अनुसार तयार पारिएको बजेट तथा कार्यक्रमसहितको समिष्टिगत प्रतिवेदन बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश भई मध्यमकालीन खर्च संरचना प्रतिवेदन गाउँ कार्यपालिकाले स्वीकृत गरी अनुमोदनका लागि गाउँ सभामा पेश गरी अनुमोदन गरिएको थियो ।

# परिच्छेद २
# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं आवधिक योजनादेखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत, साधनको वस्तुगत विनियोजन गर्ने पद्धतिको सुरुआत भएको थियो। स्थानीय तहको सामाजिक आर्थिक लगायत समग्र विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि स्रोत साधनको विनियोजनमा वस्तुनिष्ठता र कुशलता, कार्यान्वयन क्षमता तथा वित्तीय अनुशास जस्ता पक्ष उत्तिकै प्रभावकारी हुनु पर्दछ। यी तीनवटै पक्षहरूमा सुधार गर्ने उपाय तथा औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई लिन सकिन्छ। स्थानीय तहको हकमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद छ (सार्वजनिक खर्च व्यवस्था), दफा १७ अनुसार तयार गर्नु पर्दछ। स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्दछ। यसैलाई आधार मानी प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ।

नेपालको संविधानको प्रभावकारी कार्यान्वयन र परिवर्तनप्रति जनताका तीव्र आकांक्षालाई सम्बोधन गर्ने अभिप्राय स्वरूप तीनै तहमा सम्पन्न भएको दोस्रो आवधिक निर्वाचन पश्चात संघ, प्रदेश र स्थानीय तहका सरकारले सेवा प्रवाह गरीरहेका छन्। संविधानले परिकल्पना गरे बमोजिमको अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन गर्दै पहिलो आवधिक योजनासँग सामन्जस्य हुनेगरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०८१/८२–२०८३/८४) तर्जुमा गरिएको छ। प्रस्तुत दस्तावेज तयार गर्दा नार्पा भूमि गाउँपालिकाको पहिलो आवधिक योजना (२०८१/८२–२०८५/८६) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकतायुक्त नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्ग चित्रलाई मुख्य आधारका रूपमा लिइएको छ। साथै, नार्पा भूमि गाउँकार्यपालिकाबाट मिति २०८१/०१/...... मा स्वीकृत आगामी आर्थिक वर्षको स्रोतको आँकलन तथा विकास कार्यक्रमको बाँडफाँटको आधार बमोजिम प्रदेश सरकार तथा संघ सरकारबाट प्राप्त हुने कार्यक्रम र बजेटलाई समेत यस दस्तावेजमा समेटिएको छ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

नार्पा भूमि गाउँपालिकाको दीर्घकालीन सोच सहितको पहिलो गाउँपालिकाको आवधिक योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र कार्यनीतिहरू प्रस्तुत गरी मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ।

**सोच**

**"सम्पन्न नार्पा भूमि, प्रसन्न नर्पा जाति"**

**दीर्घकालीन लक्ष्य**

- आर्थिक, भौतिक, सामाजिक, वनवातावरण तथा समग्र पक्षको विकास गरी सम्पन्न नार्पा भूमि, प्रशन्न नार्पा जातिको गन्तव्यमा पुग्न उत्पादन र रोजगारीलाई प्राथमिकतामा राखी सहर उन्मुख पूर्वाधार तयार गर्ने।

**उद्देश्य**

उल्लेखित दीर्घकालीन सोंच र लक्ष्यलाई मध्यनजर राखी नार्पा भूमि गाउँपालिकाको आवधिक योजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

**उद्देश्य १:** गाउँपालिकामा विद्यमान जमिन, जङ्गल, जल, जडिवुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्ने,

**उद्देश्य २:** गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास तथा सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्बर्द्धन गर्दै मौलिकतामा आधारित नार्पा भूमि गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने,

**उद्देश्य ३:** गाउँपालिका क्षेत्रमा सर्वसुलभ, आधुनिक र अन्तर पालिका, अन्तर जिल्ला तथा अन्तर प्रदेशसँग जोड्ने प्रविधि र वातावरण मैत्री आधुनिक भौतिक पूर्वाधारहरूको विकासका माध्यमबाट जनताको आर्थिक, सामाजिक क्रियाकलापहरूमा सहज पहुँच सुनिश्चित गर्ने,

**उद्देश्य ४:** गाउँपालिकाको प्राकृतिक तथा सांस्कृतिक, वातावरणीय धरोहरहरूको संरक्षण तथा संवर्द्धन गर्दै हरियाली, जैविक विविधता, जमिन र जलस्रोतको समुचित व्यवस्थापन, वातावरण मैत्री विकास तथा जलवायु परिवर्तन र विपद् उत्थानशीलताका साथै प्राकृतिक एवं सामाजिक जोखिमहरूबाट उत्पन्न विपद्हरूको समुचित व्यवस्थापन गर्ने ।

**उद्देश्य ५:** स्थानीय जनताले प्राप्त गर्ने सार्वजनिक सेवा प्रवाह तथा अवसर सहज, गुणस्तरीय, प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गरी संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, जवाफदेही, न्यायपूर्ण र परिणाममुखी बनाउने ।

## २.३. समग्र रणनीति तथा कार्यनीतिहरू

| **उद्देश्य १: सँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू**<br>**उद्देश्य १:** गाउँपालिकामा विद्यमान जमिन, जङ्गल, जल, जडिबुटी तथा खनिजको समुचित उपयोगको वातावरण निर्माण गर्दै कृषि तथा पशुपालन, पर्यटन, ऊर्जा, उद्योग र व्यवसायको क्षेत्रगत विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्ने, | |
|---|---|
| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
| • स्थानीय आर्थिक विकासका क्षेत्रको सम्भावना र अवसरको पहिचान गर्ने | • स्थानीय स्रोतको पहिचान र उपयोगको लागि विस्तृत स्रोत सर्भेक्षण र नक्साङ्कन गर्ने,<br>• विषयगत रूपमा कृषि, पशुपालन, पर्यटन, जलश्रोत आदिका सम्भावनाहरूको पहिचान गरी सदुपयोग गर्न अनुसन्धान गर्ने,<br>• खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटोको प्रकार र हावापानी अनुसार पकेट क्षेत्र पहिचान तथा निर्धारण गर्ने,<br>• निरपेक्ष गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गर्ने,<br>• कृषि तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापनका लागि प्रविधि मैत्री प्रणाली ( Agriculture App) को निर्माण गर्ने,<br>• सम्भावित ऊर्जाका स्रोतहरूको पहिचानका लागि सम्भाव्यता अध्ययन गर्ने । |
| • कृषि तथा पशु क्षेत्रको प्रविधीकरण, व्यावसायिकीकरण र आधुनिकीकरण गर्ने | • व्यावसायिक कृषि, पशु फर्म र कृषक समूह दर्ता तथा नियमनका लागि व्यावहारिक र कृषि मैत्री नीतिगत व्यवस्था गर्ने,<br>• कृषि तथा पशु व्यवसायलाई निर्वाहमुखीबाट कृषि उद्यमको रूपमा विकास ( Agriculture and Livestock as Enterprise) गर्नका लागि लक्षित कृषकहरूलाई व्यावसायिक तालिमका कार्यक्रम संचालन गर्ने,<br>• नार्पा भूमि गाउँवासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि हाम्रा लागि हाम्रै उत्पादन अभियान संचालन गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन खाद्यान्न, फलफूल तथा तरकारीजन्य उपजको उत्पादनका लागि प्रबर्द्धनात्मक कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | • पशुजन्य उत्पादन दुध, दही, घ्यू, पनिर, चिज, खुवा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागि चौरी गाई, स्थानीय गाई, भेंडा च्याङ्ग्रा जस्ता पशुजन्य उत्पादन कार्यक्रम संचालन गर्ने,<br>• तरकारी तथा तरकारीजन्य बीउ उत्पादनलाई प्याकेजिङ, लेवलिङ् र ब्रान्डिङ् गरी भरपर्दो बजारीकरणको सुनिश्चितता गर्ने,<br>• कृषि तथा पशु विकासका लागि पकेट क्षेत्रहरू निर्धारण गर्ने र गाउँपालिकाबाट सम्बद्ध पकेट क्षेत्रहरूमा आवश्यक प्रविधि र प्राविधिक सेवा पालिकाबाट उपलब्ध गराउने र कृषकको वित्तीय क्षेत्रमा पहुँच विस्तारका लागि सहजीकरण गर्ने,<br>• कृषि तथा पशु पकेट क्षेत्रहरूको विकास गरी आधुनिक व्यावसायिक खेती र पशु व्यवसाय सञ्चालन गर्नका लागि गाउँपालिकाले उद्यमशील किसानहरूलाई प्रोत्साहन गरी प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने,<br>• प्रत्येक वडामा कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा र सुबिधा उपलब्ध गराउने,<br>• कृषि तथा पशु उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्नका लागि तालिम, लागत सहभागिता, बीउ पूँजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,<br>• तरकारी तथा तरकारीजन्य बीउ उत्पादनका लागि कृषकहरूलाई प्राविधिक तथा आर्थिक सहयोग गरी उत्पादन बढाउने,<br>• कृषि तथा पशु क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुँजी र पूर्वाधारमा सहयोग गर्ने, किसान तथा व्यावसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,<br>• प्राङ्गारिक कृषि क्षेत्रको वर्गीकरण र नमुना कृषि गाउँको पहिचान गरी एकल तथा सामुहिक प्राङ्गारिक खेती प्रणालीको विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषि क्षेत्रको विकास र विस्तार गर्दै प्राङ्गारिक कृषि प्रणालीको विकास गर्ने,<br>• कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुजी र पूर्वाधारमा सहयोग गर्ने,<br>• गाउँपालिकाभित्रको बेरोजगारी समस्याको न्यूनीकरण गर्न गाउँपालिकाले कृषि तथा पशुपालनमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी १० युवाहरूलाई विभिन्न किसिमका उद्यम संचालन गराउने,<br>• किसानका उत्पादनहरूलाई गाउँपालिकाका मुख्य उत्पादन क्षेत्रदेखि नजिकका ठूला बजार चामे, पोखरा, बेसीसहर, मुग्लिन, नारायणगढ, काठमाडौं जस्ता सहरहरूसँग जोड्नका लागि आपूर्ति संजाल निर्माण गर्ने,<br>• समान उद्देश्य भएका सहकारीहरूलाई समायोजन गरी पुजी र सीपलाई एकीकृत रूपमा परिचालन गर्ने,<br>• पशुहरूको गोठ/खोर सुधार र मूत्र संकलन तथा प्राङ्गारिक मल जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने,<br>• पालिकाकाको उपल्लो स्थानहरूमा व्यावसायिक मासुजन्य पशुवस्तु तथा जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरी फर्महरू स्थापना गर्ने,<br>• खाद्यजन्य वस्तुको उत्पादनमा वृद्धि गर्न प्राविधिक सहयोग तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने, |

| | |
|---|---|
| | ● पालिकाका विभिन्न ठाउँमा फलफूलका प्रकृति अनुरूपको स्थान छनोट गरी स्याउ, ओखर आदि फलफूलको व्यावसायिक खेती प्रबर्द्धन गर्नका लागि विरुवा, मल, औषधिजन्य विषादीमा अनुदान तथा प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने,<br>● गाउँपालिकाभित्रका मसलाजन्य उत्पादन क्षेत्रहरूको पहिचान गरी बेसार, भोटे जम्मु, लसुन, प्याज, टिमुर जस्ता खेतीको प्रबर्द्धनका लागि प्राविधिक सेवा र बजारको सुनिश्चितता गर्ने,<br>● गाउँपालिकाभित्रका आर्थिक रूपमा विपन्न र पर्याप्त जमिन नभएका परिवारहरूको पहिचान गरी पथ प्रदर्शक तालिम संचालन गरी युवाहरुको स्वरोजगारीको सुनिश्चित गर्ने,<br>● ग्रामीण श्रमको उपयोग वृद्धि गरी कृषि तथा पशु सेवा कार्यकर्ता तयारी र परिचालन गर्ने,<br>● कृषि तथा पशु बिमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम न्यूनीकरण गर्ने,<br>● कृषि उपजजन्य वस्तुको दिगो सुरक्षा र भण्डारणका लागि शीतगृह निर्माण गर्ने,<br>● कृषिको व्यावसायीकरणलाई मद्दत पुग्ने गरी विभिन्न विकल्पबाट सिंचाइ सुविधा वृद्धि गरी हाल सिंचाइ सुविधा भएको जमिनको प्रतिशत बढाउने,<br>● उत्पादित वस्तुको बजारीकरणका लागि त्यस स्थानबाट बजारसम्मको सहज पहुँचका लागि ग्रामीण कृषि सडकको निर्माण गर्ने, |
| ● पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने | ● पर्यटन क्षेत्रको विकासका लागि नार्पा भूमि गाउँपालिकाले पर्यटन गुरु योजना निर्माण गर्ने,<br>● पर्यटन क्षेत्रको विकासका लागि नार्पा भूमि गाउँपालिकाले निर्माण गरेको पर्यटन गुरूयोजनाले औंल्याएका विद्यमान सामाजिक तथा सांस्कृतिक सम्पदाहरूको अधिकतम् उपयोग गर्ने,<br>● पर्यटन गुरूयोजनाले पहिचान गरेका पर्यटकीय स्थलहरूको ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक, जलसम्पदा, पर्यावरणीय सुन्दरता र प्राचीन संस्कृति तथा सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने,<br>● प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्साङ्कन गरी प्रमुख उच्च पहाडी तथा हिमाली चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण तथा होमस्टेको व्यवस्था सहित नार्पा भूमिका मुख्य बस्ती नार र फु लाई नमुना पर्यटकीय गाउँको रूपमा विकास गर्ने,<br>● पर्यटन क्षेत्रको विकास, विस्तारका लागि दीर्घकालीन गुरुयोजनाका आधारमा निजी क्षेत्रसँग सहकार्य गर्ने,<br>● पर्यटन गुरुयोजनाले पहिचान गरेका सम्भावित दातृ निकायहरूसँग सर्म्पक, समन्वय गरी आर्थिक स्रोतको सुनिश्चित गर्ने । |
| ● स्थानीय स्रोतसाधनमा आधारित उद्योग तथा व्यवसायको विकास र विस्तार गर्ने | ● गाउँपालिकाभित्र उद्योग ग्राम स्थापना गरी स्थानीय स्रोतमा आधारित उद्योगहरू सञ्चालन गर्ने,<br>● स्थानीय औद्योगिक उत्पादनहरू स्थानीय तथा बाह्य बजार प्रबर्द्धन गर्न संकलन केन्द्रहरूको स्थापना गर्ने, |

| | |
|---|---|
| | • गाउँपालिकाभित्र छरिएर रहेका स्थानीय स्रोतसाधनहरूको पहिचान गरी उद्योग तथा व्यवसाय स्थापनाका लागि भौतिक तथा संस्थागत संरचनाको निर्माण गर्ने,<br>• सरकारी, निजी र सहकारीको सयुक्त साझेदारीमा स्याउ, जिम्बु, प्याज, आलु लगाएतका फलफूल तथा मसलाजन्य वस्तुको प्रशोधन उद्योगहरूको स्थापना गर्ने,<br>• बेरोजगार जनशक्तिलाई स्थानीय, प्रादेशिक तथा राष्ट्रिय बजारको मागमा आधारित सीप विकास गराइ स्वरोजगार बनाउने,<br>• स्थानीय स्तरमा रहेका साना तथा घरेलु उद्योगको व्यावसायिक संचालन गरी आधारभूत आवश्यकताका लागि विदेश जाने वातावरणको न्यूनीकरण गर्ने, |
| • सार्वजनिक, निजी र सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने | • कृषि, पर्यटन र ऊर्जा जस्ता क्षेत्रहरूको विकासका लागि कम्पनी मोडेलमा सार्वजनिक, निजी र सहकारीको संयुक्त लगानीमा साना तथा मझौला उद्योगहरूको स्थापना गर्ने, |
| • श्रम तथा रोजगारी र मानव संसाधन विकास गर्ने | • नार्पा भूमि गाउँपालिकाको समृद्धिका लागि मानव पुजीलाई दक्ष बनाउनका लागि सरकारी सेवा प्रवेशका कक्षाहरू, छोटो तथा लामो अवधिका व्यावसायिक तालिमहरू, स्थानीय आवश्यकतामा आधारित रोजगार कार्यक्रमहरू, व्यावसायिक काउन्सिलिङ कक्षाहरू आदि संचालन गर्ने,<br>• बजार तथा रोजगारदाताको माग र बेरोजगार जनशक्तिको आपसी तादाम्यता मिलाउनका लागि समुदायमा छरिएर रहेका श्रम, सीप, प्रविधि र पुजीलाई गाउँपालिकाले प्रविधिमा आधारित सूचीकृत गरी एकआपसमा सामाञ्जस्यता कायम गरिदिने,<br>• उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरू वृद्धि गर्ने, |
| • प्राकृतिक स्रोतहरू जल, जमिन, जंगल, जडिबुटी, खनिजको समुचित उपयोग गर्ने | • स्थानीय स्तरमा उपलब्ध जलस्रोतको सिंचाइ, जलविद्युत् र पर्यावरण सन्तुलनमा उपयोग गर्ने,<br>• प्राकृतिक रूपमा संरचित वनजंगलको वैज्ञानिक सदुपयोग गरी जडिबुटी र खनिजजन्य उत्पादनको सदुपयोग गरी आर्यआर्जनमा वृद्धि गर्ने,<br>• गाउँपालिका भित्र रहेका बहुमूल्य खनिज तथा जडिबुटीको पहिचान गरी व्यापार प्रबर्द्धनका लागि प्रचार प्रसार गर्ने, |

**उद्देश्य २: सँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू**

**उद्देश्य २:** गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार र सामाजिक सुरक्षा जस्ता आधारभूत सेवाहरू समावेशी र समन्यायिक प्राप्तिका लागि उपयुक्त वातावरण निर्माण गरी असहाय, विपन्न, सीमान्तकृत वर्ग तथा समुदायहरूको सामाजिक विकास तथा सशक्तीकरण गर्ने र गाउँपालिका भित्रका भाषा, कला, संस्कृति एवं ऐतिहासिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा सम्बर्द्धन गर्दै मौलिकतामा आधारित नार्पा भूमि गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने ।

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| • सामाजिक सुसम्पन्नता कायम गर्ने, | • गाउँपालिकाको मानव विकास सूचकाङ्क राष्ट्रिय सूचकाङ्कको हाराहारीमा पुऱ्याउने,<br>• गाउँबासीको आर्थिक र सामाजिक पक्षलाई सबलीकरण गर्दै सुसम्पन्नताको विकासलाई सँगसँगै लग्ने,<br>• गाउँबासीको सुसम्पन्ताका लागि आर्थिक क्षेत्रको विकास, सांस्कृतिक सचेतनाको जागरण, चेतनाको अभिवृद्धि, शिक्षा, स्वास्थ्य, आवास, खानेपानी, आयआर्जन जस्ता |

| | |
|---|---|
| | आधारभूत क्षेत्रहरूको ग्यारेण्टी गरी नागरिकलाई नार्पा भूमि बासी हुनुमा स्वाभिमान र आत्मगौरवको अनुभूति गराउने । |
| ● शिक्षा गुणस्तरीय र पहुँचयोग्य बनाउने, | ● विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालयहरूको आधुनिक भौतिक पूर्वाधार, सुविधायुक्त डेस्कबेञ्च, स्मार्ट बोर्ड, विषयगत प्रयोगशालाहरू निर्माण, दक्ष शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीहरूको उपलब्धता मूल्याङ्कन प्रकृयामा सुधार गर्ने र गाउँपालिकाबाट निरन्तर अनुगमन गर्ने,<br>● आधारभूत र माध्यमिक शिक्षामा सुधार गरी प्रत्येक वडामा कम्तिमा १ वटा आवासीय नमूना विद्यालय सञ्चालन गर्ने,<br>● निरक्षरता उन्मूलन गर्न साक्षरता कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने,<br>● शैक्षिक क्षेत्रको गुणस्तर सुधारका लागि स्थानीय जनता, गैरसरकारी संस्था र शिक्षा प्रेमीहरूसँग सहकार्य गर्ने,<br>● दिगो विकास लक्ष्य अनुसारको शतप्रतिशत साक्षरता वृद्धि गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षा कार्यक्रममा समाहित गर्ने, विद्यालय शिक्षाको उमेर पार गरेका व्यक्तिलाई व्यावसायिक सीपसहितको अनौपचारिक कक्षाहरू संचालन गर्ने,<br>● साक्षरता दरको वृद्धि, शैक्षिक गुणस्तरमा सुधार तथा पहुँचमा वृद्धि गर्नका लागि सार्वजनिक विद्यालय प्रतिको दृष्टिकोण र व्यवहारमा परिवर्तन गरी जिम्मेवार अभिभावक बनाउनका लागि समुदाय परिचालनका कार्यक्रमहरू संचालन गर्ने । |
| ● उच्च तथा प्राविधिक शिक्षाको अवसरहरू अभिवृद्धि गर्ने, | ● बहुउद्देश्यीय प्राविधिक शिक्षालयको स्थापना गरी विभिन्न कारणले साधारण विद्यालय छोडेका वेरोजगार किशोर किशोरीहरूलाई जीवन उपयोगी सीपयुक्त मानव पुजीमा रूपान्तरण गर्ने,<br>● शिक्षण क्षेत्रमा कार्यरत शिक्षकलाई पेशागत वृत्ति विकासका लागि अल्पकालीन तथा दीर्घकालीन प्राज्ञिक अध्ययन, भ्रमण र तालिमको व्यवस्था गर्ने, |
| ● स्वस्थ गाउँपालिका निर्माण गर्ने | ● गाउँपालिकामा संचालित स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारलाई स्तरोनति गरी आधुनिक प्रविधि मैत्री बनाउने,<br>● नेपाल सरकारको मापदण्ड अनुसारको दरबन्दी नभएका स्थानमा यथाशीघ्र दरबन्दी बमोजिमका स्वास्थ्य कर्मीको व्यवस्था गर्ने,<br>● स्वास्थ्य क्षेत्रमा हाल कार्यरत जनशक्तिलाई पेशागत दक्षता वृद्धिका लागि समयानुकूलका तालिमहरू संचालन गर्ने,<br>● संघीय सरकारको स्वास्थ्य सेवा नीतिअनुसारको आधारभूत सेवा निशूल्क र गुणस्तरीय गर्नका लागि आधुनिक प्रविधियुक्त औजारको व्यवस्था गर्ने,<br>● पालिका स्तरको अस्पतालमा विशेषज्ञ सेवा सहितको भौतिक पूर्वाधार, स्वास्थ्य औजार, प्रयोगशाला र चिकित्सकको व्यवस्था गर्ने,<br>● प्रत्येक स्वास्थ्य संस्थामा Birthing Centre र आधारभूत प्रयोगशालाको सेवा उपलब्ध गराउने,<br>● गाउँपालिका भित्र प्राकृतिक तथा मानवीय कारणले हुने आकस्मिक दुर्घटनामा परेका नागरिकको यथाशीघ्र उपचारको लागि स्रोत साधन सहित गाउँपालिका स्तरको दुर्घटना कोषको स्थापना गर्ने, |

| | |
|---|---|
| | ● नागरिकको स्वास्थ्यलाई स्वस्थ राख्न स्वास्थ्य तथा सरसफाइ मापदण्डको सचेतना पूर्वक परिपालना गराउनका लागि समुदायमा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्ने,<br>● प्राकृतिक तथा मानवीय प्रकोप पश्चात उत्पन्न हुनसक्ने महामारीको नियन्त्रण र व्यवस्थापनका लागि पूर्वतयारी कार्यहरू गर्ने,<br>● मातृशिशु मृत्युदरमा उल्लेख्य कमी ल्याउने,<br>● पोषणको अवस्था सुधार गर्न एक घर एक घरबारी कार्यक्रम संचालन गर्ने, |
| ● युवाहरूलाई खेलकुदको माध्यमबाट गाउँपालिकाको गौरव वृद्धिमा सरिक गराउने, | ● विद्यालय उमेरदेखि नै बालबालिकालाई खेलकुदमा लगाउन खेलकुद शिक्षकको व्यवस्थापन गरी विभिन्न समयमा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने,<br>● खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाइ गाउँपालिका भित्रका युवा क्लबहरू र उनीहरूका खेलकुद क्रियाकलापहरूलाई भौतिक तथा वित्तीय सहयोग मार्फत् सुदृढ गर्ने,<br>● खेलकुदको विकासलाई जोड दिन एक वार्ड एक भलिबल मैदान र एक वार्ड एक कभर्डहल निर्माण र नार्पा भूमिमा समग्र खेलकुदका लागि भौतिक पूर्वाधार खेल मैदान निर्माण गर्ने, |
| ● सामाजिक सुरक्षा र न्याय प्रबर्द्धन गर्ने, | ● दलित तथा विपन्नहरूको आवास र जनजीविका सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने,<br>● महिला तथा घरेलु हिंसामा उल्लेख्य रूपमा कमी ल्याउन कानुनको प्रभावकारी कार्यान्वयन र महिला जागरण तथा सशक्तीकरण कार्यक्रम संचालन गर्ने,<br>● वृद्ध, अपाङ्ग, असक्त र असहायहरूको आत्म सम्मानका लागि उनीहरूको प्रकृतिअनुरूपका आयआर्जनका कार्यक्रमहरू संचालन गर्ने र कानुनी रूपमा तोकिएको सामाजिक सुरक्षा सुनिश्चित गर्ने,<br>● सामाजिक, लैंगिक तथा जातीय विभेद अन्त्य गर्न सो अनुकूलका योजना र गतिविधिहरू अगाडि बढाउने, |
| ● परम्परागत मौलिक कला संस्कृति, भाषा र परम्पराको जगेर्ना गर्ने, | ● विभिन्न जातजातिहरूको भाषा, कला र संस्कृतिको संरक्षण र प्रबर्द्धनमा निरन्तर सहयोग गर्ने,<br>● नार्पा भूमि गाउँपालिकाभित्र हुने कार्यक्रमहरूमा स्थानीय मौलिक संस्कृति र साधनहरूको उपयोग गर्ने, |
| ● स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने, | ● स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था गर्न एक घर एक खानेपानी धारा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न संघ, प्रदेश र गैरसरकारी संस्थाहरूसँग साझेदारी गरी हरेक घरमा स्वच्छ र शुद्ध खानेपानी (१ घर १ धारा) को सुविधा सुनिश्चित गर्ने,<br>● सरसफाइलाई जनताको बानीको रूपमा विकास गर्ने, |

| | |
|---|---|
| • सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अवलम्बन गर्ने । | • लैङ्गिक तथा सामाजिक समावेशीकरण व्यावहारिक बनाउन नीतिगत र कार्यक्रम कार्यान्वयनका प्रत्येक चरणमा ध्यान दिने,<br>• विभिन्न जातजातिका भाषा, कला, संस्कृति, भेषभूषा, साहित्य र संस्कारको संरक्षण गरी जात, धर्म, लिङ्ग, वर्ग र वर्णका आधारमा हुने भेदभाव अन्त्य गर्दै सबैले सामाजिक सम्मान पाउने वातावरण निर्माण गर्ने,<br>• गाउँपालिकाको समग्र क्षेत्रको विकासमा सामाजिक रूपमा पछि परेका र पारिएका बहिस्कृत तथा सीमान्तकृत समुदायलाई केन्द्रबिन्दुमा राख्ने । |
| **उद्देश्य ३ सँग सम्बन्धित रणनीतिहरू**<br>**उद्देश्य ३:** बसोवास, बजार शहरी सुविधा र अन्तरआवद्धतालाई सहज, सुरक्षित र व्यवस्थित बनाउन प्रविधि र वातावरण मैत्री आधुनिक भौतिक पूर्वाधारको विकास गर्ने, | |
| **रणनीतिहरू** | **कार्यनीतिहरू** |
| • प्रमुख तथा सहायक सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसार निर्माण गर्ने,<br>• पुल तथा सामुदायिक भवन निर्माण गर्न प्रदेश तथा केन्द्र सरकारसँग साझेदारी गर्ने, | • नार्पा भूमि गाउँबासीलाई बाह्रै महिना भरपर्दो र सुरक्षित यात्रा सुनिश्चित गर्न मनाङ सदरमुकाम चामेदेखि गाउँपालिका केन्द्रसम्म गुणस्तरीय र भरपर्दो पक्की सडक निर्माण गर्ने, एम्बुलेन्सको व्यवस्था गर्ने,<br>• मुख्य सडकबाट वडापालिका केन्द्र र सबै बस्ती तथा पर्यटकीय स्थलहरूमा जोड्ने ग्रामीण कृषि सडकको विस्तृत परियोजना तयार गरी सडक निर्माण गरी बाह्रै महिना चल्ने बनाउने,<br>• आवश्यक स्थानहरूमा मोटरेबल पुल, झोलुङ्गे पुल र सामुदायिक भवनहरू निर्माण गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउनका लागि गाउँ र वडापालिका भवनहरू निर्माण गर्ने, |
| • विद्युत्, टेलिफोन र इन्टरनेटको गुणस्तरीय सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने, | • पालिकाभित्र रहेका नदी तथा खोलाहरूमा विद्युत उत्पादनका लागि सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रसँगको सहकार्यमा विद्युत उत्पादन गर्ने,<br>• राष्ट्रिय प्रशारण लाइन विस्तारका लागि विद्युत् प्रशारण सब स्टेश्नको निर्माण गरी विद्युत् नपुगेका वडा र वस्तीहरूमा विद्युत् पुऱ्याउने,<br>• गुणस्तरीय इन्टरनेट तथा टेलिफोन सेवाका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, |
| • भौतिक पूर्वाधारहरूको विकासको दीर्घकालीन नीति अवलम्बन गर्ने, | • भौतिक पूर्वाधार विकासको दीर्घकालीन गुरूयोजना तयार गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहका लागि गाउँ तथा वडाहरूमा आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्न प्रदेश र संघीय सरकारको पर्याप्त लगानी सुनिश्चित गर्ने,<br>• आकस्मिक विपद् जोखिमलाई उद्धार तथा राहतका लागि पालिकाको केन्द्र भागमा हेलिप्याड निर्माण गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र गुणस्तरीय बनाउन अत्याधुनिक भौतिक पूर्वाधारहरू निर्माण गर्ने,<br>• निर्माण पूर्वाधारहरूको आकस्मिक क्षति पुग्दाको अवस्थामा मर्मत सम्भार गर्न निर्माण लागतको २ प्रतिशतका दरले जम्मा गर्ने गरी मर्मत सम्भार कोषको स्थापना गर्ने, |

| | |
|---|---|
| • भू-उपयोगको योजना तयार गरी कार्यान्वयन गर्दै जाने, | • भू-उपयोग योजना अनुसार बस्ती विकासको सम्भाव्यता अध्ययन गरी जोखिमयुक्त बस्ती स्थानान्तरणका लागि स्थानीय जनतासँग सहकार्य गर्ने,<br>• नार्पा भूमिका खोला वेंशीहरूमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने,<br>• पूर्वाधार निर्माण गर्दा बोटविरूवामा हुने क्षतिको परिपूर्तिको लागि सडकको दायाँबायाँ तथा तलमाथि वृक्षारोपण (बायोइन्जिनियरिङ्ग) गर्ने, |

**उद्देश्य ४: सँग सम्बन्धित रणनीतिहरू**

**उद्देश्य ४:** हरियाली, जैविक विविधता, जमिन र जलस्रोतको समुचित व्यवस्थापन, वातावरण मैत्री विकास तथा जलवायु र विपद् उत्थानशीलता सुनिश्चित गर्नु,

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| • प्राकृतिक, वातावरणीय र सांस्कृतिक स्रोतहरूको सूची (Inventory) अद्यावधिक गर्ने, | • प्राकृतिक, वातावरणीय र सांस्कृतिक स्रोतहरूको अध्ययन गरी स्रोत नक्साङ्कन र व्यावसायिक प्रबर्द्धन गर्ने,<br>• हराभरा नार्पा भूमि बनाउन सडक किनारामा वृक्षारोपण गर्नुका साथै सार्वजनिक खाली जमिनमा वृक्षारोपण गरी वनको क्षेत्र बढाउने,<br>• खाली रहेका सार्वजनिक स्थानहरूको संरक्षण, सम्बर्द्धन र दिगो उपयोगको नीति निर्माण गर्ने, |
| • पर्यटन लगायत आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दा दिगो विकासको मान्यतालाई अवलम्बन गर्ने, | • प्राकृतिक र सांस्कृतिक सम्पदाहरू अन्नपूर्ण दोस्रो, तेस्रो, हिमलुङ, काङ्गारु, मनास्लु, रत्नचुली, पिसाङ पिक, काङ्ला, क्याङ, चक्कु, च्यू लगायतका हिमश्रृङ्खलाहरूको दृष्यावलोकन, हिमलुङ, काङ्गारु लगायतका हिमाल आरोहण, उच्च पर्वतीय पदमार्ग, पर्यावरणीय पदमार्ग, प्राकृतिक गुफा तथा गल्छी, तातोपानीका मुहानहरू, तालतलैया, नदी, झरणा, ऐतिहासिक बस्तीहरू, गुम्बाहरू, युद्ध संङ्ग्राहलय, फोबे पर्व, ल्होसार, तिर हान्ने पर्व, छेन्चु  पर्व, घोडे जात्रा, यार्तुङ, मानी पुजा, मानी नाच, तर्केल पर्व, खोंबे पर्व आदिलाई पर्यटन र आर्थिक विकास कार्यक्रमहरूसँग आबद्ध गर्ने,<br>• काङ्लापास भञ्ज्याङ, नार गाउँ, टेरिलापास, टेरिला चुचुरो, खुम्जु हिमाल, काङ्गारु हिमाल, हिम्लुङ हिमाल, गाङ्ला पिक, रत्न चुली, भृकुटी, फु घाङ हिमाल, सते गुम्बा (साम्दुछोलिङ गुम्बा), धाकार ताल, छाङ्ला छो, नेमी छो, छयूर्कु (तातोपानी), मेन्दाल छो, घुलुङ छो, घाङ्ला छो, छयोकर्ण ताल, छोकर्ण ताल, झोलासिङ घ्याल्पो, निङ्बु गुफा, नेबुच्चा गुफा, केसाङ गुफा, क्याङ गुफा, होम्पार फु गुफा, युङतिङ ढुङ्गा, क्याङ नाका, हिम्लुङ वेस क्याप, पुपी घ्याल्गो, ग्लासिएर प्वाइन्ट आदि प्राकृतिक पर्यटकीय स्थलहरूको संरक्षण सम्बर्द्धन र प्रचार प्रसार गर्ने,<br>• नर्पा भूमि गाउँपालिकाका अग्ला हिमाल र ती हिमालबाट उत्पत्ती भएर बग्ने साना ठुला खोला तथा झरनाहरू, वर्षको तीन महिना हिउँले ढाक्ने हिमाली बस्ती, विभिन्न रंगीचंगी उच्च हिमाली फूलहरुले ढाकेका बुकी पाटन तथा घाँसे मैदान र त्यहाँको स्वच्छ हावापानी तथा निश्चल उच्च हिमाली जीवन शैली यस पालिकाका पर्यटकीय आकर्षणका मुख्य आधारहरू हुन्, |
| • प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रचलन, प्रविधिको अधिकतम् उपयोग गर्ने, | • मौलिक संस्कृति, परम्परा, खानपान, पहिरन, चाडपर्वहरूलाई पवर्द्धन गरी पर्यटन विकास गर्ने,<br>• स्थानीय जडिबुटी, परम्परागत रैथाने अन्नबाली करु, आलु, लसुन, जिम्बु आदिको उत्पादन र उत्पादकत्व बढाइ अर्थोपार्जनको साधनको रूपमा विकास गर्ने,<br>• परम्परागत प्रविधि पानीघट्ट, काठे कोल, जाँतो, ढिकी/ओखल जस्ता साधनको संरक्षण गरी पर्यटन उद्योगसँग जोड्ने र कपडा सिलाउने, घरेलु प्रयोजनार्थ आवश्यक |

| | |
|---|---|
| | फलामका हतियार बनाउने, छालाजन्य वस्तुको उत्पादन, डकर्मी, सिकर्मी आदि सीप तथा प्रविधिमा परम्परादेखि आवद्ध समुदायको चेतनाको विकास र आत्मसम्मानको ग्यारेण्टी गर्दै पेशाको सुरक्षासहित सीप तथा क्षमतामा समयानुकूल प्रविधीकरण गरेर उद्यमीका रूपमा विकास गर्ने,<br>● आर्थिक विकासका कार्यक्रमहरूमा स्थानीय स्रोत साधन, प्रविधि र ज्ञानको अधिकतम् प्रयोग गर्ने, |
| ● प्राकृतिक तथा मानवीय विपत्तीको व्यवस्थापनका लागि पूर्वतयारी गर्ने, | ● गाउँपालिकाभित्र हुनसक्ने प्राकृतिक तथा मानवीय जोखिमको अध्ययन तथा अनुसन्धान र मूल्याङ्कन गर्ने,<br>● आपतकालीन उद्धारका लागि यथाशीघ्र उद्धार, चिकित्सा सहायता र संचारको सम्प्रेषणका लागि स्पष्ट खाका र प्रोटोकलहरू निर्धारण गर्ने,<br>● आपतकालीन प्रतिक्रिया र पुनः प्राप्तिका लागि आवश्यक सीपयुक्त मानव जनशक्ति, उपकरण, तोकिएका अधिकारी, आर्थिक स्रोत, साधनको आपूर्ति जस्ता संसाधन व्यवस्थापन गर्ने,<br>● आपतकालीन प्रतिक्रियाका लागि जिम्मेवार अधिकारी तथा निकाय, आपतकालीन प्रतिक्रिया कर्ताहरू र जनतासँग प्रकोप अघि, समयमा र पछि सञ्चार गर्ने योजनाको विकास गर्ने,<br>● विपतबाट पुगेको भौतिक तथा मानवीय क्षतिबाट पुनर्स्थापनाका लागि आवास तथा भोजन, चिकित्सा र मनोवैज्ञानिक परामर्श, विशेष आवश्यकता भएका व्यक्तिका लागि थप सेवा तथा सुविधाको व्यवस्थाका साथै आर्थिक गतिविधिसहित पुनर्स्थापनाका लागि कार्यक्रम गर्ने,<br>● विपत जोखिम न्यूनीकरणका लागि तोकिएका अधिकारीहरूले आफ्नो भूमिका र जिम्मेवारीहरू बुझेका छन् र आपतकालीन अवस्थामा प्रतिक्रिया दिन तयार छन् भनी सुनिश्चित गर्न नियमित प्रशिक्षण र अभ्यासहरू सञ्चालन गर्ने,<br>● विपत जोखिम न्यूनीकरणका नवीनतम् आयाम र प्रविधिका बारेमा पुन ताजकी तालिम तथा अभ्यासका कार्यक्रमहरू संचालन गर्ने,<br>● भूकम्प, आगलागी, हिम पहिरो, सुख्खा पहिरो जस्ता प्राकृतिक विपद्का बारे जनचेतना अभिवृद्धि गर्ने,<br>● विद्यालय स्तरमा प्राकृतिक विपत्ती र मानवीय विपद्बारे नियमित कार्यक्रमहरू सञ्चालन गर्ने,<br>● विपद् पूर्व सूचना प्रणालीको विकास गर्ने,<br>● जलवायु अनुकूलनका उपायहरू अवलम्बन गर्ने,<br>● प्राकृतिक प्रकोपका घटनाको न्यूनीकरणका लागि वन तथा प्राकृतिक वातावरणको उचित संरक्षण गरी वातावरणमा सन्तुलन कायम गर्ने,<br>● मानव सिर्जित कारणहरूबाट हुने मानवीय र स्वास्थ्य सम्बन्धी विपद्हरूमा कमी ल्याउने, |

<table>
<tr>
<td>● विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्न सम्बद्ध संस्थाहरूसँग सहकार्य गर्ने,</td>
<td>● विपद् व्यवस्थापनका लागि काम गर्दै आएका सरकारी निकाय तथा त्यसका शाखाहरू, रेडक्रस लगायत अन्य गैरसरकारी संस्थाहरूसँग आपसी समन्वय र सहकार्य गर्ने,<br>● विपद् व्यवस्थापनको लागि वडा स्तरमा विपद् कोष खडा गर्ने र कोषको परिचालन मार्फत् स्थानीय स्तरमा आइपर्ने विपद्को सामना गर्न भौतिक क्षमता विकास गर्ने,<br>● विपद् पछिको पुनर्स्थापनाको लागि आवश्यक संस्थागत, भौतिक र कानुनी संरचनाको विकास गर्ने,<br>● विपद् व्यवस्थापन तथा उद्धारका लागि क्षमता अभिवृद्धि गर्ने,<br>● जोखिमयुक्त पहिरो भू-क्षय र नदी कटान भएका क्षेत्रहरूको पहिचान गरी समुचित व्यवस्थापन गर्ने,</td>
</tr>
<tr>
<td colspan="2">उद्देश्य ५ सँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू<br>उद्देश्य ५: स्थानीय जनताले प्राप्त गर्ने सार्वजनिक सेवा प्रवाह तथा अवसर सरल, सहज, गुणस्तरीय, प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गरी संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, जवाफदेही, न्यायपूर्ण र परिणाममुखी बनाउने,</td>
</tr>
<tr>
<th>रणनीतिहरू</th>
<th>कार्यनीतिहरू</th>
</tr>
<tr>
<td>● मानव संसाधनको विकास, परिचालन र सुशासन सहितको चुस्त सेवा प्रवाह गर्ने</td>
<td>● संघीय तथा प्रादेशिक कानुनको मर्म र स्थानीय आवश्यकतालाई मध्यनजर गरी अधिकार प्रदत्त जनमुखी कानुनहरूको निर्माण र मौजुदा कानुनहरूलाई समयसापेक्ष संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,<br>● गाउँपालिकाका जननिर्वाचित प्रतिनिधिहरूलाई देशको शासकीय स्वरूप, विद्यमान कानुन, ऐन, नियम, विकासका नवीनतम् आयाम, विकास, सुशासन र सेवा प्रवाहका नमुनायोग्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासका बारेमा अध्ययन, भ्रमण, तालिम तथा गोष्ठीका माध्यमबाट क्षमताको विकास गर्ने,<br>● गाउँपालिकाको सेवा प्रवाहलाई सरल, सहज र गुणस्तरीय बनाउनका लागि आवश्यक पर्ने मानव संसाधनको व्यवस्थापन गर्न कर्मचारी संगठन र व्यवस्थापन (O & M) सर्वे गर्ने,<br>● जनमुखी नीति, नियम र कानुन निर्माण गरी कार्यान्वयनका लागि दक्ष, सीपयुक्त, जवाफदेही र पारदर्शी संसाधनको व्यवस्था गर्ने,<br>● संस्थागत क्षमता विकासका माध्यमबाट सेवा प्रवाहलाई जनअपेक्षा र आवश्यकता अनुसार बनाउनका लागि गाउँपालिका र सबै वडा केन्द्रहरूमा सरल, सहज, पहुँचयोग्य र प्रविधियुक्त आधुनिक पूर्वाधार तथा औजारहरूको निर्माण गर्ने,<br>● स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउन नीति, नियम र कानुनका बारेमा जनतालाई सुसूचित गर्ने,<br>● न्याय सम्पादन र विधेयकहरू तयार गर्न सहजताका लागि कानुन विज्ञको सेवा प्राप्तिको व्यवस्था गर्ने,<br>● गाउँपालिकाका सेवाहरूलाई वडास्तरमा विकेन्द्रीकरण गर्न संस्थागत संरचनाको निर्माण गरी कार्यान्वयन गर्ने,<br>● गाउँपालिकाबाट प्रवाह गरिने सामाजिक विकासका क्षेत्र कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा र वातावरण संरक्षणलाई घरदैलोमा नै सेवा प्रवाह गर्न संस्थागत संरचनाको व्यवस्था गर्ने,</td>
</tr>
</table>

| | |
|---|---|
| | ● गाउँ तथा वडा पालिकाले गर्ने निर्णयहरूमा सबै पक्षको सहभागिता, पारदर्शिता, जवाफदेहिता तथा दिगोपनाका लागि संस्थागत संरचना तयार गर्ने,<br>● गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाह सम्बन्धी आवश्यक जानकारी भएको वडापत्र तयार गरी सार्वजनिक स्थानमा राख्ने, यो वडापत्रलाई पाँच वर्षभित्रमा जनतासँग नर्पा भूमि गाउँपालिका नामक Digital Apps बनाइ प्रयोगमा ल्याउने,<br>● गाउँपालिकाका विकास निर्माण कार्यहरूको वार्षिक कार्यतालिका बनाउने र तद्नुसार कार्यान्वयन गर्ने,<br>● स्पष्ट जिम्मेवारी तोक्ने र मापदण्ड सहित कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने,<br>● गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका प्रमुख परियोजनाहरूको विवरण भएको सूचना वोर्ड सम्बन्धित स्थानमा टाँस्ने,<br>● गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूको स्पष्ट, समयबद्ध र कति दिनमा के के हुने खाका सार्वजनिक गर्ने र तद्नुसार नभएमा कारणसहित स्पष्टीकरण दिनुपर्ने परिपाटीको विकास गर्ने,<br>● गाउँपालिकाको कर्मचारी संरचनालाई समावेशी बनाउन नियुक्ति, जिम्मेवारी बाँडफाँड, लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीय समावेशीकरणको मान्यतालाई कडाइकासाथ लागू गर्ने,<br>● गाउँपालिका र वडास्तरका विकास निर्माणका क्रियाकलापहरूमा समावेशी ढाँचा र सहभागितामूलक पद्धति अवलम्बन गर्ने, योजना छनौट, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, मूल्यांकनका संयन्त्रहरूमा महिलाको सहभागिता कम्तिमा ३३ प्रतिशत, सीमान्तकृत वर्गको २० प्रतिशत सहभागिता सुनिश्चित गर्ने,<br>● विकास निर्माणका आयोजनाहरूको वाँडफाड र बजेट विनियोजनमा क्षेत्रीय (भेगीय) सन्तुलन कायम गर्ने,<br>● सेवा प्रवाहलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने,<br>● Digital Apps मार्फत् सूचना दिनेलिने सिफारिस गर्ने साथै कर तथा अन्य शुल्कहरूको भुक्तानी दिनेलिने समेत गर्ने,<br>● गाउँपालिका र वडा स्तरमा तथ्याङ्कहरूको आय व्ययको लेखा अभिलेखीकरण Digital Apps प्रणालीमा ल्याउने,<br>● गाउँपालिकाका विभिन्न विषयगत शाखाहरूबाट हुने कामहरूको समन्वय गर्ने र सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने,<br>● बजार उन्मुख स्थानमा कम्तिमा एक बैंक वा वित्तीय संस्था स्थापनाको लागि वित्तीय संस्थाहरूसँग पहल गर्ने,<br>● गाउँपालिकामा प्राप्त हुने भुक्तानी कारोवारहरू बैकिङ प्रणाली मार्फत् गर्ने व्यवस्था मिलाउने,<br>● विकास निर्माणका क्षेत्रमा हुने कारोवार तथा राजश्व संकलन सम्बन्धित आय तथा भुक्तानी समेत बैकिङ प्रणालीमा आवद्ध गर्ने,<br>● गाउँपालिका तथा वडाहरूमा प्रयोग हुने कार्यालय व्यवस्थापन वा कार्यक्रम संचालनका साधनहरू सम्भव भएसम्म स्थानीय साधन/श्रोतमा (खाजा, झोला, |

| | |
|---|---|
| | अतिथि सत्कार सामग्रीहरू लगायतका अन्य सम्भाव्य सामग्रीहरू) आधारित गराउदै लैजाने,<br>● विकास निर्माणका काममा संभव भएसम्म स्थानीय श्रोत सामग्रीहरू र जनशक्तिको प्रयोग गर्ने (काठ, दाउरा, ढुङ्गा, माटो, वालुवा आदि)<br>● गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरूमा समन्वय गरी दोहोरो प्रणालीको अन्त्य गर्ने,<br>● गाउँपालिका क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूमा समन्वय गर्ने र संस्थागत जिम्मेवारीको परिपाटी बसाउने,<br>● जनतामा प्रवाहित हुने सेवा एकीकृत गर्न हरेक क्रियाकलापमा गाउँपालिका वा वडाको स्वीकृति र समन्वयमा सञ्चालन गर्ने,<br>● गाउँपालिका तथा यसका वडाहरू सुविधा सम्पन्न कार्यालय भवनहरू निर्माण गरी तिनीहरूमा Opticle Fibre जडान गर्न प्रदेशसँग समन्वय गर्ने,<br>● गाउँपालिकाका हरेक विषयगत कार्यालयहरू र वडा कार्यालयहरूको भौतिक विकास तथा जनशक्ति व्यवस्थापन गरी संस्थागत क्षमता बढाउने,<br>● प्रत्येक विषयगत कार्यालयहरूमा प्राविधिक जनशक्ति (जस्तै, इन्जिनियर, स्वास्थ्यकर्मी, पशु चिकित्सक, कृषि विज्ञ, निरीक्षक आदि) को व्यवस्था गर्ने,<br>● कर्मचारीहरू नियुक्ति गर्दा आवश्यक प्राविधिक सीप र दक्षतालाई आधार बनाउने,<br>● कर्मचारीको पेशागत सीप तथा क्षमता अभिवृद्धिका लागि नियमित तालिमको व्यवस्था मिलाउने,<br>● जन प्रतिनिधिहरूलाई योजना निर्माण, बजेट निर्माण, लेखा तथा विकास प्रशासन, नेतृत्व विकास र कार्यान्वयनको क्षेत्रहरूमा समयबद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>● गाउँपालिका तथा वडाहरूका महत्वपूर्ण सार्वजनिक स्थानहरूमा स्वच्छ खानेपानी तथा व्यवस्थित शौचालयहरूको व्यवस्था गर्ने,<br>● गाउँपालिकाका कर्मचारीहरू तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिको लागि अवलोकन अध्ययन भ्रमण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गर्ने,<br>● गाउँपालिकाको केन्द्रमा कर्मचारी आवास गृहका साथै जन प्रतिनिधि तथा अतिथिहरूका लागि सुविधा सम्पन्न अतिथि गृहको निर्माण गर्ने,<br>● गाउँपालिकामा हुने विकास निर्माणका कामहरूमा स्थानीय भौतिक तथा मानवीय स्रोतहरूको अधिकतम् उपयोग गर्ने,<br>● प्रभावकारी सेवा प्रवाहको वातावरण निर्माण गरी उच्च मनोबलका साथ काम गर्नका लागि कर्मचारीको सेवा सुविधामा वृद्धि गर्ने,<br>● कृषि क्षेत्रको विकासका लागि ग्रामीण कृषि तथा पशु सेवा कार्यकर्ता तयार गरी परिचालन गरेर सेवा प्रवाहमा सहजता ल्याउने,<br>● खानेपानी आपूर्तिलाई चुस्त बनाउन प्रत्येक बस्तीमा खानेपानी उपभोक्ता समूहबाट दुई जना ग्रामीण खानेपानी मर्मत संभार कार्यकर्ता छनौट गरी परिचालन गर्ने, |
| ● गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्ने उपायहरू खोजी | ● गाउँपालिकाको आन्तरिक वित्तीय स्रोतको वृद्धिका लागि विभिन्न विकल्पहरूको खोजी गरी क्रमशः लागू गर्ने,<br>● कर तथा शुल्कहरू वृद्धि गर्दा न्यायपूर्ण र दिगो वृद्धिलाई आधार बनाउने, |

| | |
|---|---|
| गर्दै वित्तीय आत्म निर्भरतातर्फ अघि बढाउने, | • गाउँपालिकाको आन्तरिक वित्तीय स्रोत वार्षिक बजेटको कम्तिमा १० प्रतिशत पुऱ्याउने, |
| • केन्द्र र प्रदेश तथा अन्य स्रोतहरूबाट प्राप्त वित्तीय स्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गर्ने, | • वित्तीय जवाफदेहिता र मितव्ययिता कायम गरी वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्ने,<br>• वार्षिक बजेटमा आधारित पुजीगत विकास खर्च शतप्रतिशत गर्ने, |
| • विकेन्द्रीकरणको अवधारणाअनुसार गाउँपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने, | • गाउँपालिकाबाट हुने सेवा प्रवाहका कार्यहरूलाई क्रमशः वडा केन्द्रहरूमा विकेन्द्रीकरण गर्ने,<br>• गाउँपालिकामा हुने विकास निर्माणमा दोहोरोपना र पक्षपातरहित बनाउन गाउँपालिका कार्यालयले सहभागितात्मक योजनाबद्ध विकास गर्ने र योजना बैंक बनाउने,<br>• गाउँपालिका अन्तर्गतका कार्यालय तथा शाखाहरू र वडा कार्यालय निर्माण गरी सेवा प्रवाहलाई सहज बनाउने, |
| • जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अबलम्बन गर्ने, | • गाउँपालिकाबाट बनाइने ऐन नियमहरू जनमुखी र समावेशी प्रकृतिका बनाउने,<br>• विकास कार्यहरूलाई सहभागितामूलक र समावेशी आधारहरूमा अगाडि बढाउने, |
| • निर्णय प्रक्रिया र सेवा प्रवाहमा पारदर्शिता जवाफदेहिता तथा समयवद्धतालाई अबलम्बन गर्ने, | • आधुनिक डिजिटल प्रविधिको प्रयोगबाट गाउँपालिकालाई सुसज्जित गर्दै सेवा प्रवाहमा सरलीकरण र प्रभावकारिता ल्याउने,<br>• योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा जनताको सहभागिता वृद्धि गर्ने,<br>• गाउँपालिकाको आयव्ययको कारोबार पूर्ण रूपमा बैंकिङ्ग प्रणालीबाट सञ्चालन गर्ने,<br>• Digital Apps मार्फत् गाउँपालिकाका सेवा, सुविधाहरू र प्रकृयाहरूको जानकारी सर्वसाधारणलाई गराउने,<br>• गाउँपालिकाबाट प्रदान गरिने नागरिक सेवाहरूमा चुस्तता ल्याउन कर्मचारीहरूको पेशागत दक्षतामा वृद्धि गर्ने, |
| • सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहितालाई अबलम्बन गर्ने, | • विकास निर्माण कार्यहरूको सार्वजनिक लेखा परीक्षण (Public Auditing) गर्ने,<br>• हरेक विकास आयोजनाको सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्ने<br>• लेखा परीक्षण गर्ने,<br>• आय व्ययको सार्वजनिक गर्ने, |
| • जनताको जीउधनको सुरक्षालाई उच्चतम् प्राथमिकता दिने । | • जीउधनको सुरक्षाको लागि सुरक्षा व्यवस्था मिलाउने,<br>• जनताको जीउधनको सुरक्षाको प्रत्याभूति गर्न देवानी तथा फौजदारी अपराध कार्यमा कमी ल्याउन कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, |

## २.४ मध्यमकालीन आर्थिक खाका

गाउँपालिकाको आवधिक योजनाले अवलम्बन गरेको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम, योजना, प्रक्षेपित राजश्वका आधारमा कार्यान्वयन गरी कार्यक्रम तथा आयोजना सम्पन्न भएका हुनेछन्। यसबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि भई तीव्र आर्थिक वृद्धि हुने अनुमान गरिएको छ। आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न लगानीमा वृद्धि हुनुको साथै स्थानीय श्रमशक्तिको उत्पादनमा उपयोग र स्थानीय प्राकृतिक श्रोतको दिगो परिचालन गर्दै स्थानीय अर्थतन्त्रमा गतिशीलता आउनुका साथै निजी, सहकारी र सामुदायिक क्षेत्रको परिपूरकात्मक सहकार्य मजबुत एवम् सुदृढ भई गाउँपालिकामा पुजी निर्माण हुनेछ भन्ने आधार तथा गाउँपालिका भित्रको आर्थिक क्रियाकलापको आधारमा आर्थिक लक्ष्य निर्धारण गरिएको तथा गाउँपालिका अन्तर्गतका सम्बन्धित कार्यालयबाट प्राप्त तथ्यांकको आधारमा समष्टिगत आर्थिक लक्ष्य र खाका तयार पारिएको छ।

**मध्यमकालीन आर्थिक खाका**

| क्र.सं. | सूचक | एकाइ | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| १. | **वार्षिक उत्पादन** | | | | | |
| १.१ | कृषि | रू. लाखमा | ३०६०००० | ३२१३००० | ३३७३६५० | ३५४२३३३ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | १९००००० | १९९५००० | २०९४७५० | २१९९४८८ |
| २. | औषत प्रतिव्यक्ति आय | रू. लाखमा | २०७४०१५ | २१७७७१६ | २२८६६०२ | २४००९३२ |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | ० | २ | ४ | ६ |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | प्रतिशत | १५ | १६ | १७ | १८ |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | २५ | २५ | २५ | २५ |

**विषय क्षेत्रगत खर्च खाका**

| क्र.स. | उपक्षेत्र, कार्यक्रम, आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत (रू.लाखमा) | खर्च प्रतिशत | पुष्ट्याइ | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | आवधिक योजनाको प्रतिवेदनमा उल्लेख भए अनुसारको | आ.व. २०८१/८२ देखि आ.व. २०८३/८४ सम्म | १७८७२१८६० | ३१% | गाउँपालिका, सम्बन्धित शाखाका प्रतिवेदनहरू | मध्यमकालीन उपलब्धि सूचकहरू आवधिक योजनाको प्रतिवेदनमा |
| २ | सामाजिक विकास | | | १०३७७३९८३ | १७% | | |
| ३ | पूर्वाधार विकास | | | २३०६०८८५२ | ४१% | | |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | | | ३४५९१३२८ | ६% | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सुशासन तथा संस्थागत विकास | | | २८८२६१०६ | ५% | | उल्लेख भए बमोजिम । |

## २.५ मध्यमकालीन नतिजा खाका

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पछ्याउन गाउँपालिकाले संघ र प्रदेश सरकारका राष्ट्रिय एवं प्रादेशिक लक्ष्यहरूलाई पछ्याउँदै लैजानु पर्ने आवश्यकता हुन्छ। गाउँपालिकाले आवधिक योजनामा उल्लेखित स्थानीय लक्ष्य बमोजिम प्रमुख परिमाणत्मक लक्ष्यका आधारमा आगामी तीन वर्षको समष्टिगत गन्तव्य र सूचक निर्धारण गरेको छ। उल्लेखित सूचकहरूको विद्यमान स्थिति तथा आगामी तीन वर्षको अपेक्षित उपलब्धि तलको तालिकामा प्रस्तुत गरिएको छ।

**मध्यमकालीन नतिजा खाका (गणडकी प्रदेशकै डाटा राख्ने) आवधिक योजनका क्रममा**

| सूचकहरू | इकाइ | चालु आ.व. सम्मको उपलब्धी | मध्यमकालीन लक्ष्य परिमाण | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| निरपेक्ष गरिबी : | प्रतिशत | ० | | | |
| प्रतिव्यक्ति वार्षिक आय : | रू. लाखमा | ४४२८५७.१ | ४८७१४३ | ५३५८५७ | ५८९४४३ |
| आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | घरधुरी | ० | | | |
| बेरोजगारी दर : | प्रतिशत | ५.६ | २.८ | २.८ | ० |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ५५ | | | |
| आयात-निर्यातको वार्षिक औषत अनुपात | अनुपात | | | | |
| आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को खुद भर्ना दर | प्रतिशत | २२ | | | |
| साक्षरता दर : | प्रतिशत | ५६.२ | ६० | ६५ | ७० |
| औषत आयु : | वर्ष | | | | |
| ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | ० | | | |
| मातृमृत्यु दर (प्रति लाख जीवित जन्ममा) | संख्या | ० | | | |
| खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० |
| विद्युत सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | १०० | १०० | १०० | १०० |
| दिगो, सुरक्षित र नियमित सडक यातायात सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ० | | | |
| वर्षभरी नियमित सिंचाइ भएको खेतीयोग्य जमिन | प्रतिशत | ६० | ५ | ५ | ५ |
| इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १५.९ | ३३ | ३३ | १०० |
| वन जंगलले ढाकेको क्षेत्र | प्रतिशत | ०.७१ | | | ५ |

| सूचकहरू | इकाइ | चालु आ.व. सम्मको उपलब्धी | मध्यमकालीन लक्ष्य परिमाण | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| पालिकाको सेवा प्रवाहबाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | २० | २७ | २७ | २६ |

## २.६ मध्यमकालीन बजेट खाका

स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ का आधारमा राजश्वका स्रोतहरूको परिचालन गर्ने अधिकार स्थानीय तहमा हस्तान्तरण गरिएको छ भने केही राजश्व संघ र प्रदेश सरकारले संकलन गर्ने भए पनि राजस्वको बाँडफाँड सबै तहका सरकारले गर्ने व्यवस्था छ। नर्पा भूमि गाउँपालिकाको स्रोत आँकलन तथा बजेट अनुमान एवं प्रक्षेपण गर्दा देहायका आधारहरू अवलम्बन गरिएको छ :

१. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले राजस्व संकलन गर्ने अधिकार क्षेत्रमा रही राजस्वको अनुमान गरिएको छ।
२. प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाडबाट स्थानीय तहले प्राप्त गर्ने बजेट अनुमान गरिएको छ।
३. संघ सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट स्थानीय तहले प्राप्त गर्ने बजेट अनुमान गरिएको छ।

**त्रिवर्षीय मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण**

| आय तर्फ | | | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|
| शीर्षक र स्रोत | आ.व. २०७९/८० को यथार्थ | आ.व २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को प्रक्षेपण | आ.व. २०८२/८३ को प्रक्षेपण | आ.व. २०८३/८४ को प्रक्षेपण | तीन वर्षको जम्मा |
| **संघीय सरकार** | १४२,४८५,००० | १३८,५००,००० | १५२,३५०,००० | १६७,५८५,००० | १८४,३४३,५०० | ५०४,२७८,५०० |
| समानीकरण अनुदान | ७१,७००,००० | ७०,०००,००० | ७७,०००,००० | ८४,७००,००० | ९३,१७०,००० | २५४,८७०,००० |
| सशर्त अनुदान चालु | २७,४००,००० | २५,८००,००० | २८,३८०,००० | ३१,२१८,००० | ३४,३३९,८०० | ९३,९३७,८०० |
| सशर्त अनुदान चालु | २,७८५,००० | २,३००,००० | २,५३०,००० | २,७८३,००० | ३,०६१,३०० | ८,३७४,३०० |
| सशर्त अनुदान चालु | २००,००० | ३००,००० | ३३०,००० | ३६३,००० | ३९९,३०० | १,०९२,३०० |
| सशर्त अनुदान चालु | ४००,००० | ६००,००० | ६६०,००० | ७२६,००० | ७९८,६०० | २,१८४,६०० |
| सशर्त अनुदान चालु | - | ३००,००० | ३३०,००० | ३६३,००० | ३९९,३०० | १,०९२,३०० |
| सशर्त अनुदान पुजीगत | ११,२००,००० | १५,०००,००० | १६,५००,००० | १८,१५०,००० | १९,९६५,००० | ५४,६१५,००० |
| सशर्त अनुदान पुजीगत | ३००,००० | ३००,००० | ३३०,००० | ३६३,००० | ३९९,३०० | १,०९२,३०० |
| विशेष अनुदान पुजीगत | २१,०००,००० | १९,५००,००० | २१,४५०,००० | २३,५९५,००० | २५,९५४,५०० | ७०,९९९,५०० |
| समपूरक अनुदान पुजीगत | ७,५००,००० | ४,४००,००० | ४,८४०,००० | ५,३२४,००० | ५,८५६,४०० | १६,०२०,४०० |
| **प्रदेश सरकार** | **१२,५८४,०००** | **१२,५८८,०००** | **१३,८४६,८००** | **१५,२३१,४८०** | **१६,७५४,६२८** | **४५,८३२,९०८** |
| समानीकरण अनुदान | २,५८४,००० | २,५८८,००० | २,८४६,८०० | ३,१३१,४८० | ३,४४४,६२८ | ९,४२२,९०८ |
| शसर्त अनुदान पुजीगत | | - | - | - | - | - |
| विशेष अनुदान पुजीगत | ६,०००,००० | ६,०००,००० | ६,६००,००० | ७,२६०,००० | ७,९८६,००० | २१,८४६,००० |
| समपूरक अनुदान पुजीगत | ४,०००,००० | ४,०००,००० | ४,४००,००० | ४,८४०,००० | ५,३२४,००० | १४,५६४,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **राजश्व बाँडफाँड** | ४४,१४४,००० | ४३,२५६,७०० | ४७,५८२,३७० | ५२,३४०,६०७ | ५७,५७४,६६८ | १५७,४९७,६४५ |
| राजश्व बाँडफाँड-प्रदेश सरकार | ३४५,००० | ३४०,००० | ३७४,००० | ४११,४०० | ४५२,५४० | १,२३७,९४० |
| राजश्व बाँडफाँड-स्थानीय | - | - | - | - | - | - |
| राजश्व बाँडफाँड-संघीय सरकार | ४३,७९९,००० | ४२,९१६,७०० | ४७,२०८,३७० | ५१,९२९,२०७ | ५७,१२२,१२८ | १५६,२५९,७०५ |
| **आन्तरिक श्रोत** | २०,१६०,००० | २१,५८७,००० | २३,७४५,७०० | २६,१२०,२७० | २८,७३२,२९७ | ७८,५९८,२६७ |
| आन्तरिक श्रोत | २०,१६०,००० | २१,५८७,००० | २३,७४५,७०० | २६,१२०,२७० | २८,७३२,२९७ | ७८,५९८,२६७ |
| **जम्मा आय रू मा** | २१९,३७३,००० | २१५,९३१,७०० | २३७,५२४,८७० | २६१,२७७,३५७ | २८७,४०५,०९३ | ७८६,२०७,३२० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणका विभिन्न अधारमा गरिएको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

२.७.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण (रू.)

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व.को यथार्थ ०८० / ८१ | | आ. व. २०८१/८२ | | आ. व. २०८२/८३ | | आ. व. २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | % | रकम | % | रकम | % | रकम | % |
| १ | (आर्थिक विकास) कृषि, पशुपंक्षी, सिंचाइ, उद्योग तथा वाणिज्य, पर्यटन, सार्वजनिक, निजी र सहकारी साझेदारी र श्रम तथा रोजगारी र मानव संसाधन क्षेत्रको विकासका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक विकास गर्ने | १८१२५००० | ३१ | ५३९९४५२० | ३१ | ५९३९३९७२ | ३१ | ६५३३३३६९ | ३१ |
| २ | (सामाजिक क्षेत्र विकास) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाइ, युवा तथा खेलकुद, कला तथा संस्कृति र लक्षित समूहको विकास गरी मानव पुजी निर्माण गर्ने | १०५००००० | १८ | ३१३५१६५७ | १८ | ३४४८६८२२ | १८ | ३७९३५५०४ | १८ |

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व.को यथार्थ ०८० / ८१ | | आ. व. २०८१/८२ | | आ. व. २०८२/८३ | | आ. व. २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | % | रकम | % | रकम | % | रकम | % |
| ३ | (पूर्वाधार क्षेत्र विकास)<br>सडक, ढल तथा पुलपुलेसा, उर्जा र सञ्चार तथा आवास तथा भवन निर्माण गरी सुरक्षित वस्ती विकास गर्ने | ७५000000 | ४० | ६९६७०३४८ | ४० | ७६६३७३८३ | ४० | ८४३०११२१ | ४० |
| ४ | (वन वातावरण तथा विपद् व्यवस्थापन)<br>वन तथा वातावरण , विपद् व्यवस्थापन र वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभावन्यूनीकरण गर्ने | ८७00000 | ६ | १०४५०५५२ | ६ | ११४९५६०७ | ६ | १२६४५१६८ | ६ |
| ५ | (संस्थागत विकास)<br>संस्थागत क्षमता विकास, मानव संशाधन विकास र सुशासनको प्रत्याभूति गराउने | १२00000 | ५ | ८७०८७९४ | ५ | ९५७९६७३ | ५ | १०५३७६४० | ५ |
| | **कुल जम्मा** | **११३५२५000** | **१00** | **१७४१७५८७०** | **१00** | **१९१५९३४५७** | **१00** | **२१०७५२८०३** | **१00** |

२.७.३ प्राथमिकता क्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आवको यथार्थ ०८० / ८१ | | आ. व. २०८१/८२ | | आ. व. २०८२/८३ | | आ. व. २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | १५४ | | | ३४,५३९,२६५.१८ | १९.८३ | ३७९९३१९२ | १९.८३ | ४१७९२५११ | १९.८३ |
| दोस्रो (P2) | ७८ | | | १३९,६३६,६०४.८२ | ८०.१७ | १५३६००२६५ | ८०.१७ | १६८९६०२९२ | ८०.१७ |
| कुल जम्मा | २३२ | | | १७४,१७५,८७०.०० | १०० | १९१५९३४५७ | १०० | २१०७५२८०३ | १०० |

२.७.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु)

| संकेत नम्बर | लैंगिक संकेत | गत आ.व.को यथार्थ ०८०/ ८१ | | आ. व. २०८१/८२ | | आ. व. २०८२/८३ | | आ. व. २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | | | ५८७२५४९ | ३६.७४ | ६४५९८०३.९ | ३६.७४ | ७१०५७८४.३ | ३६।७४ |

| संकेत नम्बर | लैंगिक संकेत | गत आ.व.को यथार्थ ०८०/ ८१ | | आ. व. २०८१/८२ | | आ. व. २०८२/८३ | | आ. व. २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | अप्रत्यक्ष लाभ | | | १०११२२४९.७ | ६३.२६ | १११२३४७४.७ | ६३.२६ | १२२३५८२२ | ६३।२६ |
| | तटस्थ | | | | | | | | |
| **कुल जम्मा** | | | | १५९८४७९९ | | १७५८३२७९ | | १९३४१६०६ | |

२.७.५ जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु)

| संकेत नम्बर | जलवायु संकेत | गत आ.व.को यथार्थ ०८०/ ८१ | | आ. व. २०८१/८२ | | आ. व. २०८२/८३ | | आ. व. २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | | | ४२९७६८६ | ३८.०२ | ४७२७४५४.५ | ३८.०२ | ५२००२०० | ३८.०२ |
| | अप्रत्यक्ष लाभ | | | ७००६६११ | ६१.९८ | ७७०७२७१.८ | ६१.९८ | ८४७७९९८.९ | ६१.९८ |
| | तटस्थ | | | | | | | | |
| **कुल जम्मा** | | | | ११३०४२९६.६४ | ११३०४२९७ | | १२४३४७२६ | | १३६७८१९९ |

२.७.६ पालिकाका गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू.)

| उपक्षेत्र | आयोजना र कार्यक्रम | श्रोत व्यवस्थापन (संघ, प्रदेश, स्थानीय) | आ. व. २०८१ /८२ को विनियोजन | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| | नारफु सडक (कोती-च्याँखु केन्द्र जोड्ने) | (संघ, प्रदेश, स्थानीय | ४०००००००० | ३०००००००० | ३०००००००० |
| | च्याँखु लघु जलविद्युत आयोजना | संघ र प्रदेश | २१०००००० | ७०००००० | ७०००००० |
| | | | | | |
| | च्याँखु र क्याङ एकीकृत बस्ती विकास | प्रदेश र पालिका | ३३३३००० | ३३३३००० | ३३३३००० |
| | मेता माध्यमिक आवासीय विद्यालय स्थापना र निर्माण | संघ र पालिका | १२५००००० | १२५००००० | |
| | उद्योगग्राम निर्माण | संघ र पालिका | ५०००००० | ५०००००० | ५०००००० |
| | | | | | |
| | ५ शैयाको पालिका स्तरीय अस्पताल निर्माण | संघ र पालिका | ३०००००००० | १०००००००० | १०००००००० |
| | विशेष कृषि क्षेत्र विकास कार्यक्रम ( च्याँखु, मेता, फु गाउँ) | प्रदेश र स्थानीय | ५०००००० | | |
| | ४२८५ मिटरको नारगाउँलाई नेपालको अग्लो गाउँ घोषणा कार्यक्रम | स्थानीय | ५००००० | | |

| उपक्षेत्र | आयोजना र कार्यक्रम | श्रोत व्यवस्थापन (संघ, प्रदेश, स्थानीय) | आ. व. २०८१ /८२ को विनियोजन | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| | मण्डला रंगशाला निर्माण कार्यक्रम | संघ र स्थानीय | ५००००००० | ५००००००० | ५००००००० |
| | पर्यटन गुरुयोजना निर्माण | स्थानीय | २०००००० | | |
| | एक लाख धूपी सल्लाको वृक्षारोपण कार्यक्रम | प्रदेश र स्थानीय | ३३००००० | ३३००००० | ३४००००० |
| | एकीकृत कृषि व्यवसाय कार्यक्रम | प्रदेश र स्थानीय | १५००००० | २०००००० | १५००००० |
| | एकीकृत पशु व्यवसाय कार्यक्रम | प्रदेश र स्थानीय | २०००००० | २०००००० | २५००००० |
| | नारफु ट्रायल-कोतो-फु-नार-काङला पास निर्माण | प्रदेश र स्थानीय | ५०००००० | ३०००००० | २०००००० |
| | पर्यटकीय Base Camp को व्यवस्थापन आयोजना | स्थानीय | २५००००० | १०००००० | ५००००० |
| | जडीबुटी व्यावसाय प्रवर्द्धन केन्द्र निर्माण | संघ, प्रदेश र स्थानीय | ५०००००० | ३०००००० | २०००००० |
| | नारफु भू संरक्षण र विपद व्यवस्थापन आयोजना | प्रदेश र स्थानीय | १५००००० | १६००००० | १७००००० |
| | खनिजजन्य वस्तु तथा धातुको उत्खनन् तथा अन्वेषणका लागि पहल गर्ने | | | | |
| | शुद्ध पिउने पानी (Mineral Water) उत्पादन, प्रशोधन र निर्यात आयोजना | स्थानीय | | | १०००००० |
| | नार्पा जातिको मौलिकतामा आधारित होमस्टे आयोजना | प्रदेश र स्थानीय | १७००००० | १८००००० | १६००००० |

२.७.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु)

| विषय क्षेत्र/ उपक्षेत्र | का. र ओ सं | आ.व.२०८१/८२ को खर्च प्रक्षेपण | | | | आ.व.२०८२/८३ को खर्च प्रक्षेपण | | | | आ.व.२०८३/८४ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुजीगत | वि | कुल | चालु | पुजीगत | वि | कुल | चालु | पुजीगत | वि |
| **आर्थिक क्षेत्र विकास** | | ५३९९४५२० | २००३०२३ | ५१९९१४९७ | | ५९३९३९७२ | २२०३३२५ | ५७१९०६४७ | ० | ६५३३३३६९ | २४२३६५७ | ६२९०९७१२ | |
| कृषि | | ८७०८७९४ | ४३५४४० | ८२७३३५४ | | ९५७९६७३ | ४७८९८४ | ९१००६८९ | | १०५३७६४० | ५२६८८२ | १००१०७५८ | |
| पशुपंक्षी विकास | | ८७०८७९४ | ४३५४४० | ८२७३३५४ | | ९५७९६७३ | ४७८९८४ | ९१००६८९ | | १०५३७६४० | ५२६८८२ | १००१०७५८ | |
| जलस्रोत तथा सिंचाइ | | ५२२५२७६ | १५६७५८ | ५०६८५१८ | | ५७४७८०४ | १७२४३४ | ५५७५३७० | | ६३२२५८४ | १८९६७८ | ६१३२९०७ | |
| उद्योग तथा वाणिज्य | | १७४१७५९ | ८७०८८ | १६५४६७१ | | १९१५९३५ | ९५७९७ | १८२०१३८ | | २१०७५२८ | १०५३७६ | २००२१५२ | |
| पर्यटन | | १७४१७५८७ | ५२२५२८ | १६८९५०५९ | | १९१५९३४६ | ५७४७८० | १८५८४५६५ | | २१०७५२८० | ६३२२५८ | २०४४३०२२ | |
| सार्वजनिक, निजी र सहकारी | | ३४८३५१७ | १७४१७६ | ३३०९३४२ | | ३८३१८६९ | १९१५९३ | ३६४०२७६ | | ४२१५०५६ | २१०७५३ | ४००४३०३ | |
| श्रम तथा रोजगारी र मानव संशाधन | | ८७०८७९४ | २६१२६४ | ८४४७५३० | | ९५७९६७३ | २८७३९० | ९२९२२८३ | | १०५३७६४० | ३१६१२९ | १०२२१५११ | |
| **सामाजिक क्षेत्र विकास** | | ३१३५१६५७ | ४९४६५९५ | २६४०५०६२ | ० | ३४४८६८२२ | ५४४१२५४ | २९०४५५६८ | ० | ३७९३५५०४ | ५९८५३८० | ३१९५०१२५ | ० |
| शिक्षा | | ५२२५२७६ | १५६७५८ | ५०६८५१८ | | ५७४७८०४ | १७२४३४ | ५५७५३७० | | ६३२२५८४ | १८९६७८ | ६१३२९०७ | |
| स्वास्थ्य | | ६९६७०३५ | ६९६७०३ | ६२७०३३१ | | ७६६३७३८ | ७६६३७४ | ६८९७३६४ | | ८४३०११२ | ८४३०११ | ७५८७१०१ | |
| खानेपानी तथा सरसफाइ | | ८७०८७९४ | ४३५४४० | ८२७३३५४ | | ९५७९६७३ | ४७८९८४ | ९१००६८९ | | १०५३७६४० | ५२६८८२ | १००१०७५८ | |
| युवा तथा खेलकुद | | ५२२५२७६ | १०४५०५५ | ४१८०२२१ | | ५७४७८०४ | ११४९५६१ | ४५९८२४३ | | ६३२२५८४ | १२६४५१७ | ५०५८०६७ | |
| कला तथा संस्कृति | | १७४१७५९ | ८७०८७९ | ८७०८७९ | | १९१५९३५ | ९५७९६७ | ९५७९६७ | | २१०७५२८ | १०५३७६४ | १०५३७६४ | |
| लक्षित समूह विकास | | १७४१७५९ | ८७०८७९ | ८७०८७९ | | १९१५९३५ | ९५७९६७ | ९५७९६७ | | २१०७५२८ | १०५३७६४ | १०५३७६४ | |
| **पूर्वाधार क्षेत्र विकास** | | ६९६७०३४८ | ७४०२४७४ | ६२२६७८७४ | ० | ७६६३७३८३ | ८१४२७२२ | ६८४९४६६१ | ० | ८४३०११२१ | ८९५६९९४ | ७५३४४१२७ | ० |
| सडक, ढल तथा पुलपुलेसा | | ३४८३५१७४ | ३४८३५१७ | ३१३५१६५७ | | ३८३१८६९१ | ३८३१८६९ | ३४४८६८२२ | | ४२१५०५६१ | ४२१५०५६ | ३७९३५५०४ | |
| ऊर्जा तथा संचार | | ८७०८७९४ | १३०६३१९ | ७४०२४७४ | | ९५७९६७३ | १४३६९५१ | ८१४२७२२ | | १०५३७६४० | १५८०६४६ | ८९५६९९४ | |
| आवास/भवन निर्माण तथा वस्ती विकास | | २७८६८१३९ | २७८६८१४ | २५०८१३२५ | | ३०६५४९५३ | ३०६५४९५ | २७५८९४५८ | | ३३७२०४४८ | ३३७२०४५ | ३०३४८४०४ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पूर्वाधार संचालन कोष | | | | | | | | | | | | | |
| संघीय सरकार, प्रदेश सरकार समपूरक कोष, जग्गा प्राप्ती | | | | | | | | | | | | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | **१०४५०५५२** | **१०९७३०८** | **९३५३२४४** | **०** | **११४९५६०७** | **१२०७०३९** | **१०२८८५६९** | **०** | **१२६४५१६८** | **१३२७७४३** | **११३१७४२६** | **०** |
| वन तथा वातावरण | | १७४१७५९ | ३४८३५२ | १३९३४०७ | | १९१५९३५ | ३८३१८७ | १५३२७४८ | | २१०७५२८ | ४२१५०६ | १६८६०२२ | |
| विपद् व्यवस्थापन | | ६९६७०३५ | ६९६७०३ | ६२७०३३१ | | ७६६३७३८ | ७६६३७४ | ६८९७३६४ | | ८४३०११२ | ८४३०११ | ७५८७१०१ | |
| वातावरण संरक्षण र जलवायु संरक्षण | | १७४१७५९ | ५२२५३ | १६८९५०६ | | १९१५९३५ | ५७४७८ | १८५८४५७ | | २१०७५२८ | ६३२२६ | २०४४३०२ | |
| **संस्थागत क्षेत्र विकास** | | **८७०८७९४** | **४३५४३९७** | **४३५४३९७** | **०** | **९५७९६७३** | **४७८९८३६** | **४७८९८३६** | **०** | **१०५३७६४०** | **५२६८८२०** | **५२६८८२०** | **०** |
| संस्थागत क्षमता विकास योजना | | ३४८३५१७ | १७४१७५९ | १७४१७५९ | | ३८३१८६९ | १९१५९३५ | १९१५९३५ | | ४२१५०५६ | २१०७५२८ | २१०७५२८ | |
| मानव संशाधन विकास | | ३४८३५१७ | १७४१७५९ | १७४१७५९ | | ३८३१८६९ | १९१५९३५ | १९१५९३५ | | ४२१५०५६ | २१०७५२८ | २१०७५२८ | |
| सुशासन | | १७४१७५९ | ८७०८७९ | ८७०८७९ | | १९१५९३५ | ९५७९६७ | ९५७९६७ | | २१०७५२८ | १०५३७६४ | १०५३७६४ | |
| **कुल जम्मा** | | **१७४१७५८७०** | **१९१७६७६३** | **१५४९९११०७** | **०** | **१९१५९३४५७** | **२१०९४४४०** | **१७०४९९०१७** | **०** | **२१०७५२८०३** | **२३२०३८८४** | **१८७५४८९१९** | **०** |

नार्पा भूमि गाउँपालिका

# परिच्छेद ३
# आर्थिक क्षेत्र

नार्पा भूमि गाउँपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसँग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

**आर्थिक विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रू.)**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | प्रदेश सरकार | नेपाल सरकार |
| आर्थिक वर्ष २०८१/८२ | ५३,९९४,५२० | २,००३,०२३ | ५१,९९१,४९७ | | ५,३७३,६५२ | ३,२१८,१६७ | ४५,१६०,०५९ |
| आर्थिक वर्ष २०८२/८३ | ५९,३९३,९७२ | २,२०३,३२५ | ५७,१९०,६४७ | | ५,९११,०१७ | ३,५३९,९८४ | ४९,६७६,०६५ |
| आर्थिक वर्ष २०८३/८४ | ६५,३३३,३६९ | २,४२३,६५७ | ६२,९०९,७१२ | | ६,५०२,११९ | ३,८९३,९८२ | ५४,६४३,६७२ |

## ३.१ कृषि

### ३.१.१ पृष्ठभूमि

नर्पा भूमि गाउँपालिकाको वस्तुगत विवरण २०७५ अनुसार यस पालिकामा खेतीयोग्य जमिन खेत ३२४ रोपनी र बारी ४९ रोपनी गरी जम्मा ३७३ रोपनी रहेको छ । त्यसमध्ये करिब ६० प्रतिशत जमिनमा सिंचाइ सुविधा उपलब्ध रहेको छ भने ४० प्रतिशत जमिनमा सिंचाइ सुविधा पुगेको छैन । गाउँपालिकाका उपी, नारगाउँ, मेता, भुनाम, च्याँखु, क्याङ, फु लगायतका स्थानहरू खाद्यान्न उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छन् ।

नर्पा भूमि गाउँपालिकाका सरोकारवालासँगको अन्तर्क्रियाबाट प्राप्त तथ्यका आधारमा यस पालिकामा मुख्य गरी करु/उवा, आलु, मूला, सलगम, गाँजर, गोलभेडा, बन्दा, काउली, काक्रो, फर्सी, प्याज, रायो, मेथी, जिम्बु आदि उत्पादन गर्ने गरिन्छ । फलफूल (स्याउ) खेती र आलुको उत्पादन पर्याप्त मात्रामा हुने भएकाले यी बालीको उत्पादनमा वृद्धि गरी व्यापारका माध्यमबाट आय आर्जनमा टेवा पुऱ्याउन सकिन्छ ।

परम्परागत कृषि प्रणालीमा आधारित रहेकाले कृषि पेशा केवल जीविकोपार्जनमा मात्र सीमित हुन पुगेको छ। परम्परागत कृषि प्रणालीमा प्रविधीकरण गरी कृषकहरूलाई व्यावसायिक बनाई आधुनिक कृषि प्रणालीमा जोड दिएमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

माटो र हावापानी सुहाउँदो खेती गर्ने चलनको कमी, खेतीयोग्य जमिनमा खेती नगर्नु, भिरालो पाखाहरूमा भूबनोट अनुसारको व्यावसायिक फलफूल तथा लहरे खेती नगर्नु, व्यवस्थित सिंचाइ नहुनु, जल र जमिनको सदुपयोग गर्न नसक्नु, व्यावसायीकरणको दिगो योजना नहुनु, उन्नत जातका बीउबिजन र प्रविधिको प्रयोग नहुनु, प्राविधिक जनशक्तिको अभाव हुनु, कृषि उपजको बिक्री वितरणका लागि सडक पहुँच, बजारीकरण, संकलन केन्द्र र मूल्य स्थिरताको समस्या

हुनु, उत्पादकत्व बढाउने प्रयास नहुनु, परम्परागत स्थानीय रैथाने जातका खाद्यान्न बालीको महत्व बुझाउन र संरक्षण गर्न नसकेर लोप हुँदै जानु, माटोको नियमित परीक्षण नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, कृषि बिमाको अभ्यासको कमी र संकलन केन्द्रको अभाव मुख्य समस्याका रूपमा रहेका छन् । जलवायु परिवर्तन र त्यसले पुऱ्याउने क्षतिका बारेमा यथेष्ट जानकारी नहुनु, प्राकृतिक प्रकोप तथा विभिन्न किसिमका कृषिजन्य रोग र कतिपय जंगली जनावर तथा पंक्षीबाट बालीनाली जोगाउनु चुनौती रहेको छ ।

### ३.१.३ सोच

**"नर्पा भूमि गाउँपालिकाको आत्मनिर्भरताका लागि कृषिको व्यावसायीकरण"**

### ३.१.४ लक्ष्य

- कृषिको यान्त्रिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषिमा आत्मनिभर हुदै क्रमश निर्यात गर्ने,

### ३.१.५ उद्देश्य

- कृषि पेशालाई सम्मानित पेशाको रूपमा विकास गर्नु,
- दक्ष कृषि जनशक्तिको उत्पादन गरी आधुनिक कृषि पेशामा जोड्नु,
- उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर गाउँपालिका बनाउनु,
- कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु,
- कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि गर्नु र
- कृषि उपजको बजारीकरण तथा निर्यातको लागि व्यावसायिक कृषि उत्पादनलाई बजार संजालमा जोड्नु ।

### ३.१.६ रणनीति

- कृषि क्षेत्रको व्यावसायीकरण गरी समग्र कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भर कृषि प्रणालीको विकास गर्ने,
- कृषि उपजको बजारीकरणका लागि कृषकलाई बजार सञ्जालमा जोड्न सहयोग गर्ने,
- बाली बिमामा जोड,
- कृषिमा यान्त्रिकीकरण मार्फत् लागत घटाइ युवा जनशक्तिलाई आकर्षित गर्ने,

### ३.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तर** | | | | | | | |
| १ | पालिका भित्र आवश्यक पर्ने फलफूल तथा तरकारीजन्य वस्तुको नर्सरी स्थापना | वटा | पालिका स्तर | १ | | | १ | १०००००० |
| २ | कृषक भ्रमण कार्यक्रम | पटक | पालिका स्तर | | १ | | १ | ३७५००० |
| ३ | रैथाने बाली प्रबर्द्धन कार्यक्रम | पटक | पालिका स्तर | १ | १ | १ | ३ | ४५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | उत्पादनको आधारमा अनुदान कार्यक्रम | पटक | पालिका स्तर | १ | १ | १ | ३ | ९००००० |
| ५ | फलफूल, तरकारी र खाद्यान्न बाली पकेट विकास कार्यक्रम | पटक | पालिका स्तर | १ | १ | १ | ३ | ९००००० |
| ६ | तरकारी ढुवानी अनुदान कार्यक्रम | पटक | पालिका स्तर | १ | १ | १ | ३ | ६००००० |
| ७ | चिस्यान केन्द्र निर्माण | वटा | पालिका स्तर | | १ | | १ | १२५००००० |
| ८ | जडिबुटीको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका लागि पकेट क्षेत्र निर्धारण | | पालिका स्तर | १ | | | १ | २७५०००० |
| ९ | जडिबुटी संकलन केन्द्र स्थापना | | पालिका स्तर | | १ | | १ | १०००००० |
| १० | जडिबुटी ढुवानी अनुदान कार्यक्रम | पटक | पालिका स्तर | | १ | | १ | ४०९०२७.५ |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | खेतीयोग्य जमिन छेकबार | मि. | नार | ७०० | ७०० | ७०० | २१०० | १८००००० |
| २ | आधुनिक कृषि औजार वितरण | पटक | | १ | १ | १ | ३ | १२००००० |
| ३ | उत्पादित खाद्य तथा फलफूल वस्तुको बजारीकरणको लागि सहजीकरण | पटक | वडा नं. १ | १ | १ | १ | ३ | ४५०००० |
| ४ | आलु, जौं, करु, फापरको बीउ वितरण | पटक | वडा नं. १ | १ | १ | १ | ३ | ४८०००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| २ | जिम्बु खेती + branding | २० रोपनी | फु गाउँ | १ | १ | १ | ३ | ९००००० |
| ३ | आलु खेती प्रबर्द्धन कार्यक्रम | ५० रोपनी | फु गाउँ | १ | १ | १ | ३ | ४८०००० |
| ४ | उत्पादित खाद्य तथा फलफूल वस्तुको बजारीकरण | १० रोपनी | क्याङ , फु गाउँ | १ | १ | १ | ३ | १२००००० |
| ५ | स्याउ खेती अध्ययन | | क्याङ | १ | १ | १ | ३ | ९००००० |
| ६ | तोरी खेती प्रबर्द्धन | ३ रोपनी | फु र क्याङ | १ | १ | १ | ३ | ३००००० |
| | **जम्मा** | | | | | | | **२८५९४०२७.५** |

### ३.१.८ अपेक्षित उपलब्धी

कृषि पेशामा समाजका दक्ष र शिक्षित युवा, ख्यातिप्राप्त लब्ध प्रतिष्ठित व्यक्तिहरू आवद्ध भई सम्मानित पेशाको रूपमा विकास भएको हुनेछ। कृषिमा उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजमा आत्मनिर्भर गाउँपालिका भएको हुनेछ। कृषिलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गरी उद्योगको रूपमा विकास भएको हुनेछ। कृषि उद्यमी तथा उद्योगको विकास गरी आय तथा रोजगारी वृद्धि भएको हुनेछ। कृषि उपजको बजारीकरण तथा निर्यातको लागि व्यावसायिक कृषि उत्पादनलाई बजार संजालमा जोडिएको हुनेछ। कृषि क्षेत्रको यान्त्रिकीकरण,

व्यावसायीकरण र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आयातमा कमी र निर्यातमा प्रबर्द्धन गर्दै कृषि क्षेत्रले नर्पा भूमि गाउँपालिकाको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान गरेको हुनेछ ।

## ३.२ पशुपंछी

### ३.२.१ पृष्ठभूमि

नर्पा भूमि गाउँपालिकामा पशुपालनको रूपमा चौरी गाई, स्थानीय जातको गाई, लुलु गाई, च्याङग्रा, भेडा, घोडा, खच्चड आदि पालन गर्ने प्रचलन रहेको छ । पशु पालनको यो परम्परागत प्रचलनलाई व्यावसायिक बनाउन नसक्दा कृषकहरूले अपेक्षित लाभ लिन सकिरहेका छैनन् । पशुपालनका लागि हावापानी, चरण क्षेत्र, खर तथा डाले घाँसको स्रोत, पानीको पर्याप्तता र परम्परादेखि पशुपालनप्रति स्थानीय कृषकहरूको लगावलाई हेर्दा यो गाउँपालिका पशुपालनका दृष्टिले राम्रो सम्भावना रहे तापनि हिउँदो यामको अत्यधिक चिसो, हिमपात र चरण क्षेत्रको अभावले यो पेशाप्रति चुनौतीहरू थपिएका छन् । व्यावसायिक पशुपालन गरी आर्थिक उपार्जनका माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन कृषकहरूको क्षमता विकास गरी वित्तीय लगानी सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

नर्पा भूमि गाउँपालिकाका सरोकारवालासँगको अन्तर्क्रियाबाट प्राप्त तथ्यका आधारमा यस गाउँपालिकामा १४ घरपरिवार भेडा पालनमा र २६ घरपरिवार चौरी पालन व्यवसायमा संलग्न रहेका छन् । भू-बनोट, हावा पानी, चरिचरण क्षेत्र आदिका आधारमा हेर्दा यहाँ भेडा, च्याङग्रा, चौरी, लुलु गाई, घोडा पालन तथा खच्चड उत्पादन गरी व्यावसायिक पशुपालनका माध्यमबाट यहाँका बासिन्दालाई आत्मनिर्भर बनाउन सकिन्छ ।

### ३.२.२ समस्या र चुनौती

परम्परागत कृषि प्रणालीमा सीमित हुनु, व्यावसायिक प्रयोजनका लागि आधुनिकीकरण गरी पशुपंक्षीको पालन नगर्नु, परम्परागत प्राकृतिक घाँसमा मात्रै निर्भर हुनु, पोसिलो घाँस, गोठ, भकारा र खोरहरू पशुपंक्षी मैत्री नहुनु, दक्ष प्राविधिक सेवाको अभाव हुनु, सरल कर्जाको व्यवस्था नहुनु, दुग्धजन्य तथा मासुजन्य वस्तुले उचित मूल्य र सहज बजार पाउन नसक्नु, किसानहरूको व्यावसायिक दक्षता अभिवृद्धिमा संस्थागत ध्यान नजानु समस्याको रूपमा रहेका छन् । विभिन्न रोग प्रतिरोधात्मक औषधीको अभाव, पशु स्वास्थ्य उपकरणको अभाव, नश्ल सुधार सेवाको कमी, भेट्नरी प्रसार सेवाको कमी हुनु मुख्य चुनौती रहेका छन् ।

### ३.२.३ सोच

**"पशुपंक्षी क्षेत्रको व्यावसायिक विकास आर्थिक सबलताको आधार"**

### ३.२.४ लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा व्यावसायीकरण गरी पशु तथा पोषण सुरक्षामा गाउँपालिकाबासीको आय स्तरमा सुधार ल्याउने ।

### ३.२.५ उद्देश्य

- गाउँपालिका सम्भाव्य वडाहरूमा उन्नत पशुपंक्षीमा विविधीकरण र व्यावसायीकरण गरी स्थानीय गाई र चौरी गाईको दुध उत्पादनमा वृद्धि गर्न नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार, पशु स्वास्थ्य सेवामा सुधार गर्नु,
- गाउँपालिकाका सम्भाव्य वडाहरूमा व्यावसायिक भेंडा, च्याङग्रा, याक जस्ता मासुजन्य पशु पालन व्यवसायलाई व्यावसायीकरण गर्न आवश्यक नश्ल सुधार, गोठ तथा खोर सुधार, पशु आहारा र पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा वृद्धि गर्नु,
- व्यावसायिक जोखिमको न्यूनीकरणका लागि पशुपंक्षी बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पशुजन्य उत्पादन (दुध, दही, घ्यू र मासु)को बजार व्यवस्था गर्नु र

- गाउँपालिकाको भौगोलिक अवस्थिति, हावापानी तथा प्रचलित कृषि प्रणालीमा व्यावसायिक खरायो पालनको संभावना निकै राम्रो देखिएकोले सम्भाव्य स्थानहरूमा खरायो पालन कार्यक्रम सञ्चालन गर्नु ।

### ३.२.६ रणनीति

- पशुपंक्षी पालनमा व्यावसायीकरण गरी समग्र पशुपंक्षी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने,
- उत्पादित पशुपंछीको बजारीकरणका लागि पशुपालक कृषकहरूलाई बजार सञ्जालमा जोड्न सहयोग गरिनेछ ।
- पशुपंक्षी पालक किसान व्यावसायहरूमा आउने जोखिम कम गर्नका लागि पशु बिमा कार्यक्रम लागु गरिनेछ ।

### ३.२.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तर** | | | | | | | |
| १ | पशुवस्तु नश्ल सुधार प्रबर्द्धन कार्यक्रम (गाई, घोडा, भेडा) | पटक | पालिका स्तर | १ | १ | १ | ५ | ६०००००० |
| ३ | भेडा, च्याङ्ग्रा र खरायोको ऊन संकलन तथा प्रशोधनका लागि औजार वितरण | पटक | पालिका स्तर | १ | १ | १ | ५ | ९००००० |
| ४ | पशु कृषक भ्रमण कार्यक्रम | पटक | पालिका स्तर | १ | | | २ | ७५०००० |
| ६ | ऊन प्रशोधन केन्द्र निर्माणका लागि भौतिक पूर्वाधारको व्यवस्था गरेको व्यक्ति वा संस्थालाई एक पटकका लागि प्रोत्साहन स्वरूप अनुदान | पटक | पालिका स्तर | | | १ | १ | २५००००० |
| ११ | पशुपन्छी पालनसँग सम्बन्धित विभिन्न तालिमहरू | पटक | पालिका स्तर | १ | १ | १ | ५ | ९००००० |
| १२ | पशु आहार कार्यक्रम (घाँस खेती, | | पालिका स्तर | | | | | १३४५९०२८ |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | याक सरंक्षण, प्रबर्द्धन कार्यक्रम | पटक | नार | १ | १ | १ | ५ | ६००००० |
| २ | गोठ खोर सुधार कार्यक्रम | पटक | नार | १ | १ | १ | ५ | ६००००० |
| ३ | औषधि उपचार कार्यक्रम | पटक | नार | १ | १ | १ | ५ | ४५०००० |
| ४ | हिमाली प्रजातीका भेडा, च्याङ्ग्राको पकेट कार्यक्रम | पटक | नार | | १ | | १ | ७५०००० |
| | **वडा नं. ४, ५** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | याक, चौरी गोठ सुधार कार्यक्रम | ७ वटा गोठ | क्याङ र फू गाउँ | १ | १ | १ | ५ | ९००००० |
| २ | भेडा पालन विस्तार कार्यक्रम | २ गोठ | क्याङ र फू गाउँ | १ | १ | १ | ५ | ९००००० |
| ३ | लुलु गाई संरक्षण प्रबर्द्धन | घरधुरी | क्याङ र फू गाउँ | ४ | ४ | ४ | २० | ६००००० |
| | **जम्मा** | | | | | | | २९३०९०२८ |

### ३.२.८ अपेक्षित उपलब्धि

गाउँपालिकाका सम्भाव्य वडाहरूमा उन्नत पशुपंक्षीमा विविधीकरण र व्यावसायीकरण गरी गाई र भैंसीको दुध उत्पादनमा वृद्धि गर्न नश्ल सुधार, पशु आहार व्यवस्थापन, गोठ सुधार, पशु स्वास्थ्य सेवामा सुधार गरिएको हुनेछ । मासुजन्य पशुपंक्षी पालन व्यवसायलाई व्यावसायीकरण गर्न गाउँपालिकाका सम्भाव्य वडाहरूमा व्यावसायिक भेडा, च्याङ्ग्रा, याक जस्ता पशुपंक्षीमा आवश्यक नश्ल सुधार, गोठ तथा खोर सुधार, पशु आहारा र पशु स्वास्थ्य सेवामा सुधार गरी उत्पादकत्व र उत्पादनमा वृद्धि भएको हुनेछ । व्यावसायिक जोखिमको न्यूनीकरणका लागि पशुपंक्षी बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको हुनेछ । पशु तथा पशुपंक्षीजन्य उत्पादन (दुध, दही, घ्यू र मासु) को बजार व्यवस्था गर्नका लागि संकलन केन्द्र तथा कृषकहरूलाई बजार सञ्जालमा जोडिएको हुनेछ । गाउँपालिकाको भौगोलिक अवस्थिति, हावापानी तथा प्रचलित कृषि प्रणालीमा व्यावसायिक खराये पालनको संभावना निकै राम्रो देखिएकोले सम्भाव्य स्थानहरूमा खरायो पालन कार्यक्रम सञ्चालन गरिएको हुनेछ । स्वच्छ एवम् गुणस्तरीय पशुपंक्षी उत्पादनमा व्यावसायीकरण भइ खाद्य तथा पोषण सुरक्षामा गाउँपालिकाले आयातमा कमी र निर्यातमा वृद्धि गरी आत्मनिर्भर भएको हुनेछ । पशुपंछी क्षेत्रको विकास विस्तार र व्यावसायीकरणका माध्यमबाट कृषकको आयआर्जनमा वृद्धि भई नर्पा भूमि गाउँपालिकाको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान गरेको हुनेछ ।

## ३.३ सिँचाइ

### ३.३.१ पृष्ठभूमि

नेपाल परम्परागत कृषिबाट विस्तारै आधुनिक कृषि प्रणालीतर्फ रूपान्तरण हुँदै गैरहेको छ । कृषिको आधुनिकीकरणका लागि वैज्ञानिक कृषि प्रणालीको आवश्यकता पर्दछ । कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुर्‍याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्थापन गर्न आवश्यक छ । नर्पा भूमि गाउँपालिकाको भूबनोटको प्रकृति र पानीका स्रोतको अवस्थालाई हेर्दा ६० प्रतिशत खेतीयोग्य जमिनमा परम्परागत सिंचाइ भएको र खोला तटीय क्षेत्रमा साना सिंचाइका कार्यक्रमहरू संचालन भएका छन् । यस पालिकाका प्रायः ठुला बस्तीहरू उच्च स्थानमा रहेका र बस्तीसँगै कृषिजन्य जमिन रहेकाले सिंचाइ आयोजना संचालन गर्न तुलनात्मक रूपमा जटिल रहेको छ । भूबनोट, हावापानी र माटोको प्रकृतिलाई हेर्दा खाद्यान्नजन्य उपज भन्दा फलफूल तथा नगदेबालीका लागि उपयुक्त रहेको छ । नर्पा भूमि गाउँपालिकाको विभिन्न वडाहरूमा विभिन्न साना तथा परम्परागत सिंचाइ आयोजनाहरू सञ्चालित रहे तापनि गाउँपालिकाका अधिकांश भू-भागमा सिंचाइ सुविधा पुगी रहेको अवस्था छैन ।

### ३.३.२ समस्या तथा चुनौती

सिंचाइका श्रोतहरूको संरक्षण तथा परम्परागत कुलोको मर्मत संभार नहुनु, सिंचाइका लागि परम्परागत कुलोलाई जोखिम रहित नहरमा रूपान्तरण गरी सिंचाइको दिगो व्यवस्थापन गर्न नसक्नु, प्राकृतिक नदी प्रणाली (Run off the river) मा आधारित भएकाले बाह्रै महिना एकै नासले सिंचाइको भरपर्दो सेवा पुर्‍याउन नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । कृषियोग्य भूमिमा नवीनतम् प्रविधिको छनोट गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन साना सिंचाइ प्रणाली निर्माण गर्न नसक्नु, जलवायु परिवर्तनबाट सिर्जित असरका कारण पानीको

उपलब्धतामा आएको जोखिम व्यवस्थापन नगर्नु, लिफ्ट पद्धतिबाट सिंचाइ सुविधा पुऱ्याउन नसक्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ३.३.३ सोच

**"सिंचाइमा नवीनतम् प्रविधिको प्रयोग-उत्पादन र उत्पादकत्व वृद्धिमा उपयोग"**

### ३.३.४ लक्ष्य

- नवीनतम् प्रविधिको उपयोग मार्फत् कृषियोग्य भूमिमा दिगो एवं भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउने,

### ३.३.५ उद्देश्य

- सबै कृषियोग्य भूमिमा सिंचाइ सेवा विस्तार गरी वर्षैभरि भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउनु,
- उपलब्ध सिंचाइको बहुउद्देश्यीय उपयोगमा जोड दिनु र
- परम्परागत रूपमा सञ्चालित सिंचाइका क्षेत्रहरूको नियमित मर्मत सम्भार र स्तरोन्नति गर्नु ।

### ३.३.६ रणनीति

- गाउँपालिकाभित्रका सिंचाइयोग्य जलस्रोतको पहिचान, संरक्षण र दिगो व्यवस्थापन गर्ने
- परम्परागत रूपमा संचालित सिंचाइ प्रणालीको मर्मत संम्भार र क्षमता विकास गर्ने
- सिंचाइमा नवीनतम् प्रविधिको उपयोग गरी कृषि योग्य जमिनमा सिंचाइ सुविधा विस्तार गर्ने,

### ३.३.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तर** | | | | | | | |
| १ | सिंचाइका लागि पानी संकलन ड्याम निर्माण | वर्ष | पालिका | १ | | १ | २ | ७९५०४१७ |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | कुलो निर्माण | | नार | | १ | | ६ | ३०००००० |
| २ | पाइप (ठुलो) | मिटर | | | | | ४०० | ६००००० |
| | **वडा नं. ४, ५** | | | | | | | ० |
| १ | कुलो निर्माण, पाइप लाइन निर्माण | वटा | क्याङ र फू गाउँ | | | १ | ११ | ६०००००० |
| | **जम्मा** | | | | | | | **१७५५०४१६.५** |

### ३.३.८ अपेक्षित उपलब्धी

खोला तटीय क्षेत्रका फाँटहरूमा सिंचाइका लागि परम्परागत कुलोलाई जोखिम रहित नहरमा रूपान्तरण गरी सिंचाइको दिगो व्यवस्थापन गरिएको हुनेछ । परम्परागत कुलोको मर्मत संभार र संरक्षण गर्नका लागि सार्वजनिक जवाफदेहिताको विकास भएको हुनेछ । सिंचाइ सुविधाबाट वञ्चित रहेका पाखाबारीका लागि नवीनतम् प्रविधि लिफ्ट पद्धतिबाट सिंचाइ सुविधा पुऱ्याइएको हुनेछ । जलवायु परिवर्तनका कारण प्राकृतिक मुहानहरू सुक्दै गैरहेको अवस्थामा उपलब्ध पानीको स्रोतमाथि चाप बढेकाले सिंचाइ तथा जल उपयोग क्षमता न्यून भइरहेको सन्दर्भमा अधिकांश सिंचाइ योजना प्राकृतिक

नदी प्रणाली (Run off the river) मा आधारित भएकाले बाह्रै महिना एकैनासले सिंचाइको भरपर्दो सेवा पुर्‍याउन ठुला तथा बहुउद्देश्यीय आयोजनामा पर्याप्त लगानी गरिएको हुनेछ ।

## ३.४ उद्योग तथा वाणिज्य

### ३.४.१ पृष्ठिभूमि

नेपालको संविधानले सार्वजनिक, सहकारी र निजी गरी तीन खम्बे अर्थ नीति अवलम्बन गरेको छ। अर्थतन्त्रको विकासका लागि उद्योग धन्दा, कलकारखाना र विकासका ठुला परियोजनाहरू संचालन गर्नुपर्दछ । प्राकृतिक तथा मानवीय स्रोत साधनको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिनुपर्दछ । औद्योगिक क्षेत्रमा निजी, स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधार निर्माण गर्नुपर्दछ । निजी क्षेत्रलाई प्रोत्साहन र परिचालन गर्ने नीति लिनुपर्दछ । औद्योगिक लगानीले औद्योगिक उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, स्रोत साधनको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धनको मार्ग प्रशस्त गर्दछ । निर्यात प्रबर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरूको प्रबर्द्धनको माध्यमबाट गरिबी न्यूनीकरण गर्नेतर्फ यस योजनाले जोड दिएको छ । उत्पादनका मुख्य तत्वहरू जमिन, पुजी र श्रम हुन् । उद्यमशीलता उत्पादन प्राप्त गर्ने सीप हो । परनिर्भर अर्थतन्त्रबाट सानो स्तरमा भए पनि आत्मनिर्भर बन्न उद्यमशीलताले मद्दत पुर्‍याउँछ । सिर्जनशील सोच, उपयुक्त वातावरण र सामुहिकताबाट उद्यमशीलताको विकास गर्न सकिन्छ । उद्यमशीलता सामान्य जस्तो लागे पनि यसले देशको अर्थतन्त्रलाई मजबुत बनाउन सहयोग गर्दछ । खासमा उद्यमशीलता स्वरोजगार हुने एक सोच र कार्य हो ।

### ३.४.२ समस्या र चुनौती

व्यापारीहरूको ज्ञान, सीप, पुजी र अनुभवलाई अध्यावधिक गरी व्यावसायिक तथा औद्योगिकीकरणमा जोड्न नसक्नु, उद्यमीको चाहनालाई एकीकृत गरी व्यावसायिक बनाउन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ । लक्षित समूह पहिचान गर्न नसक्नु, नीतिको अभाव र लगानी मैत्री वातावरण नहुनु, उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको कमी हुनु प्रमुख चुनौतीको रूपमा रहेको छ ।

### ३.४.३ सोच

**"उद्यमशीलताको विकास, दिगो अर्थतन्त्र निर्माणको आधार"**

### ३.४.४ लक्ष्य

- नर्पा भूमि गाउँपालिकाबासीको उद्यमशीलताको विकास, विस्तार र प्रविधीकरण गरी उद्योग क्षेत्रको स्थापना मार्फत् आय तथा रोजगारी वृद्धि गर्ने ।

### ३.४.५ उद्देश्य

- नागरिकमा उद्यमशीलताको विकास गरी स्थानीय तहमा औद्योगिकीकरण गर्नु,
- उद्योगहरूको स्थापना र उत्पादन वृद्धि गरी कुल ग्रार्हस्थ्य उत्पादन बढाउनु,
- उद्योग क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु र
- आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनमा योगदान पुर्‍याउनु ।

### ३.४.६ रणनीति

- स्थानीय स्रोत, साधन र सीप तथा बजार मागमा आधारित उद्यम व्यवसायको स्थापना गर्न एकीकृत सेवाहरू प्रदान गर्ने,

- सार्वजनिक, निजी र सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने
- श्रम तथा रोजगारी र माव संशाधनको विकास गर्ने,
- परम्परागत सीपहरूको आधुनिकीकरण गर्ने,
- प्राकृतिक स्रोतहरू जल, जमिन, जंगल, जडिवुटी, खनिजको समुचित उपयोग गर्ने,
- वैदेशिक रोजगारीबाट फर्केका विप्रेषण प्राप्त परिवारलाई उद्यम स्थापनामा सहजीकरण गर्ने र सुरक्षित आप्रवासको सुनिश्चितता गर्ने,
- वाणिज्य तथा व्यापार प्रबर्द्धन गर्ने,

### ३.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तर** | | | | | | | |
| १ | राडीपाखी र घरेलु कपडा उत्पादन गर्ने साना उद्यमीहरूलाई प्रबर्द्धन गर्न औजारहरू वितरण | वर्ष | पालिकास्तर | १ | | | १ | ५००००० |
| २ | विजुली घट्ट मिल सुधार | वर्ष | पालिकास्तर | १ | | | १ | ५००००० |
| ३ | स्याउ जुस मेसिन खरिद | वर्ष | पालिकास्तर | | | १ | १ | ५००००० |
| ४ | घरेलु धागो फ्याक्ट्री | वर्ष | पालिकास्तर | | १ | | | ५००००० |
| ५ | हस्तकला उद्योग | वर्ष | पालिकास्तर | | | | | ३१३३६११ |
| ६ | सुधारिएको घट्ट (पानी घट्ट) मर्मत सम्भार | वर्ष | पालिकास्तर | | | १ | १ | |
| ७ | खानी तथा खनिजजन्य धातुको परीक्षणका लागि अध्ययन, अनुसन्धान, अन्वेषण र उत्खननका लागि आवश्यक पहल गर्ने | | | १ | | १ | ३ | ६६६६६६.६६६७ |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | उनी लुगा कपडा (राडीपाखी) | घरधुरी | नार | १० | १० | १० | %) | ३००००० |
| २ | उन उत्पादन | घरधुरी | वडा नं. १, २, ३ | १२ | १२ | १२ | ^) | ३००००० |
| ३ | चिज घिऊ उत्पादन | घरधुरी | वडा नं. १, २, ३ | १० | १० | १० | ५० | ३००००० |
| ४ | राडीपाखी कुटिर उद्योग स्थापनाका लागि भौतिक संरचना निर्माण गरेका व्यक्तिका लागि एक पटकलाई सहयोग | वर्ष | वडा नं. १, २, ३ | | १ | | १ | ३३३३३३.३३३३ |
| ५ | चिप्स फ्याक्ट्री (आलु, स्याउ) | | वडा नं. १, २, ३ | | | १ | १ | ५००००० |
| ६ | सिलाइ बुनाइ तालिम | | वडा नं. १, २, ३ | १ | | | १ | ५००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | फेर्पा, पाइन्ट, गलैंचा, पञ्जा, टोपी बुन्ने कार्यक्रम | पटक | क्याङ र फु गाउँ | १ | | | २ | २५०००० |
| | **जम्मा** | | | | | | | **८२८३६११** |

### ३.४.८ अपेक्षित उपलब्धि

उद्यमशील जनशक्तिको विकास भई उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको हुनेछ । स्थानीय स्तरका सम्भाव्य क्षेत्रहरूमा लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालन मार्फत् आयात न्यूनीकरण भै निर्यात प्रबर्द्धन भएको हुनेछ। गाउँपालिकाको अर्थतन्त्र विकासमा उद्यमशील जनशक्तिको योगदान वृद्धि भएको हुनेछ। बैंक, वित्तीय संस्था तथा सहकारीले उद्यमशीलता विकास कर्जा प्रवाह गर्ने दरमा वृद्धि भएको हुनेछ । घरेलु सीपको संरक्षण तथा नवीनतम् प्रविधिको उपयोग उद्यमीहरूले गरेका हुनेछन् । वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्यामा कमी आई स्वदेशमै रोजगारी गर्ने युवाहरूको संख्यामा वृद्धि भएको हुनेछ।

## ३.५ सार्वजनिक, निजी र सहकारी साझेदारी

### ३.५.१ पृष्ठभूमि

संघ, प्रदेश र स्थानीय तीन वटै तह मार्फत् हुने विकासका गतिविधिहरूमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रत्यक्ष संलग्नता अपरिहार्य छ। विकासको लागि निजी क्षेत्रको अग्रणी भूमिका हुने भएकोले निजी क्षेत्रका समस्या, समाधानका उपाय र निजी क्षेत्रको विकासमा स्थानीय सरकारले गर्नुपर्ने सहयोगको समेत विश्लेषण गरी कार्य गर्न सक्नु पर्दछ । त्यसैगरी आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान बढ्दै गएको वर्तमान परिवेशमा समुदायमा छरिएर रहेका श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरू वृद्धि गरी स्थानीय तहको आर्थिक वृद्धि गर्न निजी र सहकारी क्षेत्रको सहकार्य आवश्यक छ ।

नर्पा भूमि गाउँपालिकामा नार सहकारी र फु चौरी पालन सहकारी कृषि तथा बचत सहकारी गरी जम्मा २ वटा सहकारी स्थापना भइ संचालनमा रहेका छन् । सहकारीमा आबद्धता हेर्दा जम्मा .... जना आबद्ध रहेका छन् । जस मध्ये महिलाको संख्या .. प्रतिशत र पुरुषको संख्या .... प्रतिशत रहेको छ ।

### ३.५.२ समस्या र चुनौती

सहकारी शिक्षा र जनचेतनाको कमी, सहकारीमा साँवा पुजीको कमी, पुजी परिचालन र व्यावसायिक ज्ञानको अभाव, सहकारीको मूल्य, मान्यता र मर्म बमोजिम सञ्चालन नहुनु, वित्तीय सहयोग नहुनु एवं जोखिम उठाउने क्षमतामा कमी हुनु, सहकारीको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच समन्वयात्मक वातावरण निर्माण गर्न नसक्नु, निजी क्षेत्र प्रतिस्पर्धी, उद्यमशील र नवप्रवर्तनीय हुन नसक्नु, लगानी मैत्री वातावरण सिर्जना गरी सहकारीको योगदानमा वृद्धि गर्न नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ। सहकारीलाई उचित नियमन गर्दै सहकारीको गुणस्तर वृद्धि र विकासमा योगदान पुऱ्याउन नसक्नु, आम्दानी र बचतको सन्तुलन कायम गर्न नसक्नु प्रमुख चुनौतीको रूपमा रहेको छ ।

### ३.५.३ सोच

**"सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहयात्रामा गुणात्मक साझेदारी"**

### ३.५.४ लक्ष्य

- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीको वातावरणको निर्माण मार्फत् आर्थिक वृद्धि र रोजगारीमा योगदान गर्ने,

### ३.५.५ उद्देश्य

- सहकारीहरूलाई पारदर्शी र व्यवस्थितरूपले सञ्चालन गरी उत्पादन र रोजगारी सिर्जनामा योगदान गर्नु,
- निजी क्षेत्रलाई उत्पादन क्षेत्रमा लगानी गर्ने वातावरण बनाइ समग्र विकासमा योगदान गर्नु,
- सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा पुजीलाई केन्द्रीकृत गरी उत्पादनमा लगानी गर्नु,
- संचालनमा रहेका सहकारीहरूको संस्थागत विकास गरी स्तरोन्नति गर्नु,
- सहकारीका आम सदस्यहरूलाई सहकारी शिक्षा प्रदान गर्नु,

### ३.५.६ रणनीति तथा कार्यनीति

- निजी क्षेत्रलाई पुजी सिर्जना र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने,
- सहकारी क्षेत्रलाई उत्पादनमुखी बनाउने,
- सहकारी व्यवस्थापनका लागि स्थानीय तहले सहज सरल र जनमुखी नीति निर्देशिका तयार गर्ने,
- सहकारीका माध्यमबाट गाउँबासीहरूलाई सशक्तीकरण गरी लगानी मैत्री वातावरण निर्माण गर्ने,
- सहकारी व्यवस्थापन, संचालन, पुजी परिचालन र उत्पादन गरी आर्थिक समृद्धिमा संस्थागत विकास गर्ने,
- सहकारीका सञ्चयकर्ता, व्यवस्थापक र कर्मचारीलाई सहकारी शिक्षा दिने,
- निजी क्षेत्र र सहकारीका गतिविधिहरूको अनुगमन तथा मूल्यांकनका लागि गाउँपालिकाले संयन्त्र तयार गर्ने,
- सहकारीलाई नियमित रूपमा नियमन गर्ने ।

### ३.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १** | | | | | | | |
| १ | नार भेडा पालक सहकारी विस्तार | वर्ष | नार | | | १ | ३ | ३३८९०७४ |
| २ | सहकारी संस्थाको निर्माण तथा सहकारी शिक्षाका बारेमा तालिम | पटक | नार | | १ | | २ | ४००००० |
| ३ | टोलमा आमा समूह, कृषक समूह, बाल क्लब, जेष्ठ नागरिक मञ्च जस्ता समूहहरु गठन तथा सशक्तीकरण | घरधुरी | | १ | १ | १ | ५ | ३००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | फु चौरी पालक सहकारी विस्तार | वर्ष | क्याङ र फु गाउँ | १ | १ | १ | ५ | ६८४१३६९ |
| २ | सहकारी संस्थाको निर्माण तथा सहकारी शिक्षा तालिम | पटक | क्याङ र फु गाउँ | १ | | १ | २ | ६००००० |
| | **जम्मा** | | | | | | | **११५३०४४३** |

### ३.५.८ अपेक्षित उपलब्धि

सहकारी र निजी क्षेत्रको विकासका लागि सामान्य नागरिकका जिम्मेवारी, काम कर्तव्य र अधिकारका विषयमा स्पष्टता आएको हुनेछ । सहकारीहरूको व्यवस्थापकीय क्षमतामा सुधार आई सहकारीमा आबद्ध जनशक्तिले सहकारीको माध्यमबाट ऋण परिचालन, आफ्ना व्यवसाय व्यवस्थापन गर्ने कार्यमा सफलता प्राप्त गरेका हुनेछन् । निजी क्षेत्रको

सहकार्य र सह-लगानीमा आयोजनाहरू सञ्चालन भएका हुनेछन् । निजी क्षेत्रबाट संचालित आयोजनाहरूमा स्थानीय जनताको लागि उल्लेख्य मात्रामा रोजगारी सिर्जना भएको हुनेछ । सहकारीहरूलाई विभिन्न प्रकारका सीप तथा प्रविधि हस्तान्तरण गरिएको हुनेछ । सार्वजनिक, निजी तथा सहकारी क्षेत्रमा साझेदारी वातावरणको निर्माण मार्फत् आर्थिक वृद्धि र रोजगारीमा योगदान पुगेको हुनेछ ।

## ३.६ संस्कृति तथा पर्यटन

### ३.६.१ पृष्ठभूमि

मनाङ जिल्लामा रहेको नर्पा भूमि गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सुन्दरताको साथै पर्यटकीय दृष्टिकोणबाट अति महत्वपूर्ण रहेको छ । पर्यटकीय क्षेत्रको विकास र प्रचार प्रचारले आयआर्जनमा वृद्धि गर्नुका साथै गाउँपालिकाको पहिचानलाई समेत उचो बनाउदछ । गाउँपालिका असीमित पर्यटकीय संभावनाहरूको खोजी गरी विकास गर्न सकेमा आर्थिक उपार्जनमा समेत टेवा पुग्ने देखिन्छ । यहाँ धार्मिक, सांस्कृतिक, प्राकृतिक, वन्यजन्तु, कृषि पर्यटन, साहसिक पर्यापर्यटन प्रवर्द्धनको प्रशस्त संभावना रहेको छ । समावेशी, सेवामूलक र रोजगारमूलक क्षेत्रको रूपमा अपेक्षा गरिएको पर्यटन क्षेत्रमा यस गाउँपालिकाले समृद्धिको एक प्रमुख सम्वाहकका रूपमा विकास गर्न सक्ने सम्भावना रहेको छ । यस गाउँपालिकामा रहेका जैविक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक विविधताले गाउँपालिकाको पर्यटनमा अहम् भूमिका खेलेका छन् । यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान, विकास तथा पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन प्रबर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्दै जनताको जीवनस्तरमा सुधार गर्नु आवश्यक छ । पर्यटकहरूको आकर्षणको केन्द्र रहेको हुँदा पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन मार्फत् स्थानीय अर्थतन्त्रको आधारशीला तयार पार्न नर्पा भूमि गाउँपालिकाले पर्यटन गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ छ ।

### ३.६.२ समस्या र चुनौती

ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक र पर्यापर्यटकीय क्षेत्रको संरक्षण, सम्बर्द्धन, विकास, विस्तार र प्रचार प्रसार गर्न नसक्नु, पर्यटन विकासका लागि आकर्षक पूर्वाधार, पर्यटन मैत्री मानवीय व्यवहार र संस्कारको विकास गर्न नसक्नु, विश्वको सबैभन्दा अग्लो स्थान (४९१९ मिटर) मा रहेको तिलिचो ताल र त्यस वरिपरि मुस्कुराइ रहेका तिलिचो, निलगिरी, खंग्सार तथा मुक्तिनाथ जस्ता हिम श्रृंखलाको प्राकृतिक सुन्दरताले भरिएका र जैविक विविधताले सजिएका स्थानलाई गन्तव्य बनाएर पोखरा र लम्जुङदेखि आन्तरिक पर्यटनका लागि र सिमावर्ती क्षेत्र तिब्बतका नाकाबाट नेपाल भित्रिने बाह्य पर्यटकहरूका लागि सुरक्षित र भरपर्दो भौतिक पूर्वाधार, आवास र पर्यटन मैत्री संस्कारको विकास गर्न नसक्नु मुख्य समस्या रहेको छ । पर्यटन क्षेत्रको मुख्य केन्द्र नर्पा भूमि गाउँपालिकालाई बनाउनका लागि सोही अनुसारका पर्यटकीय क्षेत्रको आकर्षणका मुख्य तत्वहरू : जलविहारका पूर्वाधार, पर्यावरणीय स्वच्छता, होटेल, रेष्टुरेण्ट तथा मौलिक र घरायसी वातावरणमा सञ्चालित होमस्टे, मनोरञ्जनका लागि मौलिकतामा आधारित कला, संस्कृति, पर्यावरणमैत्री विश्राम स्थल आदिको संरचनागत विकास गर्नु चुनौतीका रूपमा रहेको छ ।

### ३.६.३ सोच

"पर्यटन मैत्री भौतिक पूर्वाधार र संस्कारको विकास, नर्पा भूमिबासीको समृद्धिको मुख्य आधार"

### ३.६.४ लक्ष्य

- दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्र सुदृढ गर्ने,

### ३.६.५ उद्देश्य

- पर्यावरण मैत्री मौलिकतामा आधारित पूर्वाधारको विकास मार्फत् पर्यटन क्षेत्रको विकास गर्नु,
- सम्पदा तथा संस्कृतिहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्दै उच्च मानवीय संस्कारको विकास गर्नु,
- प्राकृतिक सम्पदाहरूको जगेर्ना गर्दै पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन गर्नु,

- पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गर्नु र
- पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु ।

### ३.६.६ रणनीति

- आकर्षक पर्यटकीय गन्तव्यहरूमा पूर्वाधारको स्तरोन्नति गरी बाह्रै महिना पर्यटक जान सक्ने पूर्वाधार निर्माण गर्ने,
- पर्यटकीय वस्तु तथा उपजहरूको व्यापक प्रबर्द्धन तथा प्रचार प्रसार गर्ने,
- पर्यटकको बसाइ अवधि लम्ब्याउने र खर्च बढाउने वातावरणको निर्माण गर्ने,
- पर्यटन क्षेत्रबाट प्राप्त हुने आय र रोजगारीको लाभलाई न्यायोचित वितरण गर्न ग्रामीण पर्यटकीय गन्तव्यहरूको पहिचान गरी विकास तथा व्यवस्थापन गर्ने,
- जनताको आर्थिक आयआर्जनको माध्यमका रूपमा पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने ।

### ३.६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तरीय** | | | | | | | |
| १ | पर्यटन गुरुयोजना निर्माण | संख्या | पालिका स्तरीय | | १ | | १ | २,०००,००० |
| २ | यार्सा पदमार्ग निर्माण | पटक | पालिका | १ | | | १ | ३,०००,००० |
| ३ | नार्पा भूमि गाउँपालिकामा रहेका तालतलैया, झरणा, गुफा, आदिको संरक्षण सम्बर्द्धन र प्रचार प्रसार गर्ने | वर्ष | पालिकाका मुख्य बस्तीहरूमा | १ | १ | १ | ३ | १२,५००,००० |
| ४ | होम स्टे निर्माण तथा संचालनका लागि तालिम कार्यक्रम | बस्ती | पालिकाका मुख्य बस्तीहरूमा | १ | १ | | २ | १,०००,००० |
| ५ | होम स्टे निर्माणका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने परिवारलाई प्रोत्साहन स्वरूप नगद पुरस्कार | परिवार | पालिकाका मुख्य बस्तीहरूमा | १० | १० | १० | ३० | ६००,००० |
| ६ | पदप्रदर्शक तालिम कार्यक्रम | संख्या | | १० | १० | १० | ३० | १,०००,००० |
| ७ | प्राचिन, धार्मिक र सांस्कृतिक क्षेत्रको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार | पटक | | १ | १ | १ | ३ | १२,५००,००० |
| | **वडा नं. १, २ ३** | | | | | | | |
| १ | होटल व्यवसाय तालिम | संख्या | नार | ८ | ८ | ८ | २४ | ९००,००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | सांस्कृतिक कार्यक्रम | पटक | नार | १ | १ | १ | ३ | ४,२००,००० |
| ३ | Snow skating | पटक | नार | १ | १ | १ | ३ | ३,०००,००० |
| ४ | Rock climbing | पटक | नार | १ | १ | १ | ३ | ३,०००,००० |
| ५ | Ice skating | पटक | नार | १ | १ | १ | ३ | ३,०००,००० |
| ६ | Trekking route विस्तार | वर्ष | नार | १ | १ | १ | ३ | ५,८५५,५४७ |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | पर्यटकीय पदमार्ग विकास र विस्तार | पटक | क्याङ र फु गाउँ | १ | | | १ | ४,०२५,००० |
| २ | पर्यटकीय क्षेत्र प्रचार प्रसार | १०० पर्यटक प्रति वर्ष | क्याङ र फु गाउँ | १ | १ | १ | ३ | ६००,००० |
| ३ | होटल व्यवसाय प्रबर्द्धन | होटल | क्याङ र फु गाउँ | ३ | ३ | ३ | ९ | ४७१,६६६ |
| | **जम्मा** | | | | | | | **५७६५२२१३** |

### ३.६.८ अपेक्षित उपलब्धी

गाउँपालिकाका सम्पदा तथा संस्कृतिहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गरिएको हुनेछ। प्राकृतिक सम्पदाहरूको जगेर्ना गर्दै पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन भएको हुनेछ। पर्यटन मार्फत् जनताको आय र रोजगारीमा उल्लेखनीय वृद्धि गरिएको हुनेछ। पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादन बीच सघन सहकार्य स्थापित गरिएको हुनेछ। पर्यटन क्षेत्रको दिगो विकासबाट उत्पादन र रोजगारीमा वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्र सुदृढमा पर्यटन क्षेत्रको उल्लेखनीय योगदान पुगेको हुनेछ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्यनजर गरी श्रम बजारको आवश्यकता अनुरूप सीपमूलक श्रमशक्तिको विकास गर्नु आजको आवश्यकता हो। गुणस्तरीय जनशक्तिको विकास मार्फत् श्रमको उत्पादकत्व अभिवृद्धि गरी स्थानीय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशील साधनको रूपमा श्रमको महत्वपूर्ण भूमिका रहन्छ। संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पुजी तथा प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर उपलब्ध गराउनु आवश्यक छ। स्थानीय स्तरमा विद्यमान बढ्दो बेरोजगारी न्यूनीकरण गर्नु आवश्यकता छ। उत्पादनमुखी, आत्मनिर्भर र समृद्ध गाउँपालिका निर्माणको प्रमुख साधन मानव संसाधन हो। शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग, बजारलाई रोजगारीका अवसर र आर्थिक विकाससँग जोड्न सक्ने जनशक्ति विकास गर्नु नर्पा भूमि गाउँपालिकाको आवश्यकता हो। युवा जनशक्तिलाई प्रविधियुक्त सीप विकास गरी प्रतिस्पर्धा गर्न सक्ने बनाउन जरुरी देखिन्छ। गाउँपालिकाभित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ।

### ३.७.२ समस्या र चुनौती

श्रमप्रतिको सम्मानको कमी, उद्यमशीलताको विकास, स्वरोजगार प्रबर्द्धन र उत्पादन कमजोर हुनु, युवा विदेश पलायन हुनु, स्थानीय तहमा रोजगारीको सृजना पर्याप्त हुन नसक्नु, वैदेशिक रोजगारीको सीप र पुँजीलाई उत्पादनमा जोड्न

नसक्नु, निजी क्षेत्रलाई रोजगारमैत्री लगानीमा प्रोत्साहन गर्न नसक्नु, श्रमबजार सूचना प्रणाली र श्रम प्रशासन चुस्त हुन नसक्नु, स्थानीय स्तरमा आवश्यक जनशक्तिको प्रक्षेपण गर्ने र सोही अनुसार जनशक्तिको उत्पादन नहुनु, उत्पादित जनशक्ति र तिनको बजार व्यवस्थापन हुन नसक्नु, उत्पादित जनशक्तिलाई टिकाइ राख्न नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

उत्पादनशील क्षेत्रको पहिचान र रोजगारीका अवसरहरू सिर्जना गर्न नसक्नु, अनौपचारिक क्षेत्रका रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याई उद्यमशीलता विकास गर्न नसक्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धि मार्फत् आर्थिक विकासका सम्भावनाहरूलाई फराकिलो बनाउन नसक्नु, नयाँ श्रम क्षेत्रको पहिचान मार्फत् जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्न नसक्नु, वैदेशिक रोजगारमा जाने व्यक्तिलाई दक्ष बनाउन नसक्नु र विदेशबाट फर्केर आउने व्यक्तिको सीप र दक्षतालाई उपयोग गर्न नसक्नु, छोटा, मध्यम तथा लामो अवधिका सीपमूलक तालिम संचालन गरी रोजगारीको क्षेत्रमा जोड्न नसक्नु, आवश्यकता अनुसारको सीप र ज्ञानको अभाव, स्थानीय श्रम बजारमा श्रर्मिक बन्ने र आफ्नो गाउँघरको विकासमा आफै सहभागी हुने मानसिकताको अभाव रहेकाले युवा युवतीलाई स्थानीय रोजगारीका अवसरहरूमा जोड्न चुनौती देखिएको छ ।

### ३.७.३ सोच

**"दक्ष जनशक्ति उत्पादन मार्फत् रोजगारी सिर्जना"**

### ३.७.४ लक्ष्य

- नर्पा भूमि गाउँपालिका भित्रको मानव पुजीलाई दक्ष श्रमशक्तिमा रूपान्तरण गरी उत्पादनशील क्षेत्रमा लगाइ बेरोजगारी समस्या न्यूनीकरण गर्ने,

### ३.७.५ उद्देश्य

- बेरोजगार तथा अर्धबेरोजगारलाई रोजगारीका अवसरहरू सिर्जना गर्नु,
- वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु,
- आवश्यक जनशक्ति प्रक्षेपण र उत्पादन गर्ने व्यवस्था गर्नु,
- प्रतिस्पर्धी, सक्षम र गुणस्तरीय जनशक्तिको आपूर्ति गर्नु ।

### ३.७.६ रणनीति

- श्रम सम्बन्ध सुदृढ गरी रोजगार सृजना गर्ने,
- श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने,
- स्थानीय तहको निम्ति आवश्यक पर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको प्रक्षेपण गर्ने,
- शिक्षालाई बजारको माग र सीपसँग आवद्ध गर्ने,
- स्थानीय सरकार तथा निजी क्षेत्रवीच साझेदारी गर्ने,
- जनशक्ति उत्पादन गर्दा प्राविधिक तथा व्यावसायिक सीप विकासमा जोड दिने,

### ३.७.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तरीय** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | नवप्रबर्द्धनात्मक व्यवसाय संचालन गर्न इच्छुक युवाहरूलाई सर्वसुलव व्याजमा ऋण उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग सहजीकरण | वर्ष | पालिका | १ | १ | १ | ३ | १३०२०७१६ |
| २ | छोटो अवधिका सीपमूलक तालिम टेलरिङ, इलेक्ट्रिसीयन, पलम्बर, हाउस वाइरिङ, सिकर्मी डकर्मी, व्युटिसियन आदि तालिम सञ्चालन | वर्ष | पालिका | | १ | | १ | ३०००००० |
| ३ | आधुनिक पर्यछकीय होटल व्यावसाय संचालनका लागि अनुदान कार्यक्रम | | | | १ | | १ | १५०००००० |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत युवाहरूको स्वरोजगार | जना | नार | ५२ | ५२ | ५२ | १५६ | ३०००००० |
| २ | व्यावसायिक पशुपन्छी पालन तालिम तथा प्रविधि हस्तान्तरण | वर्ष | नार | १ | १ | १ | ३ | १०००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | कुक तालिम | जना | वडा नं. ४, ५ | १० | १० | १० | ३० | ४४८०८३३ |
| १ | सिलाइ कटाइ गर्न चाहने इच्छुक युवायुवतीलाई तालिमको दिने | वर्ष | वडा नं. ४, ५ | १ | १ | १ | ३ | २५५००० |
| २ | सिलाइ कटाइ तालिम लिएका तथा पेशा गर्ने व्यक्तिहरूलाई मेसिनको उपलब्धता गराउने | वर्ष | वडा नं. ४, ५ | १ | १ | १ | ३ | ३५०००० |
| ३ | परम्परागत राडी पाखी, पटुका आदि घरेलु सिलाई बुनाईका लागि आवश्यक औजार दिने | वर्ष | वडा नं. ४, ५ | १ | १ | १ | ३ | २५०००० |
| | **जम्मा** | | | | | | | ४०३५६५४९ |

### ३.७.७ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा स्रोतको उपलब्धता, बजार र श्रमको अवस्था विश्लेषण भएको हुने, बजारको माग अनुसार प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन भएको हुने, उद्यमबाट उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग पुगेको हुने, वैदेशिक रोजगारीमा जानेको अभिलेख तयार भएको हुने र बेरोजगारहरूलाई उत्पादनमा लगाउन न्यून ब्याज दरको ऋण तथा अन्य सहयोग प्रवाह भएको हुनेछ । जनशक्ति प्रक्षेपण तथा उत्पादन योजना निर्माण तथा कार्यान्वयन पश्चात् स्थानीय तहको आवश्यकता बमोजिम सीपयुक्त जनशक्ति उत्पादन भएको हुनेछ । श्रम बजारमा जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम भएको हुनेछ। जनशक्ति विकासमा स्थानीय तह तथा निजी क्षेत्रहरूबीच सहकार्य र समन्वय उन्नत अवस्थामा हुनेछ ।

## ३.८ पूर्वानुमान तथा जोखिम पक्ष :

नार्पा भूमि गाउँपालिकाले पराम्परागत कृषि प्रणाली र पशुपंक्षी व्यवसायको सुदृढीकरण गर्दै व्यावसायिक कृषि तथा पशुपंक्षी पालनका लागि आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई सकेको हुनेछ। बेरोजगार युवाहरु व्यावसायिक कृषि तथा पशुपंक्षी पालनमा आकर्षित हुनेछन् । कृषि तथा पशुपंक्षी व्यवसायमा प्रविधीकरण, गुणस्तरीय बीउ विजन तथा नश्ल सुधारको प्रयोग, कृषि मल तथा कृषि सामग्री, कृषि तथा पशुपंक्षी प्रसार सेवा, कृषि

भूमि र चरण क्षेत्रको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ। साथै कृषि तथा पशुपंक्षी पालन क्षेत्रमा जलवायु परिवर्तनबाट उत्पन्न हुने प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ।

सिंचाइ क्षेत्रको विकास र विस्तारका माध्यमबाट कृषिमा प्रविधीको प्रयोग गरी बेरोजगार युवाहरु कृषिमा आकर्षिक हुनेछन्। प्रविधियुक्त नवीनतम र भरपर्दो सिंचाइ प्रणालीको व्यवस्थापन गर्न नसकिएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

एक पलिका एक उद्योगग्रामको नीतिगत व्यवस्था अनुसार पालिकाले आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई उद्योगमैत्री वातावरणको निर्माण गर्नेछ। सीपयुक्त तथा अन्य बेरोजगार युवाहरुलाई सानो तथा घरेलु उद्योग व्यवसायमा जोड्न नसके अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

कला, संस्कृति र पर्यापर्यटन क्षेत्रको विकासका लागि सार्वजनिक, निजी र सहकारीका बीचमा सहकार्य हुनेछ। यसको विकास, विस्तार र प्रबर्द्धनका लागि नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई पर्यटन व्यवसायलाई जीविकोपार्जनको मुख्य आधार बनाइनेछ। साझेदारीप्रतिको विश्वस्नीयता, पर्यटकीय क्षेत्रको संरक्षण र सम्बर्द्धन, विभिन्न किसिमका स्वास्थ्यजन्य प्रकोपबाट उत्पन्न हुने महामारी र जलवायु परिर्वतनका कारण उत्पन्न हुने विपत्तीले अपेक्षित उपलब्धी हासिल नहुने जोखिम रहेको छ।

गरिबी न्यूनीकरणका लागि राष्ट्रिय लक्ष्यलाई सहयोग पुग्ने गरी पालिकाले नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई प्रभाबकारी रूपमा लागू भएको हुनेछ। गरिबी न्यूनीकरणका लागि सञ्चालित रोजगार प्रबर्द्धनका कार्यक्रमले प्रभावकारी रूपमा निरन्तरता नपाएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ४
# सामाजिक क्षेत्र

नार्पा भूमि गाउँपालिकाको आवधिक योजनाले तय गरेको सामाजिक क्षेत्रसँग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको आधारमा सामाजिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**सामाजिक विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान (रू.)**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | प्रदेश सरकार | नेपाल सरकार |
| आर्थिक वर्ष २०८१/८२ | ३१३५१६५७ | ४९४६५९५ | २६४०५०६२ | | २९४६८४१ | १७६४८०१ | २४७६५१९४ |
| आर्थिक वर्ष २०८२/८३ | ३४४८६८२२ | ५४४१२५४ | २९०४५५६८ | | ३२४१५२६ | १९४१२८१ | २७२४१७१३ |
| आर्थिक वर्ष २०८३/८४ | ३७९३५५०४ | ५९८५३८० | ३१९५०१२५ | | ३५६५६७८ | २१३५४१० | २९९६५८८४ |

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि
शिक्षा क्षेत्रको विकास देश विकासको मूल आधार हो । दिगो, गुणस्तरीय र समयसापेक्ष रूपमा शिक्षा क्षेत्रको विकास भएमा देश विकास सहि ढंगले हुन सक्छ । नर्पा भूमि गाउँपालिकाको दीर्घकालीन विकासका लागि शिक्षा क्षेत्रको विकास कोशेढुंगा सावित हुन्छ । यस परिप्रेक्ष्यमा यस गाउँपालिका क्षेत्रभित्र २ बालविकास केन्द्रदेखि कक्षा ८ सम्म अध्यापनका लागि जम्मा २ वटा विद्यालय रहेका छन् र ती दुबै सार्वजनिक स्वामित्वमा सञ्चालित रहेका छन् । गाउँपालिकामा २ वटा विद्यालयबाट परम्परागत गुम्बा शिक्षा र निजी विद्यालयसँगको सम्झौतामा घुम्ती शिक्षा पनि संचालनमा रहेको छ ।

हाल गाउँपालिकाभित्र रहेका विद्यालयमा छात्र ३ र छात्रा १२ गरी जम्मा १५ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । नर्पा भूमि गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या ३९६ को २२३ अर्थात् ५६.२ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ । यसमध्ये पुरुष साक्षरता दर ७०.१ प्रतिशत र महिला साक्षरता दर ४५.५ प्रतिशत रहेको छ ।

गाउँपालिका भित्र रहेका विद्यालयहरूको पठनपाठन क्रियाकलापलाई अगाडि बढाउनका लागि जम्मा ८ जना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये आधारभूत तहमा २ पुरुष र १ महिला गरी जम्मा ३ र बालविकास केन्द्रमा ५ जना शिक्षक शिक्षिका रहेका छन् । जसलाई शिक्षक विद्यार्थी अनुपातमा हेर्दा एकजना शिक्षकलाई ०.५ विद्यार्थी पर्ने देखिन्छ । जुन नेपाल सरकारको नीतिगत मापदण्डभन्दा निकै कम रहेको छ । यस अर्थमा गाउँपालिकाले आगामी दिनमा शिक्षक दरबन्दीको तुलनामा विद्यालयको भौतिक, प्रशासनिक तथा शिक्षण सिकाइका क्षेत्रमा क्षमता अभिवृद्धि गरी विद्यार्थी संख्या बढाउने विषयमा दीर्घकालीन सोच बनाउनु पर्ने देखिन्छ ।

### ४.१.२ समस्या र चुनौती
संवैधानिक अधिकारको प्रयोग गरी शैक्षिक क्षेत्रको विकासका लागि गुरु योजना नबन्नु, गुणस्तर सुधारका लागि सम्भाव्यता अध्ययन नहुनु, प्राप्त अधिकार बमोजिमका जिम्मेवारी कार्यान्वयन गर्नका लागि पर्याप्त स्रोत साधनको

अभाव हुनु, प्रविधिमैत्री भौतिक पूर्वाधारको अभाव हुनु, विज्ञान प्रयोगशाला नहुनु, बालबालिका मैत्री पूर्वाधार नहुनु, विद्यालय छाड्ने दरमा अपेक्षित सुधार नहुनु, न्यून आय भएका परिवारका बालबालिकाहरूको भर्ना दरमा कमी हुनु, विद्यालयहरू आर्थिक रूपले सबल हुन नसक्नु, विषयगत शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षण पेशाप्रति प्रतिबद्धताको कमी जस्ता समस्याहरू हुन् । शिक्षाको गुणस्तर सुधारका लागि विषयगत दरबन्दी मिलान, पाठयोजना सहितको शिक्षणमा जोड, स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोग र प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिन नसक्नु, शारीरिक, मानसिक तथा समवेगात्मक रूपमा समस्यामा परेका बालबालिकाहरूका लागि विद्यालय पहुँच सहज नहुनु, बालमैत्री वातावरणको अभावमा पठनपाठन सञ्चालन हुनु र सार्वजनिक विद्यालयहरूलाई आत्मनिर्भर बनाउन आवश्यक योजना, बजेट, कार्यक्रम र सबल नेतृत्व क्षमताको अभाव हुनु प्रमुख चुनौती हुनु ।

### ४.१.३ सोच

**"दक्ष मानव संसाधनको विकासका लागि पहुँचयोग्य, समावेशी र गुणस्तरीय शिक्षा"**

### ४.१.४ लक्ष्य

- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

### ४.१.५ उद्देश्य

- नर्पा भूमि गाउँपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गर्नु,
- विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी बनाउनु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिँदै उच्च शिक्षालाई ज्ञान, सीप, प्रविधि र अनुसन्धानमा आधारित बनाउनु,
- शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण अनुकूल, सुरक्षित, र प्रविधि मैत्री बनाउनु र गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गर्नु

### ४.१.६ रणनीति

- प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकालाई बालमैत्री वातावरणमा पठनपाठनको सुनिश्चित गर्ने,
- दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको आधुनिकीकरण गर्ने,
- साक्षरता दर शत प्रतिशत पुऱ्याउने,
- प्राविधिक शिक्षामा जोड दिने,
- समावेशी शिक्षाका जोड दिने,

### ४.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तर** | | | | | | | |
| १ | सम्बोधा भाषामा आधारित स्थानीय पाठ्यक्रम निर्माण | वर्ष | पालिका | १ | | | १ | १०००००० |
| | **वडा नं. १, २, ३** | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | नार आ.वि. आधुनिक मापदण्ड अनुसार भवन निर्माण र कक्षा कोठा व्यवस्थापन | वर्ष | नार | १ | | १ | २ | ६६६६६६७ |
| २ | सूचना तथा प्रविधि मैत्री शिक्षाका लागि इन्टरनेट, कम्प्युटर, प्रोजेक्टर आदि सामान खरिद | वर्ष | नार आ.वि. | १ | १ | १ | ३ | २०००००० |
| ३ | शैक्षिक तथा खेलकुदका सामाग्री खरिद | वर्ष | नार आ.वि. | १ | १ | १ | ३ | ३००००० |
| ४ | आधुनिक पुस्तकालय निर्माण र व्यवस्थापन | वटा | नार आ.वि. | | १ | | १ | |
| ५ | आधुनिक शिक्षण विधि र प्रविधिमैत्री शिक्षणका लागि शिक्षक तालिम कार्यक्रम | पटक | नार आ.वि. | १ | | १ | २ | ३३३३३३ |
| ६ | प्रारम्भिक बाल सुधार कार्यक्रम | विद्यालय | नार आ.वि. | १ | | | १ | २०००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | शिक्षाको पहुँचमा वृद्धिका लागि कक्षा थप | विद्यालय | फु आ.वि. | | १ | | १ | १२५०००० |
| २ | विद्यार्थी संख्यामा वृद्धि गर्न भर्ना अभियान कार्यक्रम | वर्ष | फु आ.वि. | १ | १ | १ | १ | ३००००० |
| ३ | शैक्षिक तथा खेलकुदका सामाग्री खरिद | विद्यालय | फु आ.वि. | | | १ | १ | ५००००० |
| ४ | आधुनिक पुस्तकालय निर्माण र व्यवस्थापन | वटा | फु आ.वि. | | १ | | १ | |
| ५ | आधुनिक शिक्षण विधि र प्रविधिमैत्री शिक्षणका लागि शिक्षक तालिम कार्यक्रम | पटक | फु आ.वि. | १ | | १ | ३ | ४००००० |
| ६ | अपाङ्ग, गरिब तथा विपन्न र महिला लक्षित उच्च शिक्षा तथा छोरी बुहारी प्राविधिक शिक्षा अध्ययन छात्रबृत्ति कार्यक्रम सञ्चालन | वर्ष | फु आ.वि. | १ | १ | १ | ३ | १५४५६६४ |
| ७ | प्रारम्भिक बाल सुधार कार्यक्रम | विद्यालय | नार आ.वि. | १ | | | १ | १०००००० |
| | **जम्मा** | | | | | | | **१७२९५६६३.८९** |

### ४.१.८ अपेक्षित उपलब्धि

नार्पा भूमि गाउँपालिका अन्तर्गतका सबै वर्ग तथा क्षमताका बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सुनिश्चित गरिएको हुनेछ। विद्यालय उमेर समूहका बालबालिकाको आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित गरिएको हुनेछ। शिक्षालाई समावेशी, जीवनोपयोगी, व्यावहारिक, प्रविधिमैत्री र गुणस्तरीय बनाइ बालबालिकाको सिकाइलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धी गर्न योग्य बनाइएको हुनेछ। शैक्षिक पूर्वाधारहरू आधुनिक, समावेशी, पर्यावरण अनुकूल, सुरक्षित, र प्रविधि मैत्री बनेका हुनेछन्। गुणस्तरीय शिक्षाका लागि योग्य, दक्ष र विषयगत शिक्षकको व्यवस्थापन गरी पेशागत दक्षता वृद्धि गरिएको हुनेछ। राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गरिएको हुनेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ। स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत् गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै सन्दर्भमा लोककल्याणकारी राज्यको अवधारणा अनुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिएको छ। स्वास्थ्यसम्बन्धी उपरोक्त संवैधानिक व्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचका साथ स्वास्थ्य क्षेत्रको प्रबर्द्धन गर्न आवश्यक भएको छ। नार्पा भूमि गाउँपालिकामा भौगोलिक विकटता र कठिनाइले गर्दा स्वास्थ्य सेवा भरपर्दो र सर्वसुलभ हुन सकेको छैन। जलवायु परिवर्तन र मानिसले अपनाएका आधुनिक जीवन शैलीका कारण केहि वर्षदेखि रोगहरूको संरचना बदलिएको छ। पहिले झाडापखाला र सरुवा रोगबाट मृत्यु हुनेको संख्या बढी थियो भने हाल निको हुन गाह्रो हुने रोगहरू जस्तै क्यान्सर, श्वासप्रश्वास, मुटु रोग र मृगौला सम्बन्धी समस्याबाट मृत्यु हुनेको संख्या बढ्दै गएको पाइन्छ। यसले गाउँपालिकामा स्वास्थ्य सेवामा विशिष्टिकृत सेवाहरूको माग बढ्दै गएको देखिन्छ। संविधानको मर्मानुसार मानव विकास सूचकाङ्कमा अपेक्षित उपलब्धि हासिल गरी गाउँपालिकाले “स्वस्थ गाउँपालिका र दीर्घजीवि नागरिक” तयार गर्ने नीति तथा कार्यक्रमहरू संचालन गर्नु पर्ने देखिन्छ।

नर्पा भूमि गाउँपालिका मानव विकास, पूर्वाधार क्षेत्रको विकास र स्वास्थ्य क्षेत्रको विकासका सूचकांकका दृष्टिले राष्ट्रिय आँकडाभन्दा पछि परेको देखिन्छ। भौगोलिक विकटता तथा सामाजिक चेतना, आर्थिक अवस्था, सांस्कृतिक मूल्य, मान्यता र परम्परागत जातीय तथा धार्मिक मान्यताका कारण समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बञ्चित भएका छन्।

नार्पा भूमि गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न नारखोला स्वास्थ्य चौकी र फु स्वास्थ्य चौकी गरी जम्मा २ वटा स्वास्थ्य चौकी, १ वटा आधारभूत स्वास्थ्य केन्द्र (च्याँखु आधारभूत स्वास्थ्य केन्द), १८ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन्। गाउँपालिकाको स्वास्थ्य सेवाको आवश्यकतालाई सम्बोधन गर्न १ पोलिक्लिनिक रहेको छ भने २ वटै स्वास्थ्य चौकीबाट नियमित प्रसूति सेवा प्रदान गर्दै आइरहेको छ।

राष्ट्रिय स्तरमा निर्धारण गरिएका राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नार्पा भूमि गाउँपालिकाले जम्मा ३ वटा खोप क्लिनिकद्वारा खोप सेवा प्रदान गरिरहेको छ। गर्भजाँच, परिवार योजनाका साधनहरू वितरण र परामर्श तथा खोप सेवाहरू ३ वटै स्वास्थ्य संस्थाबाट सेवा प्रदान गरिरहेका छन्। गाउँपालिका अन्तर्गतका प्राथमिक स्वास्थ्य केन्द्र र सबै स्वास्थ्य चौकीबाट २४ सै घण्टा प्रसूति सेवा उपलब्ध छन् भने सबै स्वास्थ्य संस्थाबाट कपर्टी बाहेक चार प्रकारका परिवार नियोजनका सेवा उपलब्ध भइरहेका छन्।

गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा प्रवाहका लागि जम्मा १२ जना जनशक्ति हुनुपर्नेमा हाल पालिकामा ६ जना स्वास्थ्य कर्मी कार्यरत रहेका छन्।

नर्पा भूमि गाउँपालिकाको ३ वटै स्वास्थ्य संस्थाको आफ्नै भवन रहेको छ तर कुनै पनि भवन निर्धारित मापदण्ड अनुसार तयार भएको देखिदैन। २ वटा स्वास्थ्य संस्थामा २४ सै घण्टा विद्युतको उपलब्धता रहेको छ भने १ वटा स्वास्थ्य संस्थामा मात्र सोलार ब्याकअप जडान गरिएको छ। सरसफाइको अवस्थामा जम्मा ३ वटै स्वास्थ्य संस्थामा महिला र पुरुषको लागि छुट्टै शौचालय र सुरक्षित खानेपानीको नियमित उपलब्धता छ। नर्पा भूमि गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा मोटरबाटो नपुगेका कारण शीघ्र स्वास्थ्य उद्दारका लागि एम्बुलेन्स सेवाको उपलब्धता छैन भने ५ वटा मात्र स्टेचरको सेवा उपलब्ध रहेको छ।

राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमको मुख्य लक्ष्य मातृ तथा नवजात शिशु रोग र मृत्युदर घटाउने, निवारण गर्ने र प्रबर्द्धनात्मक गतिविधि मार्फत् गर्भावस्था, बच्चाको जन्म र प्रशवपछिको अवधिमा मृत्यु निम्त्याउने कारकलाई निदान गरी मातृ तथा नवजात शिशुको स्वास्थ्यमा सुधार गर्नु रहेको छ। स्वास्थ्य संस्थामा पहिलो पटक गर्भ परीक्षण गराउन

आउने गर्भवती महिला २० प्रतिशत रहेकोमा स्वास्थ्य मापदण्ड अनुसार पूरा अवधी गर्भ परीक्षण गराउन आउने महिलाको संख्या ० प्रतिशत मात्र रहेको छ। यसरी हेर्दा गर्भवती महिलालाई स्वास्थ्य मापदण्ड अनुसार पूरा अवधी गर्भ परीक्षण गराउनका लागि महिला स्वास्थ्य स्वयम्सेविका मार्फत् चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । संस्थागत रूपमा स्वास्थ्य केन्द्रमा सुत्केरी गराउन आउने गर्भवती महिलाको संख्या १ र सुत्केरी पश्चात परीक्षण गराउन आउने महिला ० प्रतिशत रहेका छन् । संस्थागत रूपमा स्वास्थ्य केन्द्रमा सुत्केरी हुनका लागि जनचेतनामूलक सहजीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ साथै दक्ष प्रसूतिकर्मीको व्यवस्था, पूर्वाधारको पर्याप्तता गरी सामाजिक मूल्य र मान्यतामा परिवर्तन ल्याउनु पर्ने देखिन्छ। नर्पा भूमि गाउँपालिकाको आधुनिक परिवार योजना विधिको लागि अस्थाइ गर्भनिरोधक प्रचलन दर (CPR) कम देखिएको छ । गर्भनिरोधक प्रचलन दर कम देखिनुको मुख्य कारण जनचेतनाको कमी, सामाजिक मूल्यमान्यता, वैदेशिक रोजगारी आदि पर्दछन् ।

### ४.२.२ समस्या र चुनौती

निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा दिन नसक्नु, अति विपन्न र जोखिममा परेका नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा सम्बन्धी राज्यले भरपर्दो व्यवस्था गर्न नसक्नु, दक्ष जनशक्तिको अभाव हुनु, स्वास्थ्य संस्थासम्म सडक सञ्जालको विस्तार नहुनु र हवाइ यातायातको सुविधा नहुनु, जनचेतनाको कमी र पर्याप्त मात्रामा बर्थिङ सेन्टरको व्यवस्था नहुनु प्रमुख समस्याका रूपमा रहेका छन् । मातृ मृत्यु दर शून्यमा झार्न नसक्नु हुनु, भान्सामा धुँवायुक्त काठदाउराको प्रयोग हुनु, सार्वजनिक निकायमा व्यवस्थित शौचालय नहुनु प्रमुख चुनौतीहरू हुन् ।

### ४.२.३ सोच

**“स्वस्थ गाउँपालिका, दीर्घजीवि नागरिक”**

### ४.२.४ लक्ष्य

- पालिका स्तरमा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार गर्ने ।

### ४.२.५ उद्देश्य

- आधारभूत स्वास्थ्य सेवा निःशुल्क र पहुँच योग्य बनाउनु,
- विशिष्ट सेवा सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय बनाउनु,
- स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्नु,
- पोषण सुरक्षा सुनिश्चितता गर्नु,
- सुरक्षित मातृत्वको सुनिश्चिता गर्दै बाल मृत्यु दर र मातृ मृत्यु दरमा कमी ल्याउनु,
- स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु र
- स्वास्थ्य बिमालाई अनिवार्य गर्नु

### ४.२.६ रणनीति

- जनस्वास्थ्य सम्बन्धि सेवाहरू जनमैत्री बनाइने,
- बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने,
- एक घर एक घरबारी (Home Garden)

### ४.२.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **पालिका स्तर** | | | | | | | |
| १ | गुणस्तरीय स्वास्थ्य सेवाको लागि औषधी खरिद | पटक | पालिका | १ | १ | १ | ३ | ६००००० |
| २ | गाउँघर क्लिनिक सुदृढीकरण कार्यक्रम | पटक | पालिका | | १ | | १ | ५००००० |
| ३ | ५ वर्ष मुनिका बालबालिकाहरुको लागि पोषण स्थितिको लेखाजोखा कार्यक्रम | पटक | पालिका | | | १ | १ | ५००००० |
| ४ | गर्भवती जाँच उत्प्रेरणा कार्यक्रम | पटक | पालिका | | १ | | १ | ५००००० |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | पोषणमैत्री वडा कार्यक्रम | वर्ष | वडा १, २, ३ | १ | १ | १ | ३ | ६००००० |
| ३ | प्रसुति गृह | संख्या | वडा १, २, ३ | | १ | | १ | २५००००० |
| ४ | सुत्केरी सामग्रीको व्यवस्थापन | वर्ष | वडा १, २, ३ | १ | | १ | २ | ६१६२९६ |
| ५ | पोषण शिक्षा संचालन | पटक | आमा समूह | | १ | | १ | ३७७५०० |
| ६ | स्वास्थ्य संस्था स्तर वृद्धि, विज्ञ प्राविधिक, फर्निचर व्यवस्थापन | पटक | स्वास्थ्य संस्था | | | १ | १ | ५७७५००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | क्याङ आधारभूत स्वास्थ्य सेवा विकास | वर्ष | क्याङ | १ | १ | १ | ३ | १८००००० |
| २ | फु प्रसुति केन्द्र | संख्या | फु | | १ | | १ | २५००००० |
| ३ | पोषण शिक्षा संचालन | पटक | आमा समूह | १ | १ | | २ | २५१६६७ |
| ४ | स्वास्थ्य संस्था स्तर वृद्धि, विज्ञ प्राविधिक, फर्निचर व्यवस्थापन | पटक | स्वास्थ्य संस्था | | | १ | १ | ६५४०४२३ |
| | **जम्मा** | | | | | | | **२३०६०८८५** |

## ४.२.८ अपेक्षित उपलब्धि

गाउँबासीले आधारभूत स्वास्थ्य सेवा निःशुल्क र गुणस्तरीय प्राप्त गरेका हुनेछन् । अति विपन्न, असहाय र जोखिममा परेका नागरिकलाई गाउँपालिकाले निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराएको हुनेछ । नर्पा भूमि गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमा राज्यको मापदण्ड अनुसारका दक्ष जनशक्तिको व्यवस्था भएको हुनेछ । परम्परागत मूल्य, मान्यता र स्वास्थ्य सेवाप्रति सचेतनाको कमी तथा पर्याप्त मात्रामा बर्थिङ सेन्टरको अभावका कारण हुने असुरक्षित सुत्केरीको अवस्थालाई पूर्ण रूपमा रोकिएको हुनेछ । शिशु मृत्यु, बाल मृत्यु तथा मातृ मृत्यु दरमा न्यूनीकरण भएको हुनेछ । स्वच्छ, सफा र शुद्ध खानेपानीको व्यवस्था गरिएको हुनेछ । गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयमा व्यवस्थित लैगिंक मैत्री शौचालयको व्यवस्था गरिएको हुनेछ । यथेष्ट रूपमा सार्वजनिक शौचालयको व्यवस्था गरिएको हुनेछ । नर्पा भूमि गाउँपालिका भित्रका प्रत्येक घरले घरबारी निर्माण गरी पोषणयुक्त खानेकुरा उत्पादन तथा उपभोग गर्ने बानीको विकास भएको हुनेछ । गाउँबासीको सुरक्षित र स्वस्थ जीवनको सुनिश्चितताका लागि स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको हुनेछ ।

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ। त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्य ६ मा खानेपानी तथा सरसफाइ सम्बन्धी ८ स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ। नर्पा भूमि गाउँपालिकाले स्वच्छ खानेपानी उपलब्ध गराउन दीर्घकालीन तथा अल्पकालीन योजना बनाइ कार्यान्वयन गरिरहेको छ। स्वस्थ नागरिक उत्पादन र समग्र आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्न स्वच्छ खानेपानी र सरसफाइ सुविधाको व्यवस्था गर्नु स्थानीय सरकारको दायित्व हो । नर्पा भूमि गाउँपालिकामा खानेपानी लिनजाने समय १५ मिनेट दूरीसम्मकालाई ध्यानमा राखेर खानेपानी सुविधालाई विश्लेषण गर्दा यहाँका प्रत्येक घरधुरीको घरघरमा एक घर एक धारा स्वस्च्छ पिउने पानी सम्बन्धी राष्ट्रिय नीति अनुरूपको सेवा सुविधा पुगेको देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाभित्र रहेका जम्मा १२६ घर परिवार मध्ये फ्लस् सुविधा भएको सेप्टीक ट्याङ्की सहितको शौचालय ९४.४ प्रतिशत परिवारले प्रयोग गरिरहेका छन् भने ५.६ प्रतिशत घरपरिवारको घरमा शौचालयको सुविधा छैन । यस तच्थ्यांकलाई विश्लेषण गर्दा गाउँपालिकाले सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी ढलनिकास सहितको शौचालय व्यवस्था गर्नु पर्ने देखिन्छ।

### ४.३.२ समस्या र चुनौती

पानीका मुहान, धारा तथा रिजर्भ टंयाङ्कीको मर्मत सम्भार र संरक्षण तथा तिनको उचित प्रकारको प्रयोग गर्न नसक्नु, स्वस्च्छ पिउने पानी अभाव हुनु प्रमुख समस्या हुन्। आयातीत उपभोग्य वस्तु र तिनको प्रयोगमा कमी ल्याउन नसक्नु, व्यवस्थित शौचालय नहुनु मुख्य चुनौती हुन्।

### ४.३.३ सोच

**"गुणस्तरीय स्वस्थ जीवनका लागि स्वच्छ र शुद्ध खानेपानी तथा सरसफाइ"**

### ४.३.४ लक्ष्य

- सबैका लागि सहज रूपमा स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी व्यवस्था गर्ने,

### ४.३.५ उद्देश्य

- आधारभूत स्वच्छ, शुद्ध र सुरक्षित खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा व्यवस्था गर्नु र
- आधारभूत सरसफाइ सुविधा शतप्रतिशत घर परिवारमा व्यवस्था गर्नु,

### ४.३.६ रणनीति

- पानीका मुहानहरूको संरक्षण र सम्बर्द्धन गर्ने
- गाउँबासीलाई स्वच्छ, शुद्ध र सुरक्षित खानेपानीको सुनिश्चितता गर्ने
- सरसफाइ कार्यक्रमबाट जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउने,

### ४.३.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | वडा नं. १, २, ३ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | खानेपानि आपुर्ति कार्यक्रम | संख्या | नार | ४० | ४० | ४० | १२० | २०००००० |
| २ | टोल सरसफाई | वर्ष | सबै टोल | १ | १ | १ | ३ | ६३३६१०.८ |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | फु खानेपानी | संख्या | फु | १ | | | १ | ४५००००० |
| २ | क्याङ खानेपानी | संख्या | क्याङ | | | १ | १ | ४५००००० |
| ३ | हिमलुङ खानेपानी | संख्या | हिमलुङ base camp | | १ | | १ | ३०००००० |
| ४ | नाम्जुङो खानेपानी | संख्या | फु गाउँ | १ | | | १ | ४५००००० |
| ५ | कुलुङ खानेपानी | संख्या | फु गाउँ | | | १ | १ | ४५००००० |
| ६ | पाङग्रेखर्क खानेपानी | संख्या | फु गाउँ | १ | | | १ | ४५००००० |
| ७ | फु गाउँ क्याङ गाउँ सरसफाई कार्यक्रम | संख्या | क्याङ र फु गाउँ | १ | १ | १ | ३ | ६९२४९६ |
| | **जम्मा** | | | | | | | २८८२६१०६.५ |

### ४.३.८ अपेक्षित उपलब्धि
गाउँपालिका अन्तर्गत रहेका सबै खानेपानीका श्रोतहरूको उचित संरक्षण गरिएको हुनेछ। खानेपानीको श्रोतको अभााव भएका बस्तीहरूमा खानेपानीको वैकल्पिक स्रोतहरूको पहिचान गरी समाधानका उपायहरू जस्तै : सौर्य शक्तिमा आाधारित लिफ्ट प्रणालीबाट खानेपानी आपूर्ति, वर्षाद्को पानी जम्मा गरी उपयोग गरिएको हुनेछ। गाउँपालिकाका सबै वडा अन्तर्गत रहेका बस्तीहरूमा एक घर एक धारा शुद्ध खानेपानीको वितरणको व्यवस्था सुनिश्चित गरिएको हुनेछ। सरसफाइ तथा पानीजन्य रोगका कारण हुने रोगमा पनि कमी आएको हुनेछ। शत प्रतिशत घरधुरीमा स्वच्छ, शुद्ध र सुरक्षित पिउने पानीको व्यवस्था गरिएको हुनेछ।

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभूमि
स्थानीय विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ। नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या करिब ४० प्रतिशत रहेको छ। जनसांख्यिकी पुजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै स्थानीय विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट स्थानीय विकासमा योगदानको वातावरण सिर्जना गर्नु आवश्यक छ। त्यसरी नै व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। खेलकुद मानिसको संर्वाङ्गिन विकासका लागि महत्वपूर्ण पक्ष हो। वर्तमान सन्दर्भमा सबैका लागि खेलकुद भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो। खेलकुदलाई मनोरञ्जनका रूपमा मात्र नलिई मानव विकासको सूचकाङ्कको रूपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा स्थानीय विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ।

### ४.४.२ समस्या र चुनौती

खेलकुदको महत्व बोध गराउन नसक्नु, खेलकुदको क्षेत्रमा पर्याप्त लगानी नहुनु, खेलकुद पूर्वाधारको निर्माण र मर्मत सम्भार नहुनु, दक्ष प्रशिक्षकको व्यवस्था नहुनु, राज्यको तर्फबाट प्रोत्साहित गर्ने वातावरणको निर्माण गर्न नसक्नु प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ४.४.३ सोच

**"स्वस्थ, तन्दुरुस्त र रचनात्मक खेलाडीको निर्माण, खेलकुदका माध्यमबाट नर्पा भूमिको पहिचान"**

### ४.४.४ लक्ष्य

- युवा जनशक्तिलाई गाउँपालिकाको सामाजिक र आर्थिक विकासमा मूल प्रवाहीकरण गरी गाउँपालिकालाई खेलकुद केन्द्र (हव) का रूपमा विकास गर्ने ।

### ४.४.५ उद्देश्य

- युवाको जोश, जाँगर, सीप र नेतृत्व क्षमतालाई प्रस्फुटन गर्दै पालिकाको समग्र विकासमा युवाको सहभागिता वृद्धि गर्नु,
- युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गर्नु,
- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वाबलम्बी बनाउनु,
- खेलकुदका माध्यमबाट युवा युवतीको शारीरिक विकासको सुनिश्चितता गर्नु,
- खेलकुद पूर्वाधारको विकास गर्नु,
- खेलाडीलाई स्वस्थ, अनुशासित, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु र
- युवा युवतीलाई खेलकुदका पूर्वाधारमा पहुँच वृद्धि गर्दै खेलकुद सामग्री उपलब्ध गराउनु ।

### ४.४.६ रणनीति

- युवा वर्गको शारीरिक, मानसिक तथा संवेगात्मक क्षमताको विकास  गर्ने,
- युवालाई उद्यमशील, व्यावसायिक र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने,
- युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने,
- युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने,
- खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने ।

### ४.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **गाउँपालिका स्तरीय** | | | | | | | |
| १ | वडा स्तरीय युवा तथा बाल क्लबहरु गठन | पटक | सबै वडा | १ | १ | १ | ५ | ४५५००० |
| २ | पालिका स्तरीय युवा तथा बाल क्लब गठन | पटक | पालिका स्तरीय | | | | १ | ३००००० |
| ३ | रंगशाला निर्माण | वटा | | | | १ | १ | १३६५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | तिर हान्ने, घोडा दौड जस्ता प्रतियोगिता संचालन तथा पुरस्कार वितरण | पटक | | १ | १ | १ | ५ | ६००००० |
| ५ | वडा स्तरमा खेलमैदान निर्माण | वटा | | १ | १ | १ | ५ | ६००००० |
| ६ | बालविवाह, वहुविवाह र अनमेल विवाह न्यूनीकरणको लागि सडक नाटक र जनचेतना कार्यक्रम | पटक | | ३ | | १ | ३ | २००००० |
| ७ | विपन्न, एकल महिलाहरुको लागि सिप विकास तालिम | पटक | | | २ | | १ | ६००००० |
| ८ | किशोरी शिक्षा | जना | | | | १ | १ | ४५०००० |
| ९ | क्षमता तथा नेतृत्व विकास कार्यक्रम | पटक | | १ | | | २ | ४५०००० |
| | **जम्मा** | | | | | | | १७३०५००० |

### ४.४.७ अपेक्षित उपलब्धि

युवालक्षित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था भएको हुनेछ। नर्पा भूमि गाउँपालिका भित्रका बेरोजगार युवा युवतीले साना तथा ठुला उद्योगहरू खोली स्वरोजगार बन्नका लागि वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याज दरमा कर्जा प्रवाहको व्यवस्था भएको हुनेछ। खेलकुदको विकासका लागि खेल पूर्वाधारहरूको विकास र विस्तार भएको हुनेछ। स्थानीय स्तरमा विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरू सञ्चालन भई प्रतिभावान खेलाडीहरूको पहिचान गरी प्रदेश तथा राष्ट्रिय स्तरका खेलाडीका रूपमा विकास भएका हुनेछन्। खेल मैदान नभएका वडा तथा बस्तीहरूमा खेल मैदानहरू निर्माण भएका हुनेछन्। सबै वडामा कम्तिमा पनि एक भलिबल मैदान र कभर्डहलको व्यवस्था भएको हुनेछ। वार्षिक रूपमा खेलकुद प्रतियोगिता आयोजना गरी ठूलो संख्यामा युवाहरूलाई सहभागी गराइएको हुनेछ। युवाहरू सदाचार, नैतिकवान र व्यावसायिक भइ समाज र देशलाई योगदान दिइरहेका हुनेछन्।

## ४.५ कला तथा संस्कृति

### ४.५.१ पृष्ठभूमि

कला तथा संस्कृति कुनै निश्चित भूगोल र त्यहाँ बसोबास गर्ने मानव जातिको पहिचान हो। हरेक कला र संस्कृति मानवीय मूल्य मान्यताको सम्पत्ती पनि हो। कला र संस्कृतिको जगेर्ना गर्नु मानव जातिको कर्तव्य पनि हो। नेपालको संविधान २०७२ ले स्थानीय कला, संस्कृति र सभ्यताको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्ने जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ। यस सन्दर्भमा नर्पा भूमि गाउँपालिकाले आफ्नो पालिका भित्रको कला र संस्कृतिलाई जगेर्ना गर्नु प्रमुख दायित्व रहेको छ। यो गाउँपालिका धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक आदि दृष्ट्रिकोणले विविधतामा रमेको छ। एकले अर्काको कला र संस्कृतिको संरक्षण सम्बर्द्धन गरी आपसी मित्रता र सदभावका साथ जीउने कुरामा पालिकाले अभिभावकको भूमिका निर्वाह गर्नुपर्दछ।

धार्मिक रूपमा मुख्यत: बौद्धहरूको बाहुल्यता रहेको यस पालिकामा न्यून मात्रामा हिन्दु र मुस्लिम समुदायको बसोबास रहेको छ। जातीय रूपमा मूलत: लामा समुदाय (वाङ्साङतेन, ङोच्योतेन, ल्हातातेन, एपा, हेन्तेन, न्हारपा, मेन्तेन) को बाहुल्यता रहेको छ। यसका अलावा तिब्बीयन मूलका खम्पा जातिको समेत बसोबास रहेको पाइन्छ। हरेक धार्मिक विश्वास र आस्था तथा जातीय परम्परा र प्रचलन अनुसार आफ्ना मूल्य मान्यता कला संस्कृति र परम्परा फरक फरक रहेका छन्। तथापि एक आपसमा मिलेर बसोबास गरेका छन्। यस किसिमको सामाजिक सांस्कृतिक र धार्मिक परम्परालाई स्थानीय सरकारले संरक्षण गर्न आवश्यक छ।

### ४.५.२ समस्या र चुनौती

सांस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, धार्मिक, पौराणिक, सामाजिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन, विकास, विस्तार र प्रचारप्रसार गर्नका लागि गुरु योजना निर्माण गरी कार्यान्वयन गर्न नसक्नु, खम्पा जातिको परम्परागत पहिरन र तिनका सामाजिक सांस्कृतिक मूल्य मान्यताको विकास र विस्तार गरी मौलिकतामा आधारित कला संस्कृतिको संरक्षण र प्रचार प्रसार नहुनु प्रमुख समस्या  तथा चुनौती रहेका छन् ।

### ४.५.३ सोच

**"एकताबद्ध नार्पा भूमि : जीवन्त कला तथा संस्कृति"**

### ४.५.४ लक्ष्य

- स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने ।

### ४.५.५ उद्देश्य

- स्थानीय कला, संस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्नु,
- स्थानीय लोक साहित्य, चाडबाड, रीतिरिवाज र परम्राको संरक्षण गर्नु र
- ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको खोज अनुसन्धान गरी प्रचार प्रचार गर्नु ।

### ४.५.६ रणनीति

- स्थानीय ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रबर्द्धन गर्ने,

### ४.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तर** | | | | | | | |
| १ | नार्फा जातिको कला, संस्कृति, भाषा, रीतिरिवाज, चालचलन, चाडपर्वको अध्ययन तथा अनुसन्धान गरी अभिलेखीकरण गर्ने | वर्ष | पालिका | १ | १ | १ | १ | १८७५००० |
| २ | नार्फु, नेपाली र अंग्रजी त्रिभाषिक व्याकरण निर्माण | वर्ष | पालिका | १ | १ | | १ | १५००००० |
| ३ | नार्फु, नेपाली र अंग्रजी त्रिभाषिक शब्दकोष निर्माण | वर्ष | पालिका | १ | १ | | १ | १५००००० |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | धेर्जी, यार्तु पर्व संरक्षण तथा पवर्द्धन | पटक | नार | १ | १ | १ | १ | २००००० |
| २ | तिर हान्ने पर्व संरक्षण तथा पवर्द्धन | पटक | वडा १, २, ३ | १ | १ | १ | १ | २००००० |
| ३ | परम्परागत मौलिक पर्व तथा चालचलन संरक्षण सम्वर्द्धन तथा पुरानो कला संस्कृतिको हस्तान्तर गर्ने | पटक | वडा १, २, ३ | १ | १ | १ | १ | २३३६११.०४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय बाँजागाजा संरक्षण तथा व्यवस्थापन | पटक | वडा १, २, ३ | १ | १ | १ | ५ | ३००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | भाषा तथा संस्कृति जगेर्ना कार्यक्रम | संख्या | क्याङ र फु गाउँ | १ | १ | १ | १ | ३००००० |
| २ | स्थानीय बाँजागाजा संरक्षण तथा व्यवस्थापन | संख्या | | १ | १ | १ | १ | ३००००० |
| | **जम्मा** | | | | | | | ६४०८६११ |

### ४.५.८ अपेक्षित उपलब्धि

गाउँपालिकाभित्रका विभिन्न गुम्बाहरूको न्योचित ढंगले संरक्षण गरिएको हुनेछ । ऐतिहासिक, पुरातात्विक र सांकृतिक सम्पदाहरूको पहिचान गरी तिनको महत्वका बारेमा प्रचार प्रसार गरिएको हुनेछ । सम्पदाहरूको मर्मत संभार तथा स्तरोन्नति गरिएको हुनेछ । परम्परागत कला, सीप, संस्कृति र बाजागाजा संरक्षण गरिएका हुनेछन् । स्थानीय लोक साहित्य, मेला तथा चाडपर्वहरूको संरक्षण र सम्बर्द्धन गरिएका हुनेछन् ।

## ४.६ लक्षित समूह विकास

### ४.६.१ पृष्ठभूमि

नर्पा भूमि गाउँपालिका भित्र सीमान्तकृत तथा सुविधाबाट वञ्चितमा परेका जनजाति, असहाय, विपन्न समुदायहरूको उल्लेखनीय बसोबास रहेको छ । महिला, पीछडिएका वर्ग, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न व्यक्ति तथा परिवारहरू आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक रूपमा वञ्जितीकरणमा परेका छन् । राज्यका विभिन्न संवैधानिक, कानुनी, नीतिगत व्यवस्था मार्फत् पछि परेका समुदायहरूको समावेशीकरणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । कार्यक्रमरूको अपर्याप्तता, योजनाबद्ध विकासको अभाव र चालु विकासका आयोजनाको मन्द गति र विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच देखिएको असमानताको कारण अपेक्षित सुधार हुन सकेको छैन । आर्थिक रूपमा सीमान्तकृत, जातिगत रूपमा बहिष्कृत, भाषा, जाति तथा धार्मिक रूपमा अल्प संख्यक र उमेर, लिङ्ग तथा शारीरिक क्षमताका आधारमा फरक अवस्थाका समुदायहरूलाई संरक्षण तथा विकास गरी राज्यको मूल प्रवाहमा ल्याउनका लागि स्थानीय सरकारले विशेष कार्यक्रम संचालन गर्नुपर्दछ ।

यस सन्दर्भमा योजना अवधिमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र प्रतिफलमा प्रत्यक्ष सहभागिता र थप लक्षित कार्यक्रम मार्फत् उल्लेखित समुदायहरूको अर्थपूर्ण सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्नका लागि आवधिक योजनामा यस उपक्षेत्रको व्यवस्थित सोच, लक्ष्य, उद्देश्य, कार्यनीति, रणनीति र उपलब्धिहरूको खाका प्रस्तुत गरिएको छ ।

### ४.६.२ समस्या र चुनौती

सामाजिक, आर्थिक, सांस्कृतिक, जातीय तथा वर्गीय रूपमा पछाडि पारिएका र समाजको मूल प्रवाहीकरणबाट वञ्चितीकरणमा परेका समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउन नसक्नु, विशेष कार्यक्रम सञ्चालनका लागि पर्याप्त आर्थिक स्रोत साधनको कमी हुनु प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ४.६.३ सोच

**"समाजको मूल प्रवाहीकरणमा लक्षित समूहको विभेदरहित सहभागिता र विकास"**

### ४.६.४ लक्ष्य

- लक्षित समुदायको सम्मानजनक उपस्थिति तथा सामाजिक सम्मानको अनुभूति ।

### ४.६.५ उद्देश्य

- महिला, बालबालिका तथा किशोर किशोरीहरूको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभावमुक्त पालिका बनाउनु र
- सामाजिक रूपमा असुरक्षित महसुस गरेका समुदायलाई सुरक्षाको प्रत्याभूति प्रदान गर्नु ।

### ४.६.६ रणनीति

- लैङ्गिक तथा जातीय विभेद न्यूनीकरणका लागि पीछडिएको वर्गको उत्थानका लागि कार्यक्रम संचालन गर्ने,
- पीछडिएका वर्गका किशोर किशोरीको आर्थिक उत्थान गर्ने,
- परम्परागत पेशाहरूको संरक्षण गर्ने,
- जेष्ठ नागरिकको सम्मान तथा सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने,
- अनाथ  तथा जोखिममा परेका बालबालिकाहरूका लागि विशेष कार्यक्रम संचालन गर्ने,
- महिला विकास तथा लैङ्गिक समानतामा जोड दिने
- जेष्ठ नागरिक सम्मान तथा हेरचाह कार्यक्रम संचालन गर्ने
- असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सम्मानित जीवन यापनका कार्यक्रम संचालन गर्ने
- नर्पा जाति उत्थान कार्यक्रम संचालन गर्ने,

### ५.६.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | पालिका स्तरीय | | | | | | | |
| १ | पालिका स्तरीय महिला समूह गठन | पटक | गा.पा. स्तरीय | | १ | | १ | ५०००० |
| २ | सिप तथा व्यावसायिक विकास तालिम | पटक | गा.पा. स्तरीय | | | १ | १ | १५०००० |
| ३ | महिला सशक्तिकरणका लागि आधारभूत तालिम | | गा.पा. स्तरीय | १ | | | १ | ३००००० |
| ४ | महिला पुरुष समविकास तालिम | | गा.पा. स्तरीय | | १ | | १ | ५०००० |
| ५ | बालविवाह सम्बन्धी सचेतना कार्यक्रम | | वडा स्तरीय | १ | १ | १ | ३ | ९००००० |
| ६ | लैससास सम्बन्धी सचेतना कार्यक्रम | | वडा स्तरीय | | | १ | १ | १००००० |
| ७ | जनप्रतिनिधि, शाखा प्रमुख र वडा सचिव सबै लैंगिक उत्तरदायी बजेट तर्जुमा कार्यक्रम | पटक | पालिका स्तरीय | १ | १ | १ | ३ | ४७०१६६.६ |
| ८ | युवा तथा बाल क्लबहरुका लागि क्षमता विकास कार्यक्रम | पटक | पालिका स्तरीय | | | | | ३००००० |
| ९ | एक महिला क्षमता विकास तालिम | पटक | पालिका स्तरीय | | | | | |
| १० | अपांगताका लागि मागमा आधारित सामग्री वितरण | पटक | पालिका स्तरीय | | १ | | १ | ६४५०५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | लैंगिक हिंसा नियन्त्रण संजाल समितिहरुलाई गठन/पुर्नगठन तथा क्षमता विकास तालिम | पटक | वडा/पालिका | १ | १ | १ | ३ | ६००००० |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | बालबालिका, सत्केरी, वृद्ध सुरक्षा कार्यक्रम | पटक | नार | | १ | | १ | ५००००० |
| २ | महिला क्षमता विकास तालिम कार्यक्रम | पटक | | १ | १ | १ | ३ | ३००००० |
| १ | लैंगिक समानता कार्यक्रम | पटक | नार | १ | १ | १ | ३ | ५००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | महिला क्षमता विकास तालिम कार्यक्रम | पटक | | १ | १ | १ | ३ | ३००००० |
| १ | महिला सशक्तिकरण | पटक | क्याङ, फु गाउँ | १ | १ | १ | ३ | ३००००० |
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सचेतना गोष्ठी संचालन गर्ने | | | √ | √ | √ | | ३००००० |
| | **जम्मा** | | | | | | | **५७६५२२१** |

### ४.६.८ अपेक्षित उपलब्धि

सामाजिक रूपमा असुरक्षित महसुस गरेका समुदायलाई सुरक्षाको प्रत्याभूति प्रदान गर्नका लागि विशेष कार्यक्रम सञ्चालन भइरहेका हुनेछन् । महिला हिंसामा कमी, अनाथ तथा जोखिममा परेका बालबालिकाको सुरक्षा, फरक क्षमता भएका र जेष्ठ नागरिकको सम्मानजनक व्यवस्थापन गरी लक्षित समुदायको सम्मानजनक उपस्थिति तथा सामाजिक सम्मानको अनुभूति भएको हुनेछ । महिला, बालबालिका तथा किशोर किशोरीहरूको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभावमुक्त गाउँपालिका घोषणा गरिएको हुनेछ ।

## ४.७ पूर्वानुमान तथा जोखिम पक्ष :

गाउँपालिकाले शिक्षा, विज्ञान तथा प्रविधिको विकास र स्वास्थ्य क्षेत्रको सुदृढीकरणका लागि आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकास गरेको हुनेछ । आवश्यक भौतिक पूर्वाधार, शिक्षा तथा स्वास्थ्यप्रति चेतनाको कमी, दक्ष जनशक्तिको अभाव, आवश्यक उपकरण, आर्थिक स्रोतको सुनिश्चितता, वित्तीय अनुसाशनको अभाव तथा प्रधावकारी अनुगमन र मूल्यांकन नहुँदा अपेक्षित उपलब्धी हासिल गर्न नसक्ने जोखिम रहेको छ ।

खानेपानीका प्राकृतिक मुहानको संरक्षण, सरसफाइ स्वच्छता दिगो उपयोग आदिका लागि आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई पालिका बासीलाई स्वच्छ खानेपानीको सुनिश्चितता गरिएको हुनेछ । सरसफाइ स्वच्छताको महत्व नबुझ्नु, गुणस्तरीय रूपमा आयोजनाको कार्यान्वयन नहुनु, पानीका स्रोतको संरक्षण नहुनु, अनुगमन तथा मूल्यांकन नहुँदा अपेक्षित उपलब्धी हासिल गर्न नसक्ने जोखिम रहेको छ ।

खेलकुदका माध्यमबाट स्वस्थ नागरिक उत्पादन र पालिकाको गौरव बढाउनका लागि खेल पूर्वाधारको निर्माण, आवश्यक प्रशिक्षण र दिगो व्यवस्थापनका लागि आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई खेलाडी उत्पादन गरिएको हुनेछ । खेलकुदप्रतिको संस्थागत विकासको अभाव, जनशक्ति व्यवस्थापन गर्न नसक्नु र खेलाडीलाई आवश्यक स्रोत साधन सम्पन्न बनाउन नसक्दा र प्रोत्साहनका कार्यक्रम संचालन नगर्दा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ ।

स्थानीय कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन तथा प्रचार प्रसारका लागि नीतिगत व्यवस्था गरिएको हुनेछ । कला र संस्कृतिको महत्व बुझाउन नसक्दा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ । आधारभूत आवश्यकताको सेवाबाट वञ्चितीकरणमा परेका, आयमूलक पेशा व्यवसायदेखि दूर रहेका समाजका खास वर्ग तथा समुदायको हित र कल्याणका लागि आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई त्यस्ता वर्गलाई लक्षित गरी विशेष किसिमका कार्यक्रम संचालन गरिएको हुनेछ । लगानीको अभाव, सामाजिक मूल्यमान्यता र चेतनाको अभाव, आवश्यक सीप र क्षमताको अभाव जस्ता कुराले अपेक्षित उपलब्धि प्राप्त नहुने जोखिम रहन सक्दछ ।

नार्पा भूमि गाउँपालिका

# परिच्छेद ५
# पूर्वाधार क्षेत्र

नर्पा भूमि गाउँपालिकाको आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रसँग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको आधारमा पूर्वाधार विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**पूर्वाधार विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** रु

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | प्रदेश सरकार | नेपाल सरकार |
| आर्थिक वर्ष २०८१/८२ | ६९६७०३४८ | ७४०२४७४.५ | ६२२६७८७३.५ | | ७,१०७,०८८ | ४,२५६,२८५ | ५९,७२७,८२० |
| आर्थिक वर्ष २०८२/८३ | ७६६३७३८३ | ८१४२७२१.९ | ६८४९४६६०.९ | | ७,८१७,७९७ | ४,६८१,९१४ | ६५,७००,६०२ |
| आर्थिक वर्ष २०८३/८४ | ८४३०११२१ | ८९५६९९४.१ | ७५३४४१२७ | | ८,५९९,५७६ | ५,१५०,१०५ | ७२,२७०,६६२ |

## ५.१ सडक, ढल तथा पुल पुलेसा

### ५.१.१ पृष्ठभूमि

आर्थिक-सामाजिक विकासलाई गतिशील बनाउन, सर्वसाधारणलाई पुऱ्याउने सेवा तथा सुविधालाई सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकृत एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ । नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ । आवश्यक पूर्वाधारको विकास केही हदसम्म भए तापनि यातायात सेवा दिगो र भरपर्दो हुन सकेको छैन । निजी क्षेत्रको प्रमुख लगानी रहेको सार्वजनिक यातायात सेवालाई व्यवस्थित र मर्यादित बनाइ सहज तरीकाबाट नागरिकले निर्बाध रूपमा आवतजावत गर्न पाउने हकको यथोचित उपयोग अझैं गर्न नपाएको अवस्था छ। शहरीकरणको चाप र ग्रामीण भेगसम्म पनि सडक सञ्जाल विस्तार हुँदै गरेको सन्दर्भमा सबै नागरिकलाई किफायती, सुरक्षित, प्रदुषण रहित र सुविधा सम्पन्न यातायात सेवाको प्रत्याभूति गराउन यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने आवश्यकता छ। स्थानीय यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ ।

नर्पा भूमि गाउँपालिका भौगोलिक रूपमा दुर्गम मानिन्छ। भौगोलिक दुर्गमताका कारण यहाँका कुनैपनि बस्तीमा सडक सञ्जालको पहुँच पुग्न सकिरहेको छैन । प्रत्येक पालिका मुकामसम्म सडक सञ्जालले जोड्ने राष्ट्रिय नीति भए पनि यो पालिकामा अहिलेसम्म सडक सञ्जालको विकास र विस्तार भएको छैन । परम्परागत घोडेटो र गोरेटो बाटोको माध्यमबाट यहाँका मानिसले आफ्ना व्यपार, व्यावसाय सञ्चालन तथा सेवा सुविधाको उपभोग गर्न बाध्य भएका छन् । विकासको मेरुदण्डका रूपमा रहेको सडक सञ्जाल वडा केन्द्रसम्म विस्तार नहुँदा अन्य विकास निर्माणका कामहरूसमेत मंहगो हुने गरेको तीतो यथार्थ रहेको छ ।

## ५.१.२ समस्या र चुनौती

अधिकांश भू-भाग भिरालो, हिमाली, बाढी तथा हिम पहिरो, खहरे, भूक्षय जस्ता कारणले सडक तथा पुल निर्माणमा दिगो व्यवस्थापन नहुनु र पूर्वाधार विकासका लागि श्रोत साधनको जोहो गर्न कठिन हुनु प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

## ५.१.३ सोच

**"सडक सञ्जालको विकास : नार्पा भूमिबासीको आर्थिक सम्बृद्धिको आधार"**

## ५.१.४ लक्ष्य

- गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विकास र विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्ने ।

## ५.१.५ उद्देश्य

- प्रभावकारी, दिगो, भरपर्दो, र सुरक्षित यातायात सेवा मार्फत् अन्तर वडा, अन्तर पालिका तथा जिल्ला र प्रदेश हुँदै राष्ट्रिय सडक सञ्जालमा जोडी आर्थिक क्षेत्रमा नार्पा भूमिबासीलाई जोड्नु,
- मनाङ सदरमुकाम चामेदेखि च्याँखुसम्म निर्माण भइरहेको सडकलाई राष्ट्रिय मापदण्ड अनुसारको सडक बनाउनु,
- गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गर्न आवश्यक स्थानमा सम्भाव्यता अध्ययन गरी सडक निर्माणका लागि तयारी गर्नु,

## ५.१.६ रणनीति

- स्तरीय र भरपर्दो सडक यातायातको विकास गर्ने,
- पालिका भित्रका आवश्यक स्थानहरूमा झोलुङ्गे पुल निर्माण गर्ने,
- शहर उन्मुख स्थानहरूमा ढल निकासको व्यवस्था गर्ने,

## ५.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १,२, ३** | | | | | | | |
| १ | कोहोदेखि मेता | कि.मि | वडा नं. १, २, ३ | १ | १ | १ | १७ | ५१,०००,००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | बस्ती विकास योजना, क्याङ | पटक | | | १ | | १ | ३०००००० |
| २ | बस्ती विकास योजना, वाखल | पटक | | | १ | | १ | ३०००००० |
| ३ | भ्रोमो खोला झोलुङ्गे पुल | मिटर | | | | | | |
| ४ | ट्रस पुल, ह्याकाङ खोला | मिटर | ह्याकाङ खोला | | | १ | | २४४५३७० |
| ५ | कुरुङ ट्रस पुल | मिटर | कुरुङ खोला | १ | | | | २४४५३७० |
| ६ | भोर्पुचेन ट्रस पुल | मिटर | भोर्पुचेन | | | | | २४४५३७० |
| | **जम्मा** | | | | | | | ६४,३३६,११० |

**झोलुङ्गे पुल**

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | येता खोला झो. पु | वर्ष | मेता | | १ | | १ | ३५३०००० |
| २ | खा | वर्ष | | | १ | | १ | ३५३०००० |
| ३ | महेन्द्र पुल झो. पु | वर्ष | नार | १ | | | १ | २५००००० |
| ४ | सेप्पाङ्ग खोला झो. पु | वर्ष | | १ | | १ | २ | २५००००० |
| ५ | घहे खोला झो. पु | वर्ष | | १ | | १ | २ | २५००००० |
| ६ | नार खोला झो. पु | वर्ष | | | १ | | १ | ३५२५००० |
| ७ | निङ्बु खोला झो. पु | वर्ष | | १ | | | १ | २५००००० |
| ८ | ले खोला झोलुगें पुल | वर्ष | | | १ | | १ | २६५७६५० |
| ९ | ग्ला फेदि झोलुगें पुल | वर्ष | | १ | | | १ | २५००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | मुरुज खोला झोलुङ्गे पुल | वर्ष | क्याङ | १ | | | १ | ५३१६३०० |
| २ | भेमा खोला झोलुङ्गे पुल | वर्ष | क्याङ | | १ | १ | २ | ४६६६६६७ |
| | **जम्मा** | | | | | | | **३५७२५६१६.६७** |

**ढल**

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | नारगाउँ ढल निर्माण | वर्ष | नार | | १ | | १ | ५१०४२४८ |
| २ | मेता गाउँ ढल निर्माण | वर्ष | मेता | १ | | १ | १ | ५१०४२४८ |
| ३ | च्याँखु ढल निर्माण | वर्ष | च्याँखु | | १ | | १ | ५१०३६४८ |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | क्याङ बस्ति विकासमा ढल निकासा | वर्ष | क्याङ | | | १ | १ | ५१०४३२० |
| २ | फु गाउँ बस्ति ढल निकासा | वर्ष | फु | | १ | | १ | ५१०४२०० |
| | **जम्मा** | | | | | | | **२५५२०६६४** |

### ५.१.८ अपेक्षित उपलब्धि

प्रभावकारी, दिगो, भरपर्दो र सुरक्षित यातायात सेवा मार्फत् अन्तर वडा, अन्तर पालिका तथा जिल्ला र प्रदेश हुँदै राष्ट्रिय सडक सञ्जालमा जोडी आर्थिक क्षेत्रमा नार्पा भूमिबासीलाई जोडिएको हुनेछ। गाउँपालिकामा सडक सञ्जालको विकास गर्दा राष्ट्रिय मापदण्ड अनुसार निर्माण गरिनेछ । चामेदेखि च्याँखु सडक सञ्जालमा जोडिएपछि नार्पा भूमि गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा नयाँ सडकको विस्तार गरिएको हुनेछ । गाउँपालिकामा यातायात सेवालाई

बाह्रै महिना संचालनका लागि आवश्यक स्थानमा मोटरेवल पुलको निर्माण कार्य सम्पन्न भएको हुनेछ। गाउँपालिकाका सबै वडा तथा बस्तीहरूमा सडक सञ्जालको विस्तार गरी यातायात प्रणालीको दिगो तथा वैज्ञानिक व्यवस्थापन गरिएको हुनेछ।

## ५.२ ऊर्जा र संचार

### ५.२.१ पृष्ठभूमि

नार्पा भूमि गाउँपालिकाका सबै घरधुरीमा स्थानीय स्तरमा उत्पादित साना जलविद्युत् आयोजनाको बत्तीको सुविधा पुगेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार दाउरा प्रयोग गर्ने ९५.२ प्रतिशत, एल.पि. ग्याँस प्रयोग गर्ने ३.२ प्रतिशत, मट्टितेल प्रयोग गर्ने ०.८ प्रतिशत र अन्य स्रोत प्रयोग गर्ने ०.८ प्रतिशत घर परिवार रहेका छन्। यसैगरी गाउँपालिकाका बस्तीसम्म केन्द्रीय प्रसारण मार्फत् पनि विद्युत जोडिएको छ। यसैगरी ऊर्जाका लागि विद्युत्को प्रयोग सबै घरपरिवारले गरेका छन्।

नार्पा भूमि गाउँपालिकाका अधिकांश मानिसहरूले सञ्चारका साधनका रूपमा मोबाइलको प्रयोग गरेका छन्। त्यसैगरी टेलिभिजन, टेलिफोन, इन्टरनेट, पत्रपत्रिका आदि सञ्चारका साधनहरूको पनि प्रयोग गरेको पाइन्छ।

### ५.२.२ समस्या र चुनौती

ऊर्जा उत्पादनको सम्भावना र उपयोगका लागि दीर्घकालीन योजना बनाउन नसक्नु, सरकारी, सहकारी र निजी क्षेत्रको पुजीलाई एकीकृत गरी ऊर्जा क्षेत्रको उत्पादन र दिगो प्रयोगका लागि लगानी मैत्री वातावरण निर्माण गर्न नसक्नु प्रमुख समस्या तथा चुनौती रहेका छन्।

### ५.२.३ सोच

**"दिगो विकासका लागि ऊर्जाको उपयोग"**

### ५.२.४ लक्ष्य

- जलविद्युत् तथा वैकल्पिक नवीकरणीय ऊर्जाको उत्पादन, प्रयोग क्षमता विस्तार र सञ्चार क्षेत्रको विकासका माध्यमबाट स्थानीय आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउने,

### ५.२.५ उद्देश्य

- साना तथा ठुला जलविद्युत् आयोजना पहिचान, उत्पादन र प्रयोग गरी दिगो अर्थतन्त्रको आधारशीला तयार गर्नु,
- वैकल्पिक नवीकरणीय ऊर्जाको उत्पादन र प्रयोग गरी दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु,
- ऊर्जाको अधिकतम् उपयोग मार्फत् वातावरणीय सन्तुलन कायम, आयात प्रतिस्थापन र स्वस्थ जीवन निर्माणमा टेवा पुऱ्याउनु,

### ५.२.६ रणनीति तथा कार्यनीति

- जलविद्युत् विकासमा लगानी वृद्धिको वातावरण सिर्जना गर्ने,
- प्राविधिक र आर्थिकरूपमा आकर्षक आयोजनाको पहिचान र उत्पादन मार्फत् स्थानीय अर्थतन्त्रलाई दिगो र सबल बनाउने,
- प्रसारण लाइन नपुगेका र सम्भाव्यता नभएका क्षेत्रमा नवीकरणीय ऊर्जाको माध्यमबाट विद्युतीकरण गर्ने,
- नवीकरणीय ऊर्जाको स्रोतलाई उत्पादनमा वृद्धि र व्यावसायिक ऊर्जाको रूपमा विकास गर्ने,
- वैकल्पिक तथा विद्युत् ऊर्जामा पहुँच वृद्धि गरी दैनिक इन्धनलाई न्यूनीकरण गर्ने र

- विद्युत् विरणको वर्तमान अवस्थामा सुधार गरी सुरक्षित र सबैको पहुँचमा पुऱ्याउने ।

### ५.२.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

**लघु तथा साना जलविधुत**

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | नार लघुविधुत योजना | वर्ष | नार | | | १ | १ | ३०१२८५६.५ |
| २ | मेता लघुविधुत योजना | वर्ष | मेता | | | १ | १ | ३०१२८५६.५ |
| ३ | च्याँखु लघुविधुत योजना | वर्ष | च्याँखु | | | १ | १ | ३०१२८५६.५ |
| | **जम्मा** | | | | | | | ९०३८५६९.५ |

**वैकल्पिक उर्जा**

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | सोलार (नार) | वटा | नार | | | १ | १ | ८००००० |
| २ | सोलार (मेता) | वटा | मेता | | | | १ | |
| ३ | सोलार (च्याँखु) | वटा | च्याँखु | | | | १ | |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | सौर्य उर्जाबाट विधुत विस्तार तथा वायु उर्जा निर्माण | वर्ष | फु क्याङ | १ | १ | १ | ५ | ८७६८२६६.२ |
| | **जम्मा** | | | | | | | ९५६८२६६ |

**सञ्चार**

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | नार टेलिफोन टावर | संख्या | नार | | १ | | १ | ४०५३००० |
| २ | च्याँखु टेलिफोन टावर | संख्या | च्याँखु | | | १ | १ | |
| ३ | मेता टेलिफोन टावर | संख्या | मेता | | | १ | १ | |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | टेलिकम टावर | संख्या | क्याङ | | | | १ | ५०००००० |
| २ | इन्टरनेट | संख्या | क्याङ | १ | १ | १ | ५ | ५५०८८०.२६१ |
| | **जम्मा** | | | | | | | ९६०३८८० |

### ५.२.८ अपेक्षित उपलब्धि

स्थानीय खोला तथा नदीहरुको उत्पादन सामर्थ्यका आधारमा आयोजनाको पहिचान र उत्पादन गर्न स्थानीय जनतासँगको सहकार्यमा आयोजना संचालन गरिएको हुनेछ। प्राविधिक र आर्थिक रूपमा आकर्षक आयोजनाको पहिचान र उत्पादन गर्न स्थानीय जनतासँगको सहकार्यमा आयोजना संचालन गरिएको हुनेछ। स्थानीय जनतालाई जलविद्युत् आयोजनाहरूमा सेयर लगानी गर्ने अवसर सिर्जना गरिएको हुनेछ। विद्युत् वितरण लाइनका काठेपोलहरू प्रतिस्थापन गरिएको हुनेछ। विद्युत् चुहावट रोक्न र विद्युत् सेवालाई प्रभावकारी बनाउन स्मार्ट मिटर तथा स्मार्ट ग्रिड र अनलाइन सिस्टमबाट बिल भुक्तानीको व्यवस्था गरिएको हुनेछ। विद्युत् जडान तथा मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गरिएको हुनेछ। लघु जलविद्युत्, वायु तथा सौर्य विद्युत्का साना आयोजना संचालन गरी विद्युत्मा नागरिकको पहुँच वृद्धि गरिएको हुनेछ। विद्युतीय चुलो प्रयोगको लागि प्रोत्साहन गरिएको हुनेछ।

## ५.३ भवन निर्माण, आवास तथा बस्ती विकास

### ५.३.१ पृष्ठभूमि

मौलिकतामा आधारित आधुनिक, वातावरणमैत्री, विपद् प्रतिरोधात्मक, व्यवस्थित, अपाङ्ग तथा लैंगिक मैत्री पूर्वाधार सहितको बजार तथा ग्रामीण बस्ती निर्माण गर्नुपर्दछ। बजार उन्मुख हुँदै गइरहेका बस्तीहरूमा बन्ने मापदण्ड विनाका अव्यवस्थित पूर्वाधारले शहरी सभ्यता र पर्यावरण मैत्री बसोबासमा असर पुऱ्याउने भएकाले दीर्घकालीन योजनाको निर्माण गरी बजारका बस्तीहरूमा पूर्वाधार निर्माण गर्नुपर्दछ। ग्रामीण बस्तीमा भवन निर्माण गर्दा स्थानीय कच्चा पदार्थको प्रयोग गरी स्वच्छ, सुरक्षित र आधुनिक बनाउनु पर्दछ। बदलिँदो परिस्थितिसँगै मानिसमा शहरप्रतिको मोह बढ्दै गएको छ। आधारभूत सुविधाको पहुँचमा सहजता र शहरी मनोविज्ञानले गाउँलाई कुरूप बनाउने सम्भावना बढेको छ। त्यसैले तीव्र गतिमा भइरहेको बजारीकरणको व्यवस्थापनका लागि एकीकृत बस्तीको विकास गरी शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सेवा सुविधाको सुनिश्चित गर्नुपर्दछ। राज्यबाट प्रवाह गरिने सार्वजनिक सेवा तथा सुविधाहरूलाई एकीकृत, सहज, सरल, प्रविधिमैत्री, समावेशी, लैंगिक तथा अपाङ्ग मैत्री बनाउनका लागि सोही अनुसारको भौतिक पूर्वाधारको निर्माण गर्नुपर्दछ। भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, सुरक्षित, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न तथा बजार क्षेत्रमा अनाधिकृत तथा अव्यवस्थित रूपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकता राखी कार्य गर्नुपर्ने आवश्यकता छ।

नार्पा भूमि गाउँपालिकाभित्रका प्रमुख बस्तीहरू सडक सञ्जालको विकास भएसँगै निकट भविष्यमा बजार उन्मुख हुने भएकाले यहाँका निजी तथा सार्वजनिक पूर्वाधारहरू क्रमिक रूपमा जोखिम प्रतिरोधात्मक बनाउनु पर्ने रहेको छ। यद्यपि निजी आवासहरू परम्परागत परिपाटीमा बनेकाले आगामी दिनमा बन्ने संरचनाहरू जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम, भूकम्प, बाढी, हिम पहिरो, हावाहुरी लगायतका प्राकृतिक प्रकोपहरूबाट सुरक्षित रहन र सुरक्षित आवासको प्रत्याभूति गरी जीवन निर्वाह गराउन भवन निर्माण गर्दा मापदण्ड अनुसार गर्न गराउन आवश्यक छ।

### ५.३.२ समस्या र चुनौती

भवन निर्माण आचारसहिता अनुसारका भवन निर्माण नहुनु, भवन निर्माण सम्बन्धि दीर्घकालीन योजना नबन्नु, सार्वजनिक सेवालाई एकीकृत रूपमा प्रवाह गर्नका लागि निर्माण गर्नुपर्ने संरचनाहरूको डिपिआर नबनाउनु प्रमुख समस्या तथा चुनौती रहेका छन्।

### ५.३.३ सोच

**"सुरक्षित, सहज, गुणस्तरीय र पर्यावरणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने"**

### ५.३.४ लक्ष्य

- भवन निर्माण संहिता (भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण र लैंगिक तथा अपाङ्ग मैत्री) बमोजिमका सुरक्षित सार्वजनिक तथा निजी भवन निर्माण गर्ने,

### ५.३.५ उद्देश्य

- छिटो छरितो प्रविधिमैत्री गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्नका लागि गाउँपालिकाका सम्पूर्ण प्रशासनिक भवनहरू भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण, लैंगिक तथा अपाङ्ग मैत्री र सुरक्षित भवन निर्माण गर्नु,
- एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न तथा सीमान्तकृत घर परिवारलाई सुरक्षित आवासको व्यवस्था गर्नु,

### ५.३.६ रणनीति तथा कार्यनीति

- सेवा ग्राहीलाई पायक पर्ने स्थानमा सार्वजनिक सेवा प्रवाहका लागि भवन निर्माण गर्ने,
- साविकका सार्वजनिक भवनहरूको आधुनिक प्रविधिका माध्यमबाट स्तरोन्नति गर्ने,
- आवासीय बस्तीहरूमा वातावरण मैत्री भौतिक पूर्वाधार तथा सेवाहरूको विस्तार गर्ने ।

### ५.३.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तर** | | | | | | | |
| १ | सुविधा सम्पन्न स्वास्थ्य चौकी निर्माण | वटा | | १ | १ | १ | ५ | ३३९००००० |
| २ | सुविधा सम्पन्न आधारभूत स्वास्थ्य केन्द्र निर्माण | वटा | | १ | १ | १ | ५ | ३३९००००० |
| ३ | विद्यालय भवन निर्माण | वटा | नार र क्याङ | १ | १ | १ | ५ | ६१७८३१९ |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | वडा कार्यालय भवन | संख्या | वडाहरु | १ | १ | १ | ५ | ५०००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | प्रहरी चौकी भवन निर्माण | संख्या | क्याङ | १ | १ | १ | ५ | २५००००० |
| | वडा कार्यालय भवन | संख्या | वडा ४ र ५ | १ | १ | १ | ५ | ५०००००० |
| | **जम्मा** | | | | | | | **८६४७८३१९** |

### ५.३.८ अपेक्षित उपलब्धि

भवन निर्माण संहिता (भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण र लैंगिक तथा अपाङ्ग मैत्री) बमोजिमका सुरक्षित सार्वजनिक तथा निजी भवन निर्माणको मापदण्ड बनाइ लागू गरिएको हुनेछ । छिटो छरितो प्रविधिमैत्री गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्नका लागि गाउँपालिकाका सम्पूर्ण प्रशासनिक भवनहरू भूकम्प प्रतिरोधात्मक, प्रविधि, पर्यावरण, लैंगिक तथा अपाङ्ग मैत्री र सुरक्षित भवन निर्माण भएका हुनेछन् । एकीकृत आवास तथा बस्ती विकास गरी अनाधिकृत, अव्यवस्थित र छरिएर रहेका विपन्न तथा सीमान्तकृत घर परिवारलाई सुरक्षित आवासको व्यवस्था गरिएको हुनेछ ।

## ५.४ पूर्वानुमान तथा जोखिम पक्ष

सडक यातायातको पहुँच नपुगेको यस पालिकामा सडक सञ्जालको विकाससँगै भवन तथा आवास निर्माण, सुरक्षित बस्ती विकास, भरपर्दो ढलको विकास र आवश्यकतामा आधारित पुल पुलेसाको विकास र विस्तारका लागि आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई वैज्ञानिक भूउपयोगका माध्यमबाट पूर्वाधार क्षेत्रको विकास गरिनेछ। विकास निर्माणका कामसँगै त्यसले पार्ने भू तथा वातावरणीय असर, भू क्षेत्रको दुरूपयोग र जथाभावी रूपमा गरिने बस्ती विकास जस्ता कुराले अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ।

जल उर्जा र सञ्चारको महत्व बुझि यसको प्रयोग र उपलब्धि सम्बन्धी आवश्यक प्रबन्ध गरिएको हुनेछ। जल उर्जा र प्रविधिको उपयोग तथा त्यसले दिने लाभका बारेमा बुझ्न नसकेमा प्रविधियुक्त मानव संसाधन उत्पादन गर्न नसकेमा र त्यसबाट उपलब्धि हासिल गर्न नसकेमा जोखिम रहन सक्छ।

नार्पा भूमि गाउँपालिका

# परिच्छेद ६

# वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र

नार्पा भूमि गाउँपालिकाको आवधिक योजनाले तय गरेको वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रसँग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको आधारमा वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | प्रदेश सरकार | नेपाल सरकार |
| आर्थिक वर्ष २०८१/८२ | १०४५०५५२ | १०९७३०८ | ९३५३२४४ | | १०४००६२ | ६२२८७१ | ८७४०६५७ |
| आर्थिक वर्ष २०८२/८३ | ११४९५६०७ | १२०७०३९ | १०२८८५६९ | | ११४४०६८ | ६८५१५८ | ९६१४७२२ |
| आर्थिक वर्ष २०८३/८४ | १२६४५१६८ | १३२७७४३ | ११३१७४२६ | | १२५८४७५ | ७५३६७४ | १०५७६१९४ |

## ६.१ वन तथा वातावरण

### ६.१.१ पृष्ठभूमि

वन तथा वातावरण क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, कृषि, पशुपालन, स्वच्छ पर्यावरण, जडिबुटी र जलविद्युत्‌मा आधारित उद्योगसँग सम्बन्धित रहेको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र पर्यापर्यटन (Eco-tourism) को विकास र विस्तार सम्वृद्धिका आधार हुन् । जन सहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहेको छ । त्यस्तै दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारूप २०७२ जारी भई गाउँपालिकामा समेत यो कार्यक्रम कार्यान्वयनमा रहेको छ । वन सम्पदाको संरक्षण, सम्बर्द्धन तथा दिगो उपयोग गर्ने र गाउँपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक छ । त्यसरी नै स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ। प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ। स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिने हुनाले यसैमा आधारित रहेर यस योजनाको निर्माण गरिएको छ ।

### ६.१.२ समस्या र चुनौती

वन क्षेत्रको व्यावसायिक व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदुषण नियन्त्रण गर्न नसक्नु प्रमुख समस्या रहेका छन् । वन अतिक्रमण, वन्य जन्तुको अवैध चोरी शिकार तथा व्यापार, वन्य जन्तुको प्रकोप, मानव र वन्य जन्तुबीचको द्वन्द्वलाई प्रभावकारी रूपमा नियन्त्रण एवं व्यवस्थापन गर्न नसक्नु, जलवायु परिवर्तनका कारण वन तथा वातावरणमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न नसक्नु प्रमुख चुनौतीको रूपमा रहेको छ ।

### ६.१.३ सोच

**“वन तथा वातावरणको दिगो व्यवस्थापन मार्फत् स्वच्छ र स्वस्थ वातावरण”**

### ६.१.४ लक्ष्य

- वन पैदावार उद्यम तथा पर्यापर्यटन र कार्बन व्यापार मार्फत् स्थानीय अर्थतन्त्रमा सुधार गर्ने,
- वन तथा वातावरणको संरक्षण मार्फत् जैविक विविधता कायम गरी स्वच्छ र स्वस्थ वातावरणको निर्माण गर्ने,

### ६.१.५ उद्देश्य

- नार्पा भूमि गाउँपालिकामा उपलब्ध वनको वैज्ञानिक रूपमा दिगो व्यवस्थापन गर्नु,
- स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि वन तथा वातावरण मैत्री जैविक विविधता संरक्षण गर्नु,
- वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/बालुवा संकलन तथा निकासी कार्यको नियन्त्रण गर्नु,
- वन तथा वातावरणको महत्व र पर्यावरणीय सन्तुलन कायम गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्नु,
- वन तथा वातावरणसँग सम्बन्धित उद्यमहरू संचालन गर्नु,
- आर्थिक उपार्जन, वनको संरक्षण र दिगो उपयोगका लागि लाभ दिनयोग्य रुखको कटान गरी नयाँ विरुवा रोप्ने कार्यक्रम संचालन गर्नु,
- आर्थिक उपार्जन, पर्यटकीय गन्तव्यको विकास र जैविक विविधता कायम गर्नका लागि वन्यजन्तुको संरक्षण र सम्बर्द्धन गर्नु,
- गाउँपालिकामा संञ्चालन हुने उत्पादनमूलक उद्योग तथा विकास आयोजनाका पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री बनाउनु र
- प्रदुषणमुक्त स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

### ६.१.६ रणनीति तथा कार्यनीति

- वन तथा वातावरण र पारिस्थितिकीय प्रणालीको संरक्षणका लागि स्थानीय स्तरमा नीति निर्माण गर्ने,
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको एकीकृत रूपमा संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्ने,
- नदी तथा जलाधारको पारिस्थितिकीय प्रणाली संरक्षण गर्ने,
- सहभागितात्मक वन, जैविक विविधता तथा जलाधार व्यवस्थापन गर्दै वनपैदावार जन्य वस्तुको व्यापार गरी प्राप्त लाभको न्यायोचित वितरण गर्ने,
- वातावरणमैत्री प्रविधि विकास तथा विस्तार गरी उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्ने,
- वन वातावरण र जलाधार क्षेत्रको संरक्षणका लागि लैंगिक तथा सीमान्तकृत समुदायको समावेशीकरणमा जोड दिने,
- वन वातावरण तथा जलाधार क्षेत्रको संरक्षण र दिगो उपयोगका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको सहकार्यमा अध्ययन, अनुसन्धान र जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,

### ६.१.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

**वन तथा वातावरण**

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १,२, ३** | | | | | | | |
| १ | भूसंरक्षण योजना निर्माण | पटक | नार, मेता, च्याँखु, घुलुं | १ | १ | १ | ५ | ३०००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | क्याङ बस्ती वरिपरि वृक्षरोपन गर्ने | वर्ष | क्याङ | १ | १ | १ | ५ | ३०००० |
| २ | फु गाउँमा वृक्षरोपन गर्ने | वर्ष | फु | १ | १ | १ | ५ | ३०००० |
| | **जम्मा** | | | | | | | ३०६०००० |

**जलाधार संरक्षण**

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | नार, मेता, च्याँखु जलाधार संरक्षण | वर्ष | नार, मृता, च्याँखु | १ | १ | १ | ५ | २१२०१६७ |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | | | | | | | | |
| | **जम्मा** | | | | | | | २१२०१६७ |

**जलउत्पन्न प्रकोप नियन्त्रण**

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | बागल बस्ती संरक्षण | | बागल | १ | १ | १ | ५ | १२००००० |
| | **जम्मा** | | | | | | | 1200000 |

### ६.१.८ अपेक्षित उपलब्धि

नार्पा भूमि गाउँपालिकामा उपलब्ध वनको वैज्ञानिक रूपमा दिगो व्यवस्थापन गरिएको हुनेछ। स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि वन तथा वातावरण मैत्री जैविक विविधता संरक्षण गरिएको हुनेछ। वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, खोला कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/बालुवा संकलन तथा निकासी कार्यको नियन्त्रण गरिएको हुनेछ। वन तथा वातावरणको महत्व

र पर्यावरणीय सन्तुलन कायम गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन भइरहेका हुनेछन् । वन तथा वातावरणसँग सम्बन्धित उद्यमहरू स्थापना भइ संचालन गरिएका हुनेछन् । आर्थिक उपार्जन, वनको संरक्षण र दिगो उपयोगका लागि लाभ दिनयोग्य रुखको कटान गरी नयाँ विरुवा रोप्ने कार्यक्रम संचालन गरिएका हुनेछन् । आर्थिक उपार्जन, पर्यटकीय गन्तव्यको विकास र जैविक विविधता कायम गर्नका लागि वन्यजन्तुको संरक्षण र सम्बर्द्धन गरिएको हुनेछ । गाउँपालिकामा सञ्चालन हुने उत्पादनमूलक उद्योग तथा विकास आयोजनाका पूर्वाधार वातावरणमैत्री बनाएका हुनेछन् । प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल, वायु, माटो र ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गरिएको हुनेछ । वन उद्यम तथा वन पैदावरको व्यावसायीकरण भै आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार आएको हुनेछ । यो योजनाको अवधिमा लोपोन्मुख, सङ्कटापन्नर जोखिममा परेका प्रजाति/वनस्पतिको संरक्षण भएको हुनेछ । वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका साथै गाउँपालिकामा अवस्थित विभिन्न ताल तलैयाहरूको संरक्षण भै पर्यापर्यटनको प्रबर्द्धन भएको हुनेछ । स्थानीय तहमा फोहर व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ । वायु प्रदुषण हानिकारक तहभन्दा कम रहनेछ । वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ । प्राकृतिक स्रोतको पूर्ण रूपमा संरक्षण भएको हुनेछ ।

## ६.२ विपद् व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागी, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सृजित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ । नार्पा भूमि गाउँपालिका पनि विभिन्न किसिमका प्राकृतिक तथा मानव सिर्जित प्रकोपबाट अछुतो रहन सकेको छैन् । त्यसैले अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनका लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहेको छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र खोलाको व्यवस्थापन जस्ता कार्य आवश्यक हुन्छन् । विपत् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ ।

### ६.२.२ समस्या र चुनौती

विपद् जोखिमका बारेमा पर्याप्त सूचना र सूचना प्रणालीको विकास तथा ज्ञानको कमी हुनु, विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानीको अभाव हुनु, विकास र निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु, विपद् उत्थानशील विकास प्रक्रियाको कमजोर अवलम्बन हुनु, विपद् जोखिमको पहिचान तथा नक्साङ्कन हुन नसक्नु, प्राकृतिक स्रोतहरूको अव्यवस्थित एवम् अत्यधिक दोहन हुनु, दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको कमी हुनु, पर्याप्त कोषको अभाव हुनु, गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, सरसफाइ तथा खानपानमा सतर्कता सम्बन्धी चेतनाको कमी, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानमा कमी हुनु प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ६.२.३ सोच

**"सुरक्षित जीवनका लागि विपद् जोखिम नियन्त्रण"**

### ६.२.४ लक्ष्य

- प्राकृतिक तथा गैर-प्राकृतिक विपद् एंव जोखिम नियन्त्रण मार्फत् विपद् उत्थानशील समाज निर्माण गर्ने,

### ६.२.५ उद्देश्य

- जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु,

नार्पा भूमि गाउँपालिका

- प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार संघसंस्था, क्लब, उपभोक्ता समिति मार्फत् जनसचेतना मूलक कार्यक्रम सञ्चालन गर्नु,
- विपद् जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य सम्बन्धि क्षमताको विकास गरी जोखिमको न्यूनीकरणका लागि पूर्वाधार निर्माणका कार्यक्रम संचालन गर्नु,
- विपद् पश्चात्को पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु ।

### ६.२.६ रणनीति तथा कार्यनीति

- प्रकोप तथा प्रकोपजन्य विपद्को प्रतिकूल असरलाई सीमित तुल्याउन अल्पीकरण (Mitigation) तथा अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने,
- अग्रिम सावधानी तथा पूर्वतयारी (Early preparedness) को व्यवस्था गरी विपद् पश्चात्का आधारभूत आवश्यकता परिपूर्ति गर्न आपत्कालीन सेवाहरू सहितको प्रतिकार्य (Response) को व्यवस्था गर्ने,
- विपद्मा परेका व्यक्ति तथा समुदायको पुनर्स्थापना तथा उत्थानशीलता विकास गर्ने,
- एकीकृत विपद् व्यवस्थापन प्रणालीको विकास गर्ने,
- दीर्घकालीन नीति र मापदण्ड निर्धारण गर्ने ।

### ६.२.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तरीय** | | | | | | | |
| १ | विपद् व्यवस्थापन तथा पूर्व तयारीका कार्य | पटक | पालिका | | १ | | १ | १०००००० |
| २ | खोज तथा उद्धार टोलीलाई तयार तालिम | पटक | प्रत्येक वडा | १ | १ | १ | ५ | १२००००० |
| ३ | विपद् व्यवस्थापन कोष | पटक | प्रत्येक वडा र गा.पा.मा | १ | १ | १ | ५ | १००६०८८५ |
| ५ | भवन निर्माण आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने | पटक | गा.पा. कार्यपालिका सदस्यहरु | | १ | | १ | ५००००० |
| ६ | समुदाय स्तरमा सचेतनामूलक क्रियाकलाप गर्ने | पटक | सबै वडाहरुमा | १ | १ | १ | ५ | १२००००० |
| ७ | भूसंरक्षण सम्बन्धी स्थानिय बासिन्दालाई जनचेतना मूलक कार्यक्रम गर्ने | पटक | सबै वडाहरुमा | १ | १ | १ | ३ | १५००००० |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | सचेतनामूलक कार्यक्रम | पटक | वडा १, २, ३ | १ | १ | १ | ५ | ३००००० |
| २ | स्वयम्सेवक तालिम | पटक | वडा १, २, ३ | १ | १ | १ | ५ | ३००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | हिउं पहिरो व्यवस्थापन | पटक | फु र क्याङ | १ | १ | १ | ५ | ४०००००० |
| २ | अत्याधिक चिसो बाट जोगाउने | पटक | फु र क्याङ | १ | १ | १ | ५ | ३०००००० |
| | **जम्मा** | | | | | | | २३०६०८८५ |

### ६.२.८ अपेक्षित उपलब्धि

जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ बनाइएको हुनेछ । प्राकृतिक तथा मानवीय कारणबाट हुने विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय सरकार संघसंस्था, क्लब, उपभोक्ता समिति मार्फत् जनसचेतना कार्यक्रम सञ्चालन गरिएको हुनेछ । विपद् जोखिम पूर्वानुमान पूर्वतयारी प्रतिकार्य सम्बन्धि क्षमताको विकास गरी जोखिमको न्यूनीकरणका लागि पूर्वाधार निर्माणका कार्यक्रम संचालन गरिएका हुनेछन् । विपद् पश्चात्को पुनर्लाभ, पुनःस्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाइएको हुनेछ । प्राकृतिक तथा गैर-प्राकृतिक विपद् एवं जोखिम न्यूनीकरण गर्दै विपद् उत्थानशील समाज निर्माण भएको हुनेछ ।

## ६.३ वातावरण संरक्षण र जलवायु परिवर्तन

### ६.३.१ पृष्ठभूमि

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । स्थानीय तहमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएका छन् । वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ । वातावरण संरक्षण गर्न आवश्यक संरचनागत र संस्थागत व्यवस्था हुन सकेको छैन । प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन गरेर मात्र सञ्चालनको अनुमति दिने जस्ता कार्य स्थानीय स्तरबाट हुन आवश्यक छ । मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ । फोहोर मैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्न सकिन्छ । त्यसैगरी जलवायु परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वन जंगल तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, ऊर्जा, सिंचाइ, बसोवास तथा पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न थालेको छ । बाढी, पहिरो, डढेलोमा समेत तीव्रता आएका कारण ठूलो मात्रामा धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा समेत असर पारी बसाइँसराइ गर्नुपर्ने बाध्यता सिर्जना भएको देखिन्छ । नार्पा भूमि गाउँपालिका जलवायु परिवर्तनको उच्च जोखिममा छ । यहाँका जनताले पनि अति वर्षा, खडेरी, गर्मी र अति चिसोका घटनाहरू वृद्धि भएको महसुस गरेका छन्, जलवायुको अवस्था सरदरभन्दा परिवर्तन भएको पाइन्छ, जसले कृषि, खानेपानी, स्वास्थ्य, वन, जलस्रोत, पर्यटन र अन्य क्षेत्रमा दैनिक जीवन पद्धतिमा समेत असर गरेको छ । तापक्रमका साथै वर्षातको समय, मात्रा र अवधिमा आएको परिवर्तनका कारणले कृषि उत्पादन र खाद्य सुरक्षामा थप नकारात्मक प्रभाव देखिन थालेको छ भने जलवायुको परिवर्तित अवस्था अनुसार खेतीपातीमा सुधार गर्ने सीप र दक्षताको अभावका कारण न्यून आय भएका समुदाय थप मारमा परेका छन् । जलवायु परिवर्तनका प्रभावसँग अनुकूलित हुने तथा प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने तर्फ नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नु आवश्यक छ ।

### ६.३.२ प्रमुख समस्या तथा चुनौती

फोहोर मैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासनका कारण जमिन, वायु र पानीजन्य प्रदुषण, जलकुम्भी, वनमासा, निलो गन्धे, मरट्ठी, माइकेनिया जस्ता बाहय मिचाहा झारको प्रकोप बढ्नु, नागरिक सचेतनाको कमी हुनु, वन जंगलको अतिक्रमण भई वायुमण्डलको तापक्रम बढ्नु, विषादीको प्रयोग हुनु, पर्यटन, कृषि, जैविक विविधता र ऊर्जामा संकट आउनु, जलवायु परिवर्तनको असर पर्नु, अनुसन्धान तथा तथ्यांकको कमी हुनु र अन्तर निकाय समन्वय नहुनु, नीति तथा कार्यक्रमहरूमा जलवायुको मुद्दा मूल प्रवाहीकरण र आन्तरिकीकरण नहुनु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन् ।

### ६.३.३ सोच

**"सफा, स्वच्छ, हरित वातावरण र जलवायु उत्थानशील नार्पा भूमि गाउँपालिका"**

### ६.३.४ लक्ष्य

- स्थानीय स्तरमा वातावरण मैत्री विकास मार्फत् सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हासिल गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन गर्दै जलवायु परिवर्तन उत्थानशील समाज निर्माण गर्ने ।

### ६.३.५ उद्देश्य

- स्थानीय तहमा संञ्चालन हुने उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरू वातावरण मैत्री बनाउनु,
- जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु,
- सङ्कटापन्न जनता तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु र
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्नु ।

### ६.३.६ कार्यनीति तथा रणनीति

- उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने,
- हरित गृह ग्याँस उत्सर्जन कम गर्ने,
- विभिन्न पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने,
- नदी तथा तालजन्य प्रदुषण नियन्त्रण गर्ने,
- जमिन, ध्वनि तथा वायु प्रदुषण रोकथाम गर्ने,
- फोहर मैला व्यवस्थापन गर्ने,
- जलवायु परिवर्तनका असरहरूको जोखिममा रहेका प्राकृतिक स्रोत तथा समुदायको उत्थानशीलता विकास गर्ने,
- सबै स्थानीय तहको अनुकूलन योजना निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,
- कार्बन उत्सर्जन कम गर्ने भूउपयोग तथा प्रविधि प्रयोग गर्ने,
- वन तथा वातावरण संरक्षण गर्ने,
- पर्यावरणीय सन्तुलनका लागि पार्क तथा बगैचा निर्माण गर्ने,
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम संचालन गर्ने,
- जलाधार, खहरे नियन्त्रण भू-संरक्षण कार्यक्रम संचालन गर्ने,

### ६.३.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | पालिका स्तरीय | | | | | | | |
| १ | कुहिने र नकुहिने फोहोर छुट्टयाउने समुदायमा जनचेतनामूलक क्रियाकलाप | पटक | प्रत्येक वडा | १ | १ | १ | ५ | ६००००० |
| २ | जैविक विविधताहरू वन्यजन्तु, जडिबुटी आदि संरक्षण संबर्द्धन | पटक | पालिका | १ | १ | १ | ५ | ६००००० |
| ३ | फोहोर व्यवस्थापनको लागि डस्टविन वितरण गर्ने (कुहिने र नकुहिने) | वडा | सबै वडा | १ | | १ | ३ | ४८०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | वरपरका वनक्षेत्र भित्रका वन्यजन्तु, चराचुरुङी तथा वन पैदावारको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | संख्या | | १ | १ | १ | ५ | १५५०४० |
| ५ | प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण कार्यक्रम | संख्या | | १ | | | ५ | १५५०४० |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | फोहोरमैला व्यवस्थापन (नार) | पटक | नार | १ | १ | १ | ५ | ३००००० |
| २ | फोहोरमैला व्यवस्थापन (मेता) | पटक | मेता | १ | १ | १ | ५ | ३००००० |
| ३ | फोहोरमैला व्यवस्थापन (च्याँखु) | पटक | च्याँखु | १ | १ | १ | ५ | ३००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | सरसफाई सम्बन्धित कार्यक्रम तथा वातावरण सम्बन्धी जनचेतनाका कार्यक्रम | वर्ष | क्याङ | १ | १ | १ | ५ | ३००००० |
| | **जम्मा** | | | | | | | 3190080 |

## ज्लवायु परिवर्तन

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तरीय** | | | | | | | |
| १ | खोज तथा उद्धार टोली तयार गर्ने | पटक | सबै वडाहरुमा | १ | १ | १ | ५ | ३००००० |
| २ | खोज तथा उद्धार सामाग्री खरिद | पटक | सबै वडाहरु राख्ने | १ | १ | १ | ५ | १३९००८३ |
| | **वडा नं. १, २, ३** | | | | | | | |
| १ | वृक्षरोपन कार्यक्रम (नार) | पटक | नार | १ | १ | १ | ५ | ५००००० |
| २ | वृक्षरोपन कार्यक्रम (मेता) | पटक | मेता | १ | १ | १ | ५ | ५००००० |
| ३ | वृक्षरोपन कार्यक्रम (च्याँखु) | पटक | च्याँखु | १ | १ | १ | ५ | ५००००० |
| | **वडा नं. ४, ५** | | | | | | | |
| १ | हिमाल संरक्षणका बारेमा आधारभूत योजनाका कार्यक्रम | पटक | पालिका | १ | १ | १ | ५ | १०००००० |
| | **जम्मा** | | | | | | | ४१९००८३ |

### ६.३.८ अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा वातावरण संरक्षण सम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ । स्थानीय तहका सम्पूर्ण स्थानहरूमा फोहर मैला व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ । वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ । प्राकृतिक स्रोत साधनको पूर्ण रूपमा संरक्षण भएको

हुनेछ । खाली जग्गामा बृहत् वृक्षारोपण गरी वनको क्षेत्रफलमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण, अनुकूलन तथा समयानुकूलन भएको हुनेछ । स्थानीय तहहरूको जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयन भएको हुनेछ । जलवायु मैत्री गाउँ (Climate Smart City), हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा अनुकूलन तथा समयानुकूलनका कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ६.४ पूर्वानुमान तथा जोखिम पक्ष

वनको संरक्षण गरी स्वच्छ वातावरण कायम गर्ने, प्राकृतिक विपत्तीको न्यूनीकरण गर्ने, वन तथा वातावरणको संरक्षण गरी जलवायु परिवर्तनबाट पर्न सक्ने असरको न्यूनीकरणका लागि आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई वन तथा वातावरण, भूसंरक्षण र जैविक विविधता कायम गरी जलवायु परिवर्तनबाट पर्ने असरको न्यूनीकरण गरिनेछ । पर्यावरणीय महत्व नबुझ्दा विपद व्यवस्थापनमा ध्यान नदिँदा जैविक विविधता र वातावरण संरक्षणमा ध्यान नदिँदा अपेक्षित उपलब्धि हासिल गर्न जोखिम रहेको छ ।

नार्पा भूमि गाउँपालिका

# परिच्छेद ७
# संस्थागत विकास तथा सुशासन

नार्पा भूमि गाउँपालिकाको आवधिक योजनाले तय गरेको संस्थागत विकास तथा सुशासन क्षेत्रसँग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको आधारमा संस्थागत विकास तथा सुशासन विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**संस्थागत विकास तथा सुशासन विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान** रू

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | प्रदेश सरकार | नेपाल सरकार |
| आर्थिक वर्ष २०८१/८२ | ८७०८७९४ | ४३५४३९७ | ४३५४३९७ | | ८६६७१८ | ५१९०५९ | ७२८३८८१ |
| आर्थिक वर्ष २०८२/८३ | ९५७९६७३ | ४७८९८३६ | ४७८९८३६ | | ९५३३९० | ५७०९६५ | ८०१२२६९ |
| आर्थिक वर्ष २०८३/८४ | १०५३७६४० | ५२६८८२० | ५२६८८२० | | १०४८७२९ | ६२८०६२ | ८८१३४९५ |

## ७.१ संस्थागत क्षमता विकास योजना

### ७.१.१ पृष्ठभूमि

स्थानीय सरकार नागरिकको घरदैलोको सरकार हो । नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विधायकी, अर्धन्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । यस्तो अधिकार प्राप्त स्थानीय सरकार संस्थागत सुशासन, प्रभावकारी सेवा प्रवाह, पारदर्शी वित्तीय व्यवस्थापन, सबल, सक्षम र पूर्ण प्रजातान्त्रिक हुनुपर्दछ । यो जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संस्थागत रूपमा सक्षम हुनु जरुरी छ ।

स्थानीय सरकार आधारभूत सेवा प्रवाहका माध्यमबाट नागरिकको जीवनस्तर सुधारका लागि एकीकृत रूपमा कार्य गर्ने जिम्मेवार निकाय हो । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा जनप्रतिनिधि र कर्मचारी प्रशासनको कार्यकुशलता र संस्थागत सेवा प्रवाहको क्षमतामा भर पर्दछ । लोकतान्त्रिक पद्धतिमा राज्यले दिने सेवा प्रवाहको मूल्याङ्कन शासक तथा प्रशासक र सेवाग्राहीको सक्षमतामा भर पर्दछ । संविधान प्रदत्त एकल तथा साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्य क्षेत्रमा रहेको छ । तसर्थ यस योजनाले नार्पा भूमि गाउँपालिकाको संस्थागत क्षमता विकास गरी सेवा प्रवाहमा प्रभावकारिता र सुशासनमा पारदर्शिता कायम गर्ने छ । यसले संस्थागत सुदृढीकरणका साथै गाउँबासीलाई प्रवाह गर्ने सेवा सुविधालाई प्रभाकारी बनाउने विश्वास गरिएको छ ।

### ७.१.२ समस्या र चुनौती

कर्मचारी संगठन तथा व्यवस्थापन (O&M Survey) सर्वे नहुनु, मानव संशाधनको आवश्यक उपलब्धता सहजरूपमा नहुनु, भौतिक पूर्वाधारको अभावमा सार्वजनिक सेवा प्रवाहमा सहजता नहुनु, सुविधा सम्पन्न सामुदायिक हल नहुनु, स्वास्थ्य संस्थामा आवश्यक स्रोत, साधन र दक्ष जनशक्तिको व्यवस्था नहुनु, एकल तथा साझा अधिकारको प्रयोगका लागि वित्तीय तथा भौतिक स्रोत साधनको व्यवस्था नहुनु, संघीय कानुनको अभावमा प्राप्त अधिकारको क्षेत्र निर्धारण नहुनु प्रमुख समस्या तथा चुनौती हुन् ।

### ७.१.३ सोच

**"सक्षम र सबल संस्थागत विकासका माध्यमबाट सेवा प्रवाह"**

### ७.१.४ लक्ष्य

- गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणमा प्रभावकारिता वृद्धि गरी आम जनतामा समावेशी र सहभागितामूलक असल शासनको अनुभूति गर्ने,

### ७.१.५ उद्देश्य

- मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गर्नु,
- एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र मर्मत सम्भार गर्नु,
- समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था गर्नु,
- सेवा बजारहरूको विकास, विस्तार र परिचालन गर्नु,

### ७.१.६ कार्यनीति तथा रणनीति

- संस्थागत प्रणालीमा आवश्यक सुधार गर्नका लागि आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गर्ने,
- एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधार निर्माण र सामग्रीको व्यवस्थापन गर्ने,
- सार्वजनिक जवाफदेही जनप्रतिनिधि र दक्ष, सेवामुखी, पारदर्शी, जिम्मेवार कर्मचारी प्रशासनको विकास गर्ने,
- सेवा बजारहरूको विकास, विस्तार र परिचालन गर्ने,

### ७.१.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तरीय** | | | | | | | |
| १ | बैठक/ छलफल | पटक | गा.पा./वडा | १२ | १२ | १२ | ६० | ६००००० |
| २ | पुरस्कृत/ प्रोत्साहन | पटक | गा.पा./वडा | ३ | ३ | ३ | १५ | ३००००० |
| ३ | MTEF मध्यम कालिन संरचना निर्माण | पटक | पालिका स्तरीय | | | | १ | ६००००० |
| ४ | बालमैत्री, अपाङ्गमैत्री कार्यालय व्यवस्थापन | वटा | कार्यालय (वडा/ वन शाखाहरु) | १ | १ | १ | | ४८०००० |
| ५ | गा.पा.को प्रशासनिक भवन निर्माण, रङ्गरोगन एवम् फर्निचर व्यवस्थापन | पटक | गा.पा. | | | | १ | ५३५०४४३ |
| ६ | जनप्रतिनिधि र कर्मचारीहरुलाई अवलोकन भ्रमण | पटक | गा.पा./वडा | १ | १ | १ | ५ | ६००००० |
| ७ | लै.स.सा.स. (लक्षित वर्ग तथा यौनिक अल्पसंख्यक समेत) क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम | पटक | गा.पा./वडा | १ | १ | १ | ५ | ९००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षाको गुरुयोजना | पटक | पालिका स्तरीय | | १ | | १ | ९००००० |
| ९ | पर्यटन गुरुयोजना / संभाव्यता अध्ययन | पटक | पालिका स्तरीय | | | १ | १ | ९००००० |
| १० | स्वास्थ्य गुरुयोजना / संभाव्यता अध्ययन | पटक | पालिका स्तरीय | | | | १ | ९००००० |
| | **जम्मा** | | | | | | | **११५३०४४३** |

### ७.१.८ अपेक्षित उपलब्धि

सेवा प्रवाहमा सबलीकरण, विकास निर्माणमा प्रभावकारिता, समावेशिता र सहभागितामा वृद्धि भएको हुनेछ । मूल संविधानको अधिनमा रही सेवामुखी आवश्यक कानुन निर्माण, समयसापेक्ष संशोधन र कार्यान्वयन गरिएको हुनेछ । एकीकृत सेवा प्रवाहका लागि प्रविधि मैत्री भौतिक पूर्वाधारहरूको निर्माण र मर्मत सम्भार गरिएको हुनेछ। समयानुकूल सेवा प्रवाहका लागि दक्ष मानव संशाधनको व्यवस्था गरिएको हुनेछ। सेवा बजारहरूको विकास, विस्तार र परिचालन गरिएको हुनेछ ।

## ७.२ मानव संसाधन विकास

### ७.२.१ पृष्ठभूमि

नार्पा भूमि गाउँपालिकामा विभिन्न तहमा गरी जम्मा ४१ कर्मचारी र २७ जनप्रतिनिधि रहेका छन् । एकीकृत सेवा प्रवाहका लागि सुविधा सम्पन्न आफ्नै प्रशासनिक भवन निर्माणको चरणमा रहेको छ। कार्यालयलाई चलायमान बनाउन मानिसमा ज्ञान, सीप, अनुभव र आवश्यक स्रोत साधन चाहिन्छ । त्यसैले मानव संसाधनको क्षमता विकास भनेको गाउँपालिकाको खर्च नभई लगानी हो भन्ने कुरा बुझ्नु पर्दछ। मानव संशाधनको विकास र पेशागत कार्यक्षमता वृद्धि गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउनु नै यसको मुख्य अभिप्राय रहेको छ।

### ७.२.२ समस्या र चुनौती

मानव संसाधन विकासका लागि संस्थागत कार्ययोजना नहुनु, भौगोलिक विकटता र सुरक्षित यातायात पूर्वाधारको कमी हुनु, दक्ष जनशक्ति उत्पादन गर्ने संस्थागत संरचना र सीप विकास कार्यक्रम नहुनु, आफ्नो गाउँठाउँको श्रमप्रति विश्वस्त नहुनु, सामाजिक सम्मानको अभाव हुनु, सीपयुक्त मानव स्रोत विदेश पलायन हुनु प्रमुख समस्या तथा चुनौती रहेका छन् ।

### ७.२.३ सोच

**"जनमुखी सेवा प्रवाहका लागि दक्ष र जनउत्तरदायी मानव संशाधन"**

### ७.२.४ लक्ष्य

- दक्षता सहितको द्रुत सेवा प्रवाहका लागि जनमुखी प्रशासनिक सेवाको विकास गर्ने,

### ७.२.५ उद्देश्य

- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गर्नु,
- सेवा बजारको क्षेत्र विस्तार गर्नु,

### ७.२.६ रणनीति

- कर्मचारी र जनप्रतिनिधिहरूलाई पेशागत क्षमता विकास गरी कार्य दक्षतामा वृद्धि गर्ने,
- सेवा बजारहरूको विकास र विस्तार गर्ने ।

## ७.२.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | लक्ष्य | |
| | **पालिका स्तरीय** | | | | | | | |
| १ | कर्मचारी संगठन र व्यवस्थापन (O&M) सर्भे | जना | गा.पा. | १ | | | १ | १२००००० |
| २ | जनप्रतिनिधिहरुलाई नेतृत्व तथा क्षमता विकास | पटक | गा.पा. | १ | १ | १ | ३ | १५००००० |
| ३ | कर्मचारी क्षमता विकास तालिम | पटक | गा.पा. | | | | | १११०००० |
| ४ | न्यायिक समितिको तालिम | पटक | गा.पा. | | १ | | | १११०००० |
| ५ | राजश्व सफ्टवयर तालिम | | गा.पा. | १ | | | २ | ५१०००० |
| ६ | करदाता शिक्षा तालिम | | गा.पा. | १ | १ | १ | ५ | ६००००० |
| ७ | सबै विद्यालयहरुमा नेटको विस्तार | पटक | गा.पा. | | | | १ | ६००००० |
| ८ | डिजिटल प्रयोग सम्बन्धी जनप्रतिनिधि तालिम | पटक | गा.पा. | | | | १ | ४८०००० |
| ९ | लिजा सम्बन्धी कार्यक्रम | पटक | गा.पा. | १ | १ | १ | ज्ञ | १०९०४४३ |
| १० | शिक्षकलाई उत्कृष्ट शिक्षक घोषणा गर्ने | पटक | गा.पा. | १ | १ | १ | ५ | ३००००० |
| ११ | उत्कृष्ठ कार्यालय सहायकलाई प्रोत्साहन | पटक | गा.पा. | १ | १ | १ | ५ | ३००००० |
| १२ | सेवा करारमा पदपूर्ति सम्बन्धी प्रक्रिया | पटक | गा.पा. | | १ | | | ४८०००० |
| १३ | जनप्रतिनिधिहरुलाई चेतनामूलक कार्यक्रम | पटक | गा.पा. | | १ | १ | ५ | १५००००० |
| १४ | सरोकार निकायहरु वीच स्थानीय राजश्व सम्वन्धी अन्तरक्रिया कार्यक्रम | | गा.पा. | १ | १ | १ | ५ | ३३०००० |
| १५ | वडा सचिव र जनप्रतिनीधिहरुलाई आर्थिक ऐन कार्यान्वयन सम्वन्धी अभिमुखीकरण | | गा.पा. | १ | १ | १ | ५ | ४२०००० |
| | **जम्मा** | | | | | | | **११५३०४४३** |

## ७.२.८ अपेक्षित उपलब्धि

जनप्रतिनिधिहरूमा समयानुकूल क्षमता वृद्धि भएको हुनेछ । कर्मचारीहरूको पेशागत दक्षता निरन्तर अध्यावधिक गर्ने कार्यक्रम संचालन गरिएको हुनेछ । जनताको दैनिक जीवनसँग सम्बन्धित सेवा बजारको क्षेत्र विस्तार गरिएको हुनेछ ।

## ७.३ सुशासन

### ७.३.१ पृष्ठभूमि

संघीयताको कार्यान्वयनसँगै जनताको घरआँगनको सरकारका रूपमा स्थानीय सरकार रहेको छ। केन्द्रीकृत शासनबाट सन्तुष्ट हुन नसकेका जनताका आशा र अपेक्षालाई पुरा गर्ने दायित्व स्थानीय सरकारलाई रहेको छ। आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन्। संवैधानिक व्यवस्था, कानुनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारमा रहेको छ।

बदलिँदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी देखिएको छ। संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ गाउँपालिकाले विशेष ध्यान दिन आवश्यक छ।

गाउँपालिकाबाट हालसम्म ३३ वटा ऐन, नियम, कार्यविधि निर्माण, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् वा छैनन्। संविधानले व्यवस्था गरेका कतिपय ऐन, नियम अझै बनाउनु पर्ने छ। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत् नागरिक समाज र संघ संस्था समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत् सार्वजनिक गर्ने अभ्यास गरिएको छ।

### ७.३.२ समस्या र चुनौती

जनप्रतिनिधि शासकको मानसिकताबाट मुक्त भइ सेवक र जनउत्तरदायी हुन नसक्नु, कर्मचारी प्रशासन नतिजामुखी भन्दा प्रक्रियामुखी हुनु, पारदर्शिता र जनउत्तरदायी नहुनु, कानुनी अस्पष्टता हुनु, प्रशासनिक मानसिकता संघीयतामुखी हुनु, जनप्रतिनिधि दलीय मानसिकताबाट माथि उठ्न नसक्नु प्रमुख समस्या तथा चुनौती रहेका छन्।

### ७.३.३ सोच

**"नतिजामुखी र जनसेवी सार्वजनिक प्रशासन सुशासनको आधार"**

### ७.३.४ लक्ष्य

- जनमुखी र जनअपेक्षा अनुसारका छिटो, छरितो, सरल एवं न्यायिक रूपमा सार्वजनिक सेवा प्रवाह गर्ने,

### ७.३.५ उद्देश्य

- पारदर्शी रूपमा कानुनी शासनको प्रत्याभूति गराउनु,
- जवाफदेही उत्तरदायी र समानतामा आधारित सेवा प्रवाह गर्नु,
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू पारदर्शी बनाउनु,
- सेवा प्रवाह जवाफदेही र पूर्ण सहभागितामूलक बनाउनु,
- आर्थिक तथा विकासका गतिविधिहरू पारदर्शी रूपमा संचालन गर्नु।

### ७.३.६ रणनीति

- गाउँपालिकाले सम्पादन गर्ने सम्पूर्ण सेवाहरू पारदर्शी बनाउने,
- योजना चक्रको हरेक तहमा समावेशिता सहितको सहभागिता सुनिश्चित गर्ने,
- अन्तर सरकारी स्तरको सहकार्य वृद्धि गर्ने,

- अन्तर योजना तथा परियोजनाहरू बीच सहकार्य वृद्धि गर्ने,

### ७.३.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| | विषयगत क्षेत्र र योजना तथा कार्यक्रमको नाम | इकाई | कार्यान्वयन हुने स्थान | ३ वर्षको लक्ष | | | ३ वर्षको लक्ष्य जम्मा | अनुमानित लागत रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बर्ष १ | बर्ष २ | बर्ष ३ | | |
| १ | २४ घण्टा सेवा प्रवाह गर्नुपर्ने सेवालाई व्यवस्थापन गर्ने | नियमित | गा.पा. | नियमित | नियमित | नियमित | नियमित | ६००००० |
| २ | नीति, कानुन तर्जुमा एवम् निर्माण | नियमित | गा.पा. | नियमित | नियमित | नियमित | नियमित | २५०००० |
| ३ | विद्युतीय सामग्री तथा ईन्टरनेट खरिद, संचालन एवम् व्यवस्थापन | वर्ष | गा.पा./ वडा | १ | १ | १ | २ | २५००००० |
| ४ | आन्तरिक लेखा प्रणालीको प्रयोग | पटक | गा.पा./ वडा | १ | १ | १ | ५ | ६००००० |
| ५ | राजस्व परिचालनमा पारदर्शिता, निश्चलता कायम | | गा.पा./ वडा | नियमित | नियमित | नियमित | नियमित | १२१५२२१ |
| ६ | गाउँपालिकाको सार्वजनिक लेखा परीक्षण | पटक | पालिका स्तरीय | | | | ५ | ६००००० |
| | **जम्मा सुशासन रु** | | | | | | | ५७६५२२१ |

### ७.३.८ अपेक्षित उपलब्धि

पारदर्शी रूपमा कानुनी शासनको प्रत्याभूति गराएको हुनेछ। जवाफदेही, जनउत्तरदायी र समानतामा आधारित सेवा प्रवाह संचालन भइरहेका हुनेछन्। गाउँपालिकाबाट प्रवाह हुने सेवाहरू जनमुखी र पारदर्शी हुनेछन्। सेवा प्रवाह जवाफदेही र पूर्ण सहभागितामूलक हुनेछन्। आर्थिक तथा विकासका गतिविधिहरू पारदर्शी रूपमा संचालन गरिएका हुनेछन्।

## ७.४ पूर्वानुमान तथा जोखिम पक्ष

वाल्य अवस्थामा रहेको संघीय शासन प्रणालीमा प्रभावकारी सेवा प्रवाहका माध्यबाट सुशासन कायम गर्नका लागि संस्थागत क्षमता विकास र सक्षम मानव संशाधनको विकासका लागि संविधान र संघीय कानुनको अधिनमा रही आवश्यक नीति, नियम, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु बनाई सुशासन र पारदर्शी सेवा प्रवाहका लागि सक्षम मानव संशाधनसहित संस्थागत क्षमता विकास गरिनेछ। सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधारको अभाव, व्यावहारिक र जनमुखी कानुनको अभाव र दक्ष तथा व्यावसायिक जवाफदेहिता नभएका मानव संशाधनको अभावका कारण अपेक्षित उपलब्धि हासिल गर्न जोखिम हुन सक्छ।

# परिच्छेद ८
# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

नार्पा भूमि गाउँपालिकाको आवधिक योजनाले तय गरेको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सँग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरूको आधारमा योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको मध्यमकालीन खर्च प्रणाली तयार गरिएको छ। प्रत्येक कार्यक्रमको अनुगमन गर्ने निकाय, अनुगमन विधि र अनुगमनको पटकसमेत खुलाइएको अनुगमन तालिका तल प्रस्तुत गरिएको छ।

## ८.१ आर्थिक विकास

| क्र.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | पर्यटन विकास कार्यक्रम | गा.पा. | १ देखि ७ | ५ पटक | गा.पा. | गा.पा. |
| २ | व्यावसायिक आलु उत्पादन कार्यक्रम | गा.पा. | १,३,४,७ | ३ पटक | कृ.वि.शा. | गा.पा. |
| ३ | फलफूल उत्पादन कार्यक्रम | कृषि शाखा | ३, ४, ७ | ३ पटक | कृ.वि.शा. | गा.पा. |
| ४ | पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | गा.पा. |
| ५ | कृषि पूर्वाधार विकास | गा.पा. | ३,४ | ४ पटक | गा.पा. | गा.पा. |
| ६ | बजार व्यवस्थापन कार्यक्रम | कृषि शाखा | १,३,७ | २ पटक | कृषि शाखा | गा.पा. |
| ७ | डेरी उद्योग कार्यक्रम | गा.पा. | १,३,७ | २ पटक | गा.पा. | गा.पा. |
| ८ | मासु उत्पादन कार्यक्रम | गा.पा. | १,३,७ | २ पटक | गा.पा. | गा.पा. |
| ९ | समन्वयात्मक कृषि कार्यक्रम | गा.पा., कृषि शाखा | १,२,३ | २ पटक | गा.पा., कृषि शाखा | गा.पा., कृषि शाखा |
| १० | सहकारी | गा.पा. | १,२,५,६ | १ | सहकारी संस्था | सहकारी शाखा |
| अनुगमन विधिहरू : १ बैठक, २ अन्तर्क्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ८.२ सामाजिक क्षेत्र

| क्र.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक/शिक्षिका तालिम | गा.पा., शिक्षा शाखा | १,३,५ | ३ | गा.पा., शि.शा. | शि.शा. |
| २ | अनौपचारिक शिक्षा तथा चेतना कार्यक्रम | गा.पा. | २,३,५ | ३ | गा.पा., शि.शा. | शि.शा. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | विद्यालय खाजा कार्यक्रम | गा.पा. | ३,७ | ६ | गा.पा., शि.शा. | शि.शा. |
| ४ | विद्यालय भौतिक पूर्वाधार निर्माण | गा.पा. | १,३,४,५ | २ | गा.पा., शि.शा. | शि.शा. |
| ५ | विद्यालय आइसिटि पूर्वाधार निर्माण | गा.पा., शिक्षा शाखा | १,३,४,५ | २ | गा.पा., शि.शा. | शि.शा. |
| ६ | इ.सि.डि. कार्यक्रम | गा.पा., शिक्षा शाखा | १,३,४,५ | २ | गा.पा., शि.शा. | शि.शा. |
| ७ | छात्रवृत्ति वितरण | गा.पा. | १,३,५ | ४ | गा.पा., शि.शा. | शि.शा. |
| ८ | शिक्षण सामग्री वितरण | गा.पा. | २,५,६ | २ | गा.पा., शि.शा. | शि.शा. |
| ९ | खेल संचालन | गा.पा. | १,३ | २ | गा.पा., शि.शा. | शि.शा. |

अनुगमन विधिहरू : १ बैठक, २ अन्तर्क्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## ८.३ स्वास्थ्य

| क्र.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | घरमा शून्य सुत्केरी | गा.पा., स्वास्थ्य शाखा | ३,५,६ | ३ | गा.पा., स्वा.शा. | स्वा.शा. |
| २ | शून्य मातृ नवजात शिशु र बालबालिका अभियान | गा.पा. | २,३,५ | ३ | गा.पा., स्वा.शा. | स्वा.शा. |
| ३ | स्वच्छ खानेपानी कार्यक्रम | गा.पा. | २,३,५, | ३ | गा.पा. | खापा |
| ४ | सुरक्षित भौतिक पूर्वाधार निर्माण | गा.पा. | ३,७ | २ | गा.पा., स्वा.शा. | स्वा.शा. |
| ५ | पोषण विशेष कार्यक्रम | गा.पा. | १,३,४,५ | ३ | गा.पा., स्वा.शा. | स्वा.शा. |
| ६ | किशोर किशोरी स्वास्थ्य शिक्षा कार्यक्रम | गा.पा., स्वास्थ्य शाखा | १,३,४,५ | २ | गा.पा., स्वा.शा. | स्वा.शा. |
| ७ | सुरक्षित प्रजनन् स्वास्थ्य कार्यक्रम | गा.पा., स्वास्थ्य शाखा | | २ | गा.पा., स्वा.शा. | स्वा.शा. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | पूर्ण सरसफाइयुक्त गाउँपालिका | गा.पा. | १,३,५ | ४ | गा.पा., स्वा.शा. | स्वा.शा. |
| ९ | औजार, औषधी र उपकरणको व्यवस्थापन | गा.पा. | १,३ | २ | गा.पा., स्वा.शा. | स्वा.शा. |
| १० | फोहोरमैला व्यवस्थापन कार्यक्रम | गा.पा. | ३,७ | २ | गा.पा. | खापा.शा. |
| ११ | नियमित सरसफाइ अभियान कार्यक्रम | गा.पा. | २,३,६ | १२ | गा.पा. | खापा.शा. |
| अनुगमन विधिहरू : १ बैठक, २ अन्तर्क्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ८.४ भौतिक पूर्वाधार

| क्र.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | सडक निर्माण | गा.पा. | ३,४,७ | ४ | गा.पा. | पूर्वाधार शाखा |
| | सिँचाइ कार्यक्रम | गा.पा. | ३,४,७ | ४ | गा.पा. | सिँचाइ कार्यालय |
| | शहरी विकास तथा भवन निर्माण | गा.पा. | ३,४,७ | ४ | गा.पा. | शहरी विकास तथा भवन निर्माण विभाग |
| | ऊर्जा | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| | लघु तथा साना जल विद्युत् | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| | वैकल्पिक ऊर्जा | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| | सञ्चार | गा.पा. | ३,४,७ | ४ | गा.पा. | गा.पा. |
| अनुगमन विधिहरू : १ बैठक, २ अन्तर्क्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

## ८.५ वन वातावरण तथा विपद् व्यवस्थापन

| क्र.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वनलाई उत्पादनसँग जोडी फलफूल खेती गर्ने | गा.पा. | ३,४,७ | २ | गा.पा. | गा.पा. |
| २ | जैविक विविधताको संरक्षण | गा.पा. | ३,४,७ | २ | गा.पा. | गा.पा. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जलाधार संरक्षण | जि.स.स. | ३,४,७ | १ | गा.पा. | गा.पा. |
| ४ | जलवायु परिवर्तन | जि.स.स. | ३,४,७ | १ | संघ | संघ |
| ५ | फोहोरमैला व्यवस्थापन | गा.पा. | ३,४,७ | ६ | गा.पा. | गा.पा. |
| ६ | जल उत्पन्न प्रकोप नियन्त्रण | गा.पा. | ३,४,७ | १ | संघ | संघ |
| ७ | विपद् व्यवस्थापन | गा.पा. | ३,४,७ | ५ | गा.पा. | गा.पा. |

अनुगमन विधिहरू : १ बैठक, २ अन्तर्क्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## ८.६ संस्थागत विकास तथा सुशासन

| क्र.सं. | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि* | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | मानव संशाधन विकास | गा.पा. | ३,४,७ | १ | गा.पा. | मानव संशाधन विकास शाखा |
| २ | संस्थागत क्षमता विकास | गा.पा. | ३,४,७ | १ | गा.पा. | मानव संशाधन विकास शाखा |
| ३ | सूचना प्रविधि | गा.पा. | ३,४,७ | १ | गा.पा. | सूचना प्रविधि शाखा |
| ४ | लेखांकन | गा.पा. | ३,४,७ | १ | गा.पा. | आर्थिक प्रशासन तथा योजना शाखा |
| ५ | राजस्व | गा.पा. | ३,४,७ | १ | गा.पा. | राजस्व शाखा |

*अनुगमन विधिहरू : १ बैठक, २ अन्तर्क्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## अनुसूची १ : कार्यक्रमगत त्रिवर्षीय खर्चको स्रोत प्रक्षेपण

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरू | आ.व. २०८१/८२ को विनियोजन | | | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार |
| १ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| १ | आर्थिक क्षेत्र अर्न्तगतका सबै उपक्षेत्रहरूका कार्यक्रम तथा आयोजना | **५३,९९४,५२०** | ५,३७३,६५२ | ३,२१८,१६७ | ४५,१६०,०५९ | **५९,३९३,९७२** | ५,९११,०१७ | ३,५३९,९८४ | ४९,६७६,०६५ | **६५,३३३,३६९** | ६,५०२,११९ | ३,८९३,९८२ | ५४,६४३,६७२ |
| २ | सामाजिक क्षेत्र अर्न्तगतका सबै उपक्षेत्रहरूका कार्यक्रम तथा आयोजना | **३१३५१६५७** | २९४६८४१ | १७६४८०१ | २४७६५१९४ | **३४४८६८२२** | ३२४१५२६ | १९४१२८१ | २७२४१७१३ | **३७९३५५०४** | ३५६५६७८ | २१३५४१० | २९९६५८८४ |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरू | आ.व. २०८१/८२ को विनियोजन | | | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार |
| ३ | पूर्वाधार क्षेत्र अन्र्तगतका सबै उपक्षेत्रहरूका कार्यक्रम तथा आयोजना | **६९६७०३४८** | ७,१०७,०८८ | ४,२५६,२८५ | ५९,७२७,८२० | **७६६३७३८३** | ७,८१७,७९७ | ४,६८१,९१४ | ६५,७००,६०२ | **८४३०११२१** | ८,५९९,५७६ | ५,१५०,१०५ | ७२,२७०,६६२ |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन अन्र्तगतका सबै उपक्षेत्रहरूका कार्यक्रम तथा आयोजना | **१०४५०५५२** | १०४००६२ | ६२२८७१ | ८७४०६५७ | **११४९५६०७** | ११४४०६८ | ६८५१५८ | ९६१४७२२ | **१२६४५१६८** | १२५८४७५ | ७५३६७४ | १०५७६१९४ |
| ५ | संस्थागत विकास तथा सुशासन | **८७०८७९४** | ८६६७१८ | ५१९०५९ | ७२८३८८१ | **९५७९६७३** | ९५३३९० | ५७०९६५ | ८०१२२६९ | **१०५३७६४०** | १०४८७२९ | ६२८०६२ | ८८१३४९५ |

| क.स. | कार्यक्रम तथा आयोजनाहरू | आ.व. २०८१/८२ को विनियोजन | | | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | | | आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार | कुल | आन्तरिक स्रोत | प्रदेश सरकार | संघीय सरकार |
| | अर्न्तगतका सबै उपक्षेत्रहरूका कार्यक्रम तथा आयोजना | | | | | | | | | | | | |

## अनुसूची २ त्रिवर्षीय बजेट सीमाको ढाँचा

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आ.व. २०८१/८२ को बजेट सीमा | | | | आ.व. २०८२/८३ को खर्च सीमा | | | | आ.व. २०८३/८४ को खर्च सीमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुजीगत | वित्तीय व्यवस्था |
| १ | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | ११ | १३ | १४ | १५ | १६ |
| **१. आर्थिक विकास क्षेत्र** | | | | | | | | | | | | | |
| क | कृषि तथा पशुपंक्षी | | | | | | | | | | | | |
| | ............ | | | | | | | | | | | | |
| ख | पर्यटन विकास | | | | | | | | | | | | |
| | .............. | | | | | | | | | | | | |
| **२. सामाजिक विकास** | | | | | | | | | | | | | |
| क | स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | |
| | ............ | | | | | | | | | | | | |
| ख. | खानेपानी तथा सरसफाइ | | | | | | | | | | | | |
| | ............. | | | | | | | | | | | | |
| **३. पूर्वाधार विकास क्षेत्र** | | | | | | | | | | | | | |
| क | सडक तथा यातायात | | | | | | | | | | | | |
| | ............. | | | | | | | | | | | | |
| ख | आवास तथा बस्ती विकास | | | | | | | | | | | | |
| | ............ | | | | | | | | | | | | |
| **४. वन तथा वातावरण क्षेत्र** | | | | | | | | | | | | | |
| क | वन तथा हरियाली | | | | | | | | | | | | |
| | ............. | | | | | | | | | | | | |
| ख | वातावरण व्यवस्थापन | | | | | | | | | | | | |
| | ............. | | | | | | | | | | | | |
| **५. संस्थागत विकास क्षेत्र** | | | | | | | | | | | | | |
| क | नीति, कानुन र सुशासन | | | | | | | | | | | | |
| | ............. | | | | | | | | | | | | |
| ख | स्रोत परिचालन | | | | | | | | | | | | |
| | ............. | | | | | | | | | | | | |